# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ३ अङ्क २ पूर्णाङ्क १०० | २०७५ असार ११ गते सोमबार | Monday, June 25, 2018 | पृष्ठ ८ | मूल्य रु. १०|-


## देजमो कास्की संयोजक भुजेललाई पितृशोक



कास्की । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका संयोजक सन्तबहादुर भुजेललाई पितृशोक परेको छ । संयोजक सन्तबहादुरका बुवा उमबहादुर भुजेलको असार २ गते निधन हुन पुगेको छ । १९८४ बैशाख २० गते जन्मनुभएका पोखरालेखनाथ बेगनास वडा नं. ३१ निवासी भूजेलको ९१ वर्षको उमेरमा निधन भएको हो । एक शोक वक्तव्य जारी गरी दिवंगत भूजेलप्रति श्रद्धाञ्जली व्यक्त गर्दै देजमो कास्कीले शोकाकूल परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गरेको छ ।

### क्रान्तिकारी माओवादीको केन्द्रीय समितिको बैठक १२ असारबाट

# सडक संघर्षको योजना निर्माणमा जोड

● वर्गदृष्टि संवाददाता

काठमाडौं । नयाँ जनवादी क्रान्तिको तयारीमा जुटिरहेको नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) विकसित राष्ट्रिय अन्तर्राष्ट्रिय परिस्थितिको विश्लेषणसहित क्रान्तिको नयाँ रणनीति निर्माणमा जुट्न लागेको छ । यसका लागि क्रान्तिकारी माओवादीले १२ असारदेखि केन्द्रीय समितिको बैठक आव्हान गरेको छ। केन्द्रीय समितिको बैठकको तयारीका लागि पार्टीको स्थायी समिति बैठक र पोलिटव्यूरोको बैठक सम्पन्न भइसकेका छन् । पार्टीको केन्द्रीय समितिको बैठकले अब सडक संघर्षलाई जोड दिने भएको छ ।

०७४ असोजमा सम्पन्न पार्टीको राष्ट्रिय सम्मेलनले स्थानीय, प्रदेश र केन्द्रीय तहका निर्वाचनको क्रान्तिकारी उपयोगको नीति लिएको क्रान्तिकारी माओवादीले निर्वाचन सम्पन्न भएपछि निर्वाचन उपयोगको नीति मूलतः सही रहेको निष्कर्ष निकाल्दै ०७४ पौषमा सम्पन्न केन्द्रीय समितिको बैठकले संगठन विस्तार, सुदृढीकरण तथा जनपरिचालन अभियान सञ्चालन गर्ने निर्णय गरेको थियो ।

'संगठन, संगठन फेरि पनि संगठन' भन्दै संगठनको आवश्यकतामाथि जोड दिंदै पार्टी, संयुक्त मोर्चा र जबस तथा जातीय मोर्चाका संगठनहरूलाई सुदृढ गर्ने र विस्तार गर्ने योजनामा क्रान्तिकारी माओवादीले सिंगो पार्टी पंक्तिलाई परिचालन गरेको थियो । माघदेखि जेठसम्म सञ्चालन गरेको सांगठानिक अभियानको क्रममा क्रान्तिकारी माओवादीले देशैभर पार्टी, देजमो, जनवर्गीय संगठन र जातीय मोर्चाका संगठनका सम्मेलन, भेला, गठन, पुनर्गठन गरी संगठनलाई सुदृढ बनाएको छ भने कतिपय ठाउँमा वडातहसम्म संगठन विस्तार गरेको छ ।

यस अवधिमा क्रान्तिकारी माओवादीले संयुक्त मोर्चाको रूपमा रहेको देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको व्यानरमा राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरूका विषयमा सडकमै उत्रिएर विरोध प्रदर्शनका कार्यक्रमहरू प्रस्तुत गरेको छ । मोदीको नेपाल भ्रमणको बेला मोर्चाले अरुण तेस्रोको शिलान्यासलगायत सम्पूर्ण राष्ट्रघाती सन्धि सम्झौताको खारेजीको माग गर्दै शान्तिपूर्ण रूपमा गरेको विरोध प्रदर्शनको क्रममा मोर्चा अध्यक्ष सीपी गजुरेलसहित देशभरबाट ५४ जना नेता कार्यकर्तालाई ओली सरकारले गिरफ्तार गर्‍यो । मोदीको नेपाल भ्रमणको क्रममा भएको मोर्चाको यो विरोध प्रदर्शन अन्तर्राष्ट्रिय मिडियाहरूमा समेत चर्चाको विषय बन्यो । यसले क्रान्तिकारी माओवादीसँगै देजमोलाई राष्ट्रिय स्वाधीनताको लडाइँको नेतृत्वदायी संगठनको रूपमा स्थापित गर्‍यो ।

यसै अवधिमा क्रान्तिकारी माओवादीले पार्टीको सहायक संगठन क्रान्तिकारी युवा लिग, नेपालको कार्यक्रमलाई विशेष जोड दिएको छ । पार्टीको निर्णय र व्यवस्थापनमा क्रान्तिकारी युवा लिग, नेपालको ३, २, ५ र १ नं. प्रदेशका वैचारिक, राजनीतिक तथा शारीरिक तालिमहरू सम्पन्न भएका छन् । बाँकी प्रदेश र जिल्लामा पनि युवाका कार्यक्रमलाई घनिभूत रूपमा अगाडि बढाउने तयारी गरिरहेको छ । यसै अवधिमा काठमाडौं र बुटवलमा वृहत् युवा मार्चपास सम्पन्न गरिएका छन् । युवाहरूको यो कार्यक्रमले एकातिर आन्तरिक पार्टी पंक्तिमा उत्साहको सञ्चार गरेको छ भने प्रतिक्रियावादी कित्तामा एउटा तरंग उत्पन्न गराएको छ ।

नेपाली कम्युनिष्ट आन्दोलन तथा माओवादी आन्दोलनको क्रान्तिकारी धाराको नेतृत्व गरिरहेको क्रान्तिकारी माओवादी पछिल्लो समय तत्कालीन माओवादी केन्द्र एमालेमा विलय भएपछि नेपालको कम्युनिष्ट आन्दोलनमा क्रान्तिकारी माओवादी नै एकमात्र माओवादी पार्टी रहन गएको छ । र, विभिन्न समूहमा छरिएर रहेका सच्चा कम्युनिष्ट क्रान्तिकारीहरू क्रान्तिकारी माओवादी पार्टीको वरिपरि गोलबन्द हुने प्रक्रियाहरू पनि अगाडि बढिरहेका छन् । कम्युनिष्ट आन्दोलनको लामो र भीषण अन्तर्संघर्ष र वर्गसंघर्षबाट खारिएर आएको नेतृत्वको हैसियतमा पार्टी महासचिव मोहन वैद्य'किरण'ले यस अवधिमा पार्टी एकता तथा ध्रुवीकरणका लागि गर्नुभएको पहल पनि विशेष उल्लेखनीय रहेको छ । महासचिव किरणकै पहलमा नेकपा (विप्लव), मसाल, नेकपा (ऋषि कट्टेल)सँग पार्टी एकलाई लक्षित गर्दै कार्यगत एकतालाई अगाडि बढाउने काम पनि हुँदै आएको छ ।

अहिले क्रान्तिकारी माओवादी नै सबै कम्युनिष्ट क्रान्तिकारीहरूका लागि आशा र विश्वासको केन्द्र बन्दै गएको छ । र, विचार, राजनीति, संगठन र संघर्षका हिसाबले यही पार्टी र नेतृत्वमा सिंगो नेपाली कम्युनिष्ट आन्दोलन, ऐतिहासिक झापा विद्रोह तथा महान दशवर्षे जनयुद्धको बाँकी कार्यभार पूरा गर्ने दायित्व केन्द्रित हुन आइपुगेको छ । यसर्थ पनि क्रान्तिकारी माओवादीलाई नै झापा विद्रोह र महान जनयुद्धको सच्चा ...बाँकी ७ पेजमा

## 'प्रोटोकल'मा हस्ताक्षर नगरी प्रम ओली स्वदेश फिर्ता



काठमाडौं। छिमेकी मित्रराष्ट्र चीनको ६ दिने सद्भावपूर्ण राजकीय भ्रमण सिध्याएर प्रम केपी शर्मा ओलीसहितको प्रतिनिधिमण्डल स्वदेश फिर्ता भएको छ ।

उनलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अति विशिष्ट कक्षमा उपप्रधानमन्त्री तथा रक्षामन्त्री ईश्वर पोखरेल, नेकपाका कार्यबाहक अध्यक्ष माधवकुमार नेपाललगायतले स्वागत गरेका थिए ।

चीन भ्रमणका क्रममा प्रम ओलीले चिनियाँ राष्ट्रपति सी जिनपिङ, प्रधानमन्त्री ली खछ्याङसँग शिखर वार्ता गर्नुका साथै प्रतिनिधि मण्डलसहित भेटघाट र छलफल पनि गरेका छन् ।

प्रम ओलीले भ्रमणका क्रममा केरुङ्ग-काठमाडौं रेलवे, कार्गो यातायात, तिब्बतीयन राजमार्गको उपयोग, तातोपानी र रसुवामा मितेरी पुल पुनर्निर्माण, उर्जा, आर्थिक, प्राविधिक, कृषि तथा अन्य महत्वपूर्ण विषयमा समझदारी गरेका छन् । यी सबैलाई समेटेर राष्ट्रपति सीको उपस्थितिमा चिनियाँ निजी क्षेत्रसँग ९-बुँदे र प्रधानमन्त्री लीसँग १४-बुँदे सहमति पनि गरेर आएका छन् ।

चीन भ्रमणमा जाँदा नेपाली तथा नेपाली विज्ञहरूको चासोका रूपमा अभिव्यक्त लिपुलेकको कुरा प्रम ओलीले उठाएनन् । त्यसै गरी अनावश्यक रूपमा चीन ...बाँकी ७ पेजमा

## आठ विद्यार्थी संगठनद्वारा आन्दोलनका कार्यक्रम घोषणा

### असार २०, २१ र २२ गते आम शैक्षिक हड्ताल गर्ने

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी) लगायत आठ विध्यार्थी संगठनले आइतबार एक पत्रकार सम्मेलन गरी दोस्रो चरणको आन्दोलनका कार्यक्रमको घोषणा गरेको छ ।

घोषित कार्यक्रम अनुसार ०७५ असार ११ देखि १६ सम्म प्रचार प्रसार, अपिल वितरण, प्रधानमन्त्री लगायत मन्त्री र पार्टी नेतासँग छलफल, भेटघाट र ज्ञापन पत्र बुझाउने, असार १७ गते प्रदर्शनीमार्गमा सडक कक्षा सञ्चालन गर्ने, असार १८ गते काठमाडौंको माइतीघर मण्डला र देशको सम्पूर्ण जिल्लाको सदरमुकाममा आँखामा पट्टी बाँधी सिठ्ठी जुलुस गर्ने, असार १९ गते मसाल जुलुस गर्ने र असार २०, २१ र २२ गते देशव्यापी आम शैक्षिक हड्ताल गर्ने आदि रहेका छन् ।

शिक्षा क्षेत्रमा भएको निजीकरण, व्यापारीकरण र माफियाकरणको अन्त्यको लागि भन्दै आठ विध्यार्थी संगठनहरूले ...बाँकी ७ पेजमा

## एसईईको नतिजा : ओर्लदो लेटर ग्रेडिङ

काठमाडौं । राष्ट्रिय परीक्षा बोर्ड सानो ठिमीले एसईई परीक्षाको नतिजा प्रकाशित गरेलगत्तै शिक्षाविद्हरूले यस वर्षको एसूईई परीक्षा नतिजामा लेटर ग्रेडिङ घटेको बताएका छन् । लेटर ग्रेडिङका बारेमा परीक्षार्थी विद्यार्थीहरूलाई नै राम्रोसँग जानकारी नभएपछि उनीहरूले यसको महत्व बोध नै गर्न नपाएको उनीहरूको भनाइ छ ।

सुरुमा ग्रेडिङका बारेमा विद्यार्थी तथा अभिभावकहरूको जत्तिको आकर्षण थियो, त्यो पछि आएर रहन सकेन । शिक्षाविद् धनप्रसाद वाग्लेका अुसार २०७३ असार २ गतेका दिन सरकारले सार्वजनिक गरेको ग्रेडिङ प्रणाली पछि आएर २०७३ असोजमा गरिएको ग्रेडिङ प्रणाली भन्दा राम्रो थियो । त्यसमा अंग्रेजी, गणित र विज्ञानलाई महत्व दिइएको थियो । पछिल्लो सुधारपछि त त्यो पनि रहेन ।

अहिले विद्यार्थी, अभिभावक तथा शिक्षकमा पनि यसको महत्वबोध हुन छाडेको बताइन्छ । विद्यार्थी यसको पहिलो सरोकार राख्ने पक्ष हो, उसैलाई पनि पास भइहालिन्छ के भो र ? भन्ने पर्न गएकाले मेहनत गर्न छाडिएको ...बाँकी ७ पेजमा

## ओली सरकार सिन्डिकेटका अगाडि लम्पसार



काठमाडौं । यही साउन १ गतेदेखि लागू हुने भनिएको नयाँ यातायात व्यवस्था सिण्डिकेटवाला व्यवसायीहरूले कम्पनी दर्ता नगरेपछि तुहिन पुगेको छ । यो कुरा सरकारका भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सहसचिव केशवकुमार शर्माले 'यातायात समितिलाई कम्पनी मोडलमा दर्ता गराउन असम्भव भएको' बताएपछि सिन्डिकेट नहट्ने पक्का भएको छ ।

सुन्ददा निकै राम्रे लाग्ने गरी सार्वजनिक यातायात क्षेत्रलाई सीमित यातायात व्यवसायीको नियन्त्रणबाट बाहिर निकाल्न भन्दै सरकारको यातायात व्यवस्था विभागले गत चैत्रमा एक उधुम मच्चाएको थियो । सार्वजनिक यातायातका नाममा संस्थादर्ता भएका यातायात व्यवसायीहरूलाई अब आइन्दा कम्पनी ऐनमा दर्ता गरेमात्र सवारी रुट इजाजत दिने डङ्का पिट्यो । यसलाई नयाँ नीतिको जामा पहिर्याइयो । र, भनियो यो नै समाजवाद निर्माणतिरको यात्राको सुरुआत थियो ।

नयाँ जोगीले धेरै खरानी घसेपछि त्यसलाई बल पुग्ने गरी गत वैशाखमा सरकारी यातायात व्यवस्था विभागले असार मसान्तदेखि संस्था ऐनअनुसार दर्ता भएका यातायात सबै खारेज गर्ने ...बाँकी ७ पेजमा

## 'नेताहरू नै माफिया' : डा. के.सी.



काठमाडौं । नेपालको शैक्षिक क्षेत्र माफियाकरण नहोस् भनेर बारम्बार आमरण अनसन बस्दै आएका डा. गोविन्द के.सी.ले नेताहरू नै माफिया भएको ठोकुवा गरेका छन् । उनले, त्यसैले, माफियाअनुकूल चिकित्सा शिक्षा ऐन बनाउन सरकार लागि परेको खुलासा पनि गरेका छन् ।

शनिवार डा. के.सी.ले जनता र विद्यार्थीमुखी ऐन आउनु पर्नेमा माफियामुखी ऐन आउन लागेको भन्दै त्यसको कडा आलोचना गरेका छन् । सरकारले हाल अघि बढाएको चिकित्सा शिक्षा अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक तत्काल ल्याउन पनि माग गरेका छन् ।

लोकतान्त्रिक गणतन्त्र आएको वर्तमान अवस्थामा सभा, सम्मेलन, भेला, प्रदर्शन तथा विरोधका कार्यक्रमहरू गर्न नपाऊन् भन्ने उद्देश्यले सरकारले निस्चित ठाउँ र बन्देजका सीमाहरू तोकेको हालको अवस्था कायम राखिन नहुने भनदै डा. के.सी.ले यथाशिघ्र यसको उल्लङ्घन गर्नु पर्ने कुरामा जोड दिए ।

माइतीघर मण्डलामा शनिवार आयोजित प्रदर्शन कार्यक्रमलाई सम्बोधन गर्दै डा. के.सी.ले आफूले १४ पटकसम्म निरन्तर अनसन बसेर पनि यो सरकारले गरेको सहमति विपरीत आएको अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक तत्काल ल्याउन माग गरेका छन् ।

'देश माफियाहरूले चलाइरहेका र माफियाको इन्ट्रेस्टविना कुनै पनि काम नहुने अवस्थामा देश गइसकेको' भन्दै केसीले राजनीतिक दल र त्यसमा आवद्ध जनताका छोराछोरीले बेलैमा सोच्नुपर्ने बताएका ...बाँकी ७ पेजमा

## समृद्धिको लफ्फाजी र सरकारको गति

नेपालमा सम्पन्न भएका पछिल्ला निर्वाचनहरू, खास गरेर सङ्घीय संसदको निर्वाचनताका समृद्धि शब्द (पदावली)को व्यापक प्रयोग भएको छ, त्यसको चर्चा परिचर्चा बढ्दो क्रममा रहेको छ । त्यसो हुनुका पछाडिको कारणमा तत्कालीन नेकपा एमाले र माके गठबन्धनले जारी गरेको निर्वाचन घोषणापत्रको मुख्य नाराअन्तर्गत परेको शब्दावली भएकाले र उक्त गठबन्धनले बहुमत प्राप्त गरेर सरकार बनाएपछि ल्याइएको नीति तथा कार्यक्रममा सुख र समृद्धिलाई नै केन्द्रीय विषयवस्तु बनाइएकाले गर्दा हो । समृद्धिलाई अङ्ग्रेजीमा 'प्रोस्पेरिटी' भनिन्छ भने नेपालमा त्यसका पर्यायवाचीका रूपमा वैभव, ऐश्वर्य र समुन्नति जस्ता पदावलीहरू प्रयोग गर्न सकिन्छ । यस अर्थमा समृद्धिले देश र समाजमा सुखसयलको जगजगी नै कायम गराउँदछन् । त्यसअर्थमा समृद्धि अति नै राम्रो र सकारात्मक कुरो पनि हो । तर दुईतिहाई बहुमत कायम भएको सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रम, वार्षिक बजेट र उसले अवलम्बन गरेका अन्य क्रियाकलापहरूले त्यो (समृद्धि) को विषय फगत लफ्फाजीबाहेक केही होइन भन्ने प्रमाणित भएको छ ।

**देशहरूलाई अवलोकन गर्दा के कुरा बुझ्न र देख्न सकिन्छ भने उनीहरूले आफ्नो देशको राष्ट्रिय सुरक्षा र निर्दिष्ट लक्ष्य हासिल गर्नका लागि एउटा प्रष्ट खाका (ब्लुप्रिन्ट) तयार पारेर अगाडि बढेका छन्**



● परि थापा ●

विश्वमा अहिले विकसित र समृद्ध भनिएका र मानिएका अथवा विकास र समृद्धिका दिशामा द्रूतगतिमा अगाडि बढिरहेका देशहरूलाई अवलोकन गर्दा के कुरा बुझ्न र देख्न सकिन्छ भने उनीहरूले आफ्नो देशको राष्ट्रिय सुरक्षा र निर्दिष्ट लक्ष्य हासिल गर्नका लागि एउटा प्रष्ट खाका (ब्लुप्रिन्ट) तयार पारेर अगाडि बढेका छन् । त्यसका साथै आफ्नो देशमा उपलब्ध भएका सम्पूर्ण प्राकृतिक स्रोतसाधन एवम् मानवीय संशाधनको भरपूर रूपमा बहुआयामिक उपयोग गर्ने नीति तय गरेर त्यसको व्यवहारतः कार्यान्वयन गरेका छन् । त्यसका अतिरिक्त आफूसँग नभएका र उपलब्ध हुन नसक्ने स्रोत, प्रविधि र जनशक्तिलाई कसरी भित्र्याउने र व्यवस्थापन गर्ने भन्ने दीर्घकालीन योजना बनाएर कार्यान्वयन गरेका छन् । तर, नेपालको राज्य र अहिलेसम्म बनेका सरकारहरू जसमा वर्तमान सरकारसमेत् पर्दछन्- देशको राष्ट्रिय सुरक्षा र विकाससँग सम्बन्धित बहुआयामिक विषय र पक्ष समेटिएको खाका (ब्लुप्रिन्ट) प्रस्तुत गर्ने झन्झट गर्न चाहेको देखिएन ।

देश र राज्य विकसित र समृद्ध बन्नु र बनाउनु पर्दछ । जनता र समाज वैभवशाली र समुन्नत बन्नु र हुनुपर्दछ र त्यसको अनुभूत जीवन र व्यवहारमा हुनुपर्दछ । त्यस्तो भएमा नेपाल पनि विश्वको मानचित्रमा एउटा शक्तिशाली देश र राज्यको रूपमा अभ्युदय भएर आफ्नो दबदबा कायम राख्ने अवस्था सिर्जना हुनेछ । ...बाँकी ७ पेजमा

## सम्पादकीय

### द्वन्द्वकालका मुद्दा

# पीडितलाई न्याय हुने गरी फैसला गर

नेपालमा चलेको दशवर्षे द्वन्द्व कालमा भए/गरिएका मानवअधिकार उल्लङ्घनका घटनाहरू टुङ्गो लगाउन अझै पनि बाँकी रहेको छ । सङ्क्रमणकालको अवधिमा यो मुद्दा टुङ्गो लाग्न सकेन । त्यस बेलामा गठित सत्य निरूपण तथा मेलमिलाप आयोगले पीडित तथा पीडकहरूको नामावली सङ्कन गर्ने काम त गऱ्यो । तर यो आयोग न त शक्तिशाली भयो, न त कार्यकारी नै ।

बरु यो आयोगमाथि लगातार अविश्वास र लाञ्छनाको वर्षा भइ नै रहे । मानिसहरूमा आयोगले काम गर्न सक्ला भन्ने विश्वास नै भएन । हरेक मुद्दाहरू सडकमा ल्याइए । एक पक्षले अर्काको विरोध गर्ने र दोहोलो काढ्ने कामहरू भए । कतिपयले यस प्रक्रियालाई जटिल बनाउन थाले । मुद्दा नटुङगिएर लम्बिइ राखेमा आफू र आफ्नो भविष्य देख्न थाले । यो आयोगलाई नितान्त कानूनी आयोगको काममा कैद गर्न उक्साए । जब कि यो आयोग राजनीतिक मुद्दा उठेपछि समाधान नभएर भएको द्वन्द्वमा भएका मानवअधिकार उल्लङ्घनका कुराहरूको समाधानार्थ घरेलु रूपमा निर्माण गरिएको आयोग थियो । यो नियमित आयोग पनि थिएन र यसका कामकार्य स्थायी पनि थिएनन् । यो सङ्क्रमणकालको विशेष समयमा गठन भएको आयोग थियो ।

अरु कतिपयले क्षेत्रीय तथा अन्तर्राष्ट्रिय अदालतहरूमा द्वन्द्वकालिन मुद्दाहरूलाई भजाउन प्रयास पनि गर्न थाले । केही विद्वत तथा विज्ञहरूले अन्तर्राष्ट्रिय न्यायालयमा पुगेर वा मुद्दा पुऱ्याएर हारगुहार्न पनि गर्न थाले । तात्कालिन सरकार वा द्वन्द्वमा सम्बन्धित कसैलाई पनि अत्तोपत्तो नै नदिई अन्तर्राष्ट्रिय अदालत हेगमा मुद्दा ओसार्न थाले ।

विभिन्न प्रवृत्तिहरू जानेर, नजानेर वा उस्काइएर 'न्याय दिलाउने' र 'न्याय मर्न नदिने' नाममा यस्ता कामहरू गर्न थाले । यो द्वन्द्वको उत्तरार्धमा भएको द्वन्द्व पुनर्जीवित गर्ने काम जस्तो हुन पुग्यो । जनता जो वास्तविक द्वन्द्वको पीडा भोगेका थिए र सत्य निरूपण तथा मेलमिलापद्वारा समस्याको समाधान चाहन्थे, उनीहरू यो कार्यबाट कोशौं टाढा रहन गए । द्वन्द्वकालिन मानवअधिकारको उल्लङ्घनको घटना द्वन्द्वमा नै समावेश नभएकाहरूको कमाइ खाने भाँडो पनि बन्न पुग्यो ।

अहिले सापेक्ष स्थिर सरकार गठन भएको छ । संविधान निर्माण भइसकेपछि र सरकार बनिसके पछि सङ्क्रमणकालको एक प्रकारले त अन्त्य नै हुन गएको पनि छ । तथापि मानवअधिकारसम्बन्धि बाँकी रहेका द्वन्द्वकालका मुद्दाहरू टुङ्गो लगाउन अझैं बाँकी रहेकाले यसलाई विशेष अदालतबाट टुङ्ग्याउने सरकारले पहल गरिरहेको छ । यसका लागि विधेयक पारित गरी आवश्यक ऐननियम तर्जुमाको आवश्यकता पर्छ । पहिले निर्माण गरिएको 'बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन' लाई 'सङ्क्रमणकालिन न्याय' भनी संशोधन गर्ने भनिएको छ । यसका साथै, 'सङ्क्रमणकालिन न्याय विशेष अदालत' मार्फत् त्यतिबेला भए गरिएका तर हाल मात्र खुल्न आएका मुद्दाहरू पनि टुङ्गो लगाउने भनिएको छ ।

प्रस्तावित मसौदामा मुद्दामा कसुरदार ठहरिएमा सात लाखसम्म जरिवाना र बढीमा तीन वर्षसम्म कैद हुने व्यवस्था पनि गरिएको छ । यसका साथै कसुरदारले माफी मागेमा, क्षमा याचना गरेमा, यथार्थता जानकारी गराएमा तोकिएको कसुर कम गर्न सकिने व्यवस्था पनि गरिएको छ ।

यसका साथै द्वन्द्वकालमा सरकारका स्थायी अदालतहरूमा परेका द्वन्द्वका घटनासँग सम्बन्धित मुद्दाहरू पनि विशेष अदालतमा झिकाएर फैसला गरिने बताइएको छ । बताइए अनुसार सङ्क्रमाकालिन न्यायसम्बन्धी ऐनको मस्यौदामा उक्त कुराको चर्चा गरिएको छ ।

यी सबै कामहरू द्वन्द्वकालमा घटे/घटाइएका घटनाहरूको बारेमा परेका मुद्दा वा उजुरीका आधारमा गरिने छ । अभियोगको गाम्भीर्यता, वातावरण, उमेर, आर्थिक स्थिति, अदालती प्रक्रिया, ऐनले गरेको व्यवस्था आदिलाई निर्णयाधारका रूपमा लिइने छ ।

पीडितहरूलाई न्यायको प्रत्याभूति हुने गरी न्याय दिलाऊ ।

## लेखकहरूमा अनुरोध

१. यस वर्गदृष्टि साप्ताहिक तथा मूलबाटो डटकमका लागि लेख/रचना पठाउँदा एक हजार शब्दमा नबढाइकन आफ्नो लेख/रचना पठाइदिनु हुन,
२. कम्प्युटर टाइप गरी पठाउँदा शुक्रबारसम्म र हस्तलिखित पठाउँदा बुधबारसम्म पत्रिकाको कार्यालयमा वा इमेलमा पठाइदिनु हुन,
३. सकेसम्म छोटा र सरल वाक्य प्रयोग गरिदिनु हुन हार्दिक अनुरोध छ।

**सम्पादन विभाग, वर्गदृष्टि मिडिया**

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।
www.moolbato.com

# पार्टी केन्द्रीय समिति बैठकको ऐतिहासिकता



हुकुमबहादुर सिंह

यही असार १२ गतेबाट पार्टीको केन्द्रीय समितिको बैठक बस्दै छ । २०७४ असोजमा सम्पन्नपार्टीको राष्ट्रिय सम्मेलन पछिको यो दोस्रो केन्द्रीय समितिको वैठक पार्टीप्रतिको कार्यकर्ता तथाजनताको आशावादमा देखिएको बृद्धिलाई क्रान्ति र परिवर्तनमा आवश्यक भौतिक शक्तिमा कसरी रूपान्तरण गर्ने र पार्टीबाहिरबाट आएका र आउन सक्ने अनगिन्ति चुनौतीहरूसित कसरी सामनागर्ने रणनीति विकासमा केन्द्रीत रहने निश्चित छ। किनभने त्यस समयदेखि अहिलेसम्म आइपुग्दा पार्टीभित्रका आम नेतादेखि कार्यकर्तास्तरसम्म तुलनात्मक रूपले पार्टीको सैद्धान्तिक, वैचारिक तथा राजनीतिक स्पष्टता र बुझाइमा एक रूपता देखिएको छ र पार्टीको सङ्गठनात्मक अवस्थामा पनि जनस्तरसम्म केही विकास र सुधार आएको छ । यद्धपि यो क्रान्ति र परिवर्तनका लागि आफैमा काफी छैन । तै पनिदेशको राजनीतिक स्थितिको र त्यसमा देखिएका राजनीतिक दलहरूबारेको खासगरी प्रचण्ड नेतृत्वको माओवादी केन्द्रको एमालेमाझ भएको विलयबारे, पार्टीको विश्लेषण जनताअन्य राजनीतिक दल तथा बुद्धिजीवीहरूले सही ठहऱ्याएका छन् । नेकपा(क्रान्तिकारी माओवादी) सैद्धान्तिक, वैचारिक तथा राजनीतिकहिसावले र त्यसको उच्च नेतृत्वप्रतिको आशावाद जनतामा कायम देखिएको छ तर जनताको चेतनास्तरलाई र अधिकांश बुद्धिजीवीहरूको सत्ता र सरकारप्रतिको मोहलाई ओली-दाहालले संसदवादीदक्षिणपन्थी संशोधनवादमाउपयोग गर्न सफल देखिएका छन् ।

यसरी नेपाली कम्युनिस्ट आन्दोलनको आजको सबैभन्दा मुख्य समस्या हो : संदवादमा फसेको दक्षिणपन्थी संशोधनवादको चौतर्फी बिगविगी। संदवादमा फसेको दक्षिणपन्थी संशोधनवाद नेपालमा अहिले रूप र संख्यामा अत्यन्त शक्तिशाली देखिएको छ । यसका पछाडिको प्रमुख कारण (१)२०२८ सालको झापा सशस्त्रविद्रोहको उच्च नेतृत्व र २०५२ सालको माओवादी जनयुद्धप्रतिको एउटा ठूलो विचलन र विश्वासघातको नेतृत्व दाहाल र भट्टराइले गरेका छन ।(२) संदवादमा फसेका दक्षिणपन्थी संशोधनवादहरूले जनतामा बाडेको 'समृद्धि' र 'समाजवाद'को सपना । (३) क्रान्तिकारी कम्युनिस्टहरू खासगरी माओवादीहरू आपसमा विभाजित भइरहनु । (४) क्रान्तिका मित्र राजनीतिक शक्तिहरू- मोहनविक्रम सिंहको नेतृत्वको मसाल र विप्लव नेतृत्वको नेकपामा विद्यमान अस्वाभाविक र असान्दर्भिक अन्तरविरोध बढ्दै जानु । यहाँ अस्वाभाविक र असान्दर्भिक किन भनिएको हो भने यी पार्टीहरूले उनीहरू र अन्यदुई पार्टी-नेकपा(क्रान्तिकारी माओवादी) र कट्टेलको नेतृत्वको नेकपाबीचको कार्यगत एकतालाई आ-आफ्नो गुटगत स्वार्थमा उपयोग गर्न खोजे । यसका पछाडि सारमा रहेको अन्तरविरोध विप्लव नेतृत्वको नेकपामा मौलाउँदै गएको व्यक्तिवादी अहङ्कारवाद, आर्थिक आरजकतालाई क्रान्ति र परिवर्तनको जामा लगाउने विगतदेखिको गलत ट्रेन्ड र त्यसैमा रमाउन चाहने युवाहरूको निम्न पुँजीवादी प्रवृति । मोहनविक्रम सिंहमा रहदै आएको मनोगतवादी र सङ्कीर्णताको दलदलमा फसेर संयुक्त मोर्चा र कार्यगत एकतालाई हेर्ने रूपमा क्रान्तिकारी तर सारमा दक्षिणपन्थी सामन्ती प्रवृत्ति कायम छ ।

क्रान्तिकारी धारको निर्माणमा लागेका दलहरूलाई गद्दार, दलाल, अराजकतावादी आदि देख्ने उनको विगतदेखिको प्रवृत्ति । यो प्रवतिअहिले २०५२ सालदेखि नेकपा(एमाले)को पुच्छर समातेर संसदमा सहभागिताको संसदवादी प्रवृतिमा रूपान्तरित भएको छ। अहिले आएर त्यसले एमालेका केपीओलीलाई राष्ट्रवादी प्रमाणित गर्न कसरत गरिरहेको छ । नेपाली कांग्रेसभित्रका संघीयता विरोधीहरूलाई राष्ट्रवादी देखिरहेको छ। एमाले र माकेको एकतालाई कम्युनिस्ट एकता भनिरहेको छ । लोकतान्त्रिक गणतन्त्रलाई महान् उपलब्धी बताइरहेको छ र नेपालको संविधान २०७२ लाई एउटा जनवादी संविधानका रूपमा जस्तैगरी स्वागत गरिरहेको छ । केबल संघीयता उसका लागि अपाच्य बनेको छ । उसले अहिले प्राप्त उपलब्धिहरूको रक्षालाई जोडतोडका साथ महत्व दिइरहेको छ । प्रचण्ड-बाबुराम-ओलीजो झापा र जनयुद्धको नेतृत्व गर्दा महत्वाकांक्षी, सत्तालिप्समा लागेका, निम्नपुँजीवादी, उग्रवादी थिए तर अहिले संदवादमा फसेको दक्षिणपन्थी संशोधनवादीतिनीहरू उनका लागि मित्र बनेका छन् । अहिले फेरि उनका लागि नेकपा(क्रान्तिकारी), नेकपाहरू अराजक र उग्रवादी बनेका छन् । यसरी एमाले, माकेबाट बनेको नेकपा र मसालको लगनगांठो बलियो बन्दै छ तर मोहनविक्रमको मनोगतवादी र सङ्कीर्ण चरित्र र प्रवृतिका कारण उनको यो लगनगांठोपनिउनको सरकारमा सरहभातिको चाहना कतिसम्म तिनीहरूले हलगरिदिने छन्, निर्भर रहने छ । मोदीको भ्रमणको समयमा उनले नेकपा( क्रान्तिकारी माओवादी) र नेकपाहरूसितको कार्यगत एकतालाई तोड्न जति हतार गरे, त्यसले उनी ओली-प्रचण्डलाई खुशी बनाउन कति चाहन्छन् भन्ने सन्देश दिन्छ । अहिले जे होस नेकपा(क्रान्तिकारी माओवादीं)ले यी दुई प्रवृतिका विरुद्ध निर्ममतापूर्वक संङघर्ष गर्दै उनीहरूमा संसदवादको विरोध र क्रान्तिका लागि विद्यमान सकारात्मक पक्षहरूलाई उपयोग गर्ने प्रयास गर्नै पर्दछ । पछिल्लो समयमा आएर मोहनविक्रम सिंहको नेतृत्वको मसाल र विप्लव नेतृत्वको नेकपा बीचमा एक आपसमा भौतिक कारबाही गर्नेसम्मका धम्कीहरू एकआपसमा देखिन थालेका छन् । यो कार्यगतएकतालाई ध्वस्त बनाउने गम्भीर कार्य हो । यसले भावी क्रान्तिलाई नकारात्मक असर र ओली-दाहाललाई फाइदा पुग्ने छ ।

> **क्रान्तिकारी धारको निर्माणमा लागेका दलहरूलाई गद्दार, दलाल, अराजकतावादी आदि देख्ने उनको विगतदेखिको प्रवृत्ति । यो प्रवृति अहिले २०५२ सालदेखि नेकपा (एमाले)को पुच्छर समातेर संसदमा सहभागिताको संसदवादी प्रवृतिमा रूपान्तरित भएको छ**

दक्षिणपन्थी संशोधनवादको उत्पत्ति र विकास नेपालमा सर्बप्रथम मनमोहन अधिकारी, केशरजंग रायमाझी, तुल्सीलाल अमात्य आदिले पुष्पलाल श्रेष्ठको नयाँ जनवादीक्रान्तिका विरुद्ध राजावादी तथा ख्रुश्चेभी नवसंशोधनवादी लाइनसित आत्मसमर्पण गरेर भएको हो । यख्पि २०२८ सालको झापा विद्रोह, जो १९६६को चीनियाँ सर्वहारा सांस्कृतिक क्रान्तिको आलोकमा चलेको नक्सालवादी सशस्त्र किसान विद्रोहको प्रभावमा भएको थियो-दक्षिणपन्थी संशोधनवादका विरुद्धको बलियो झापड थियो । त्यसैगरी २०५२सालको माओवादी जनयुद्ध मोहनविक्रम सिंहको वैधानिक जनआन्दोलनको गोलचक्करलाई तोडेर नेपालमा सर्वहारा वर्गको नेतृत्वमा नयाँ जनवादी क्रान्तितर्फ महान् उद्घोष थियो । यो सही हो २०२८ सालको झापाविद्रोह नेतृत्व गर्ने ओली-खनाल-नेपालहरू र २०५२सालको माओवादी जनयुद्धको कमाण्डर भनिएकाहरू-दाहाल-भट्टराई-बादलहरू सबै लोकतान्त्रिक संविधानको कार्यान्वयनका अहिले सारथी बनेका छन् र दाहाल-बादलहरू त ओली-खनाल-नेपालहरूमा बिलय भएका छन् । यद्यपि त्यहाँ अहिले झापाविद्रोहका सहिदहरूको सपनाका कुरा रमाओवादी जनयुद्धका सहिदहरूका सपनाका कुरा सम्झने समय छैन् । छ त केबल सरकारमागएर 'समृद्धि' र 'समाजवाद'को सपना बाँडेर देशको ढुकुटी रित्याउने मात्रै सपना बोकिएको छ । र सिंहदरवारको अधिकार गाउँगाउँमा भन्दै सिंहदरवारको भ्रष्टाचार गाउँगाउँमा पुऱ्याउँदै छन् । डोजर उनीहरूका लागि एउटा बलियो भ्रष्टाचारको साधन बनेको छ ।

देशको यस्तो अवस्थामा अब पार्टीको काम जनताका बीचमा कसरी पार्टी, क्रान्तिलाई स्थापित गर्दै विकास गर्ने हो, त्यसमा रहने छ । जसका लागि माओका तीन जादुगरी हतियार -पार्टी, मोर्चा र सेनाको निर्माण र विकास हो । नयाँ तरिकाले नयाँ सर्वहारावर्गीय क्रान्तिको रक्षा र विकास हो । यसैमा अहिलेको केन्द्रीय समितिको बहस आवश्यक र जरुरी दुवै भएको छ । २०७४ असोजमा सम्पन्न पार्टीको राष्ट्रिय सम्मेलनले यसबारे लिएका सैद्धान्तिक, वैचारिक र नीतिगत कुराको ठोस कार्यान्वयनको खाका कोर्न यसले नेतृत्वलाई दिशानिर्देश गर्नु पर्ने छ । यसो भएमा पार्टीप्रतिको कार्यकर्ता तथा जनताको आशावादमा देखिएको वृद्धिलाई क्रान्ति र परिवर्तनमा आवश्यक भौतिक शक्तिमा रूपान्तरण गर्न र पार्टी बाहिरबाट आएका र आउन सक्ने अनगिन्ती चुनौतीहरूसित प्रभावकारी रूपले सामना गर्न सकिने छ । संदवादमा फसेका दक्षिणपन्थी संशोधनवादहरूले जनतामा बाडेको 'समृद्धि' र 'समाजवाद'को सपना केबल सपनामात्रै हो र यसको प्राप्ति सर्वहारावर्गको नेतृत्वमा सर्वहारावर्गको अधिनायकत्वमा मात्रै सम्भव छ भन्ने ठोस सन्देश दिन आवश्यक छ । यसका लागि पार्टी केन्दीय समिति एक ढिक्का भएर भावी क्रान्तिलाई प्रभावकारी रूपले नेतृत्व गर्न सफल रहने छ। यसैमा पार्टी केन्द्रीय समिति बैठकको ऐतिहासिकता रहने छ ।

## झर्रोटर्रो

कैलुब्राह

# लङ्का साध्ने हनुमान पगरी गुथ्ने ढेँडु

यतिखेर सात समुन्द्र पारी वरल्ड कप भकुण्डो हान प्रतियोगिता चलिरहेको छ । त्यसको रौनक सबैभन्दा बढि हाम्रो देशाँ परेको छ । किनकि यतिखेर प्रत्येक नेपाली मनुखेले 'दिनको भोक र रातको निन्द्रा' त्यागेर ज्यूज्यानको मायाँ मारेर वरल्ड कप भकुण्डो खेलिरहेका छन् । यो हामी नेपाली मनुखेका लागि सबैभन्दा खुसीको कुरो हो । त्यसमा पनि अझ महाखुसीको कुरो त वरल्ड कपमा खेल्ने देश सबै हाम्रा मुलुक भित्र हुनु हो । हाम्रो देशाँ के छैन ? ब्राजिल, अर्जेन्टिना, उरुग्वे, पोर्चुगल, स्पेन, नेदरल्याण्ड, स्वीजरल्याण्ड, जर्मन, फ्रान्स, अष्ट्रेलिया, मेक्सिको, नाइजेरिया आदि इत्यादि वरल्ड कप खेल्ने सबै मुलुक जति हाम्रै देशका प्रत्येक टोलटोलमा छन् । वरल्ड कप भकुण्डो हान्ने खेलाडी पनि हाम्रै टोलमा छन् । उता खेल्न गएका खेलाडी र दर्शकहेरू त हाम्रा मुलुकका खेलाडी र दर्शकका आत्मा जस्तै लाग्चन् । ती त सबै नक्कली जस्ता । सक्कली खेलाडी र दर्शक त यहीँ बसेर खेलिरहेका छन् र हेर्नेहर्ले पनि हेरिरहेका छन् जस्तो पो लाग्छ । बाफ रे बाफ रे बाफ !

हाम्रो देशका प्रत्येक गाउँघर र टोलटोलमा उता वरल्ड कप खेल्ने खेलाडीका नम्बर सहितका जर्सी भिरेका खेलाडी भेटिन्चन् । कोई ब्राजिल पक्षका, कोई अर्जेन्टिनाका, कोई जर्मनी, कोई मेक्सिकाने, कोई अष्ट्रेलिएन इत्यादि इत्यादि । चिया पसलदेखि दारू पसलसम्ममा विभिन्न देशका खेलाडीका जर्सी विक्रि गर्न राखेका छन् । कपडा र फेन्सी पसलमा त झन् अधिकारकै कुरो भो । औषधी पसल र किताव पसलमा समेत रक्सी बेच्ने देश परो हाम्रो । जर्सीका टाला नपाइने कुनै ठाउँ छैन । रङ्गीविरङ्गी जर्सीका टाला जतातत्तै छ्याप्छ्याप्ती । सय पचास पर्ने टालालाई पाँचसात सय र हजार पन्ध्र सयसम्ममा विक्रि गरेकै छन् । दुकानवालाहर्ले मालामाल हुने यै बेला हो भन्दै जर्सीका टाला बेचेकै छन् । उनीहर्को ब्यापार भरेली परेकै छ । सिजन सिजनको ब्यापार गर्न हाम्रो देशका ब्यापारी माहिरै छन् । अब साउन लाग्न थालो । जतातत्तै हरिया चुरा र हरिया सारी छ्याप्छ्याप्ती हुन्चन् । त्यसपछि तिहारमा पलाष्टिकका झिलझिले माला पटाकाको ब्यापार, होलीमा अविर र रङको ब्यापार त फलेकै हुन्च । यो हो पुँजीवादको करामत । विकास भएकै छ । यसैले समाजवाद त आइहाल्ने भो । झन् त्यसमा पनि कम्निसको सरकार छ ।

सात समुन्द्र पारी वरल्ड कप खेल्नेहरू त अलोकतान्त्रिक र असमावेसी पो रैचन् । त्यही भएर खेलाडी पनि भाले जातिका मात्रै छन् । त्यो पनि टिनएजरदेखि गधापच्चीसे नाघेका मात्रै छानेका रछन् । हाम्रो देशमा त भरखरै लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ । त्यसै अन्सारको संविधान पनि लेखेर लाहाछाप लगाएर ड्याम्म लागू भएको छ । हामी त संसारमै सवैभन्दा लोकतान्त्रिक र समावेसी छौं । त्यसैले हाम्रोमा त खेलाडी पनि दुधे बच्चादेखि पिण्ड खाने उमेरका बुढासम्म र भाले पोथी दुबै जातका समावेसी छन् । हाम्रो सरकारै समाजवाद लागू गर्ने सरकार परो । यहाँ कसैलाई भेदभाव छैन । अहिलेको वरल्ड कपमा रङ्गीविरङ्गी जर्सी लगाएकाहर्लाई हेर्दा त समाजवादै लागू भएको भने पनि हुन्च ।

हाम्रो देशै अरूको फलो गर्ने परो । दलका नेतादेखि सरकारसम्म सबै फलो गर्नमा माहिर छन् । केही दिन अगाडि हाम्रो रोटीबेटीका देशबाट त्यहाँका पर्धानमन्तरी गुज्जर भैयूया हाम्रो देशाँ आए । जनकपुरमा आएर उनले एक लाइन बाक्य नेपाली भाषामा भाषण थर्काएर हामीलाई कृतकृत्य बनाए । यसपाली हाम्रा पर्धानमन्तरी उखानपर्साद पनि चाइना गएर एक लाइन बाक्य चाइना भाषामा भाषण थर्काए। अनिल कपुरले फिलिममा एकदिने मुख्यमन्तरी बनेर बजार अनुगमन गरेर ठाउँका ठाउँ कारबाही गरेको देखेर हाम्रा गोरखाली डाक्टर पर्धानमन्तरी भएका बेला मुगलीङ र मलेखुतिरका होटेल नीरिक्षण गरेर चटक देखाए । उता फिलिममा अनिलले जस्तै यता डाक्टर पर्धानमन्तरीले पनि जनतासँग सिधा कुरा गरेर गुनासो सुने । अहिलेको सरकारका पुलिस मन्तरी, जङ्गल मन्तरी, खेतिपाती मन्तरी र उद्योग मन्तरीले पनि सडकमा, खेतमा र उद्योगमा गएर ठाउँका ठाउँ कारबाही गर्ने धाकधम्की लगाए । वरल्ड कप भकुण्डो हान खेलको खेतिपाती पनि त्यस्तै हो । विचरा हाम्रो देशका खेलाडीले वरल्ड कप खेल्न पाउने त के खेलेको पर्तक्ष हेर्न पनि यो जुनीमा मुस्किलै छ । त्यै भ'र उता खेल्दा यता जर्सी लाएर टोलटोलमा टिभी हेर्दै बाजी थापेर भए पनि खेल्चन् । भकुण्डो र मुख मिठ्याउँदै चित्त बुझाउँचन् । बाजी थापेर हार जित पनि यतै गर्चन् । यो हो वरल्ड कप खेल्ने नेपाली काइदा । यसलाई भन्चन् लङ्का साध्ने हनुमान पगरी गुथ्ने ढेँडु ।

*९ असार २०७५*

kailubraha73@gmail.com

# रेल ल्याउने कुरा गर्ने प्रम ओली निमित्त पात्र मात्र हुन्



❑ सीपी गजुरेल
अध्यक्ष– देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल

**प्रधानमन्त्री ओलीको ६ दिने चीन भ्रमण सकिएको छ, यो भ्रमणलाई कसरी हेर्नु भएको छ ?**

ओलीको चीन भ्रमण सकिएको छ । भ्रमणका क्रममा द्विपक्षीय हितका कतिपय राम्रा सम्झौता पनि भएका छन् । तर नेपालको सार्वभौम सत्तासँग जोडिएका लिपुलेकको कुरा छुट्न गएको छ । त्यो विषय उठाइनु पर्थ्यो । जानु पूर्व राजनीतिक दलहरूसँग उनले छलफल गरी राय पनि मागेनन् । तर हामीले प्रमलाई बुझाएको ज्ञापनपत्रमा पनि र सञ्चार माध्यमहरूमा पनि लिपुलेकको मुद्दा उठाइराखेका छौं ।

नेपाली जनताको राष्ट्रिय चासोको कुरा देशका प्रधानमन्त्रीले किन उठाउन चुके ? यो कुरा महत्वपूर्ण छ । अन्य विषयहरूमा चीनका नाकाहरू खुल्ला गर्ने र नेपाली सामानहरू चिनियाँ बजारमा पठाउने कुरा हामीहरूले गर्दै आएका छौं । चीनसँगको व्यापार सन्तुलन मिलाउन रेलमार्ग खुल्ला गर्ने राम्रो कुरा हो । तर, रेलमार्ग ल्याउँदा चीनबाट रेल भरिभराउ आउने र नेपालबाट रित्तै जाने बनाउनु हुँदैन ।

त्यसैगरी, भारतबाट रेल ल्याउने कुरा पनि त्यही नै हो । हामी जस्ता विकासशील देशका जनता र देशको अर्थतन्त्र आदिलाई विकसित देशहरूसँग गरिएका सन्धि सम्झौताहरूले माथि उठाउन मद्दत गर्नुपर्छ । आर्थिक प्रगतिमा हेर्नु पर्छ । त्यो सन्तुलन मिलाउन सकेमा मात्र हामी र हाम्रो देशको उन्नति हुन सक्छ । होइन भने सिङ्गो देश विदेशीको सामान बिक्री गर्ने बजार र हामी नेपाली फगत उपभोक्ता मात्र हुनेछौं । हाम्रो भएको सम्पत्ति पनि विदेशिन पुग्नेछ । चीनको 'बेल्ट एण्ड रोड इनिसिएटिभ' चीनको आफ्नै सोच र योजना हो । त्यसैले चीनले नेपालमा रेल ल्याउँछ नै । रेल ल्याउने कुरा गर्ने प्रम ओली निमित्त पात्र मात्र हुन् । यो छिमेकी मित्रराष्ट्र चीनको योजनामा नै परि आएकाले ओलीले यसको श्रेय लिन खोज्नु राम्रो हुँदैन ।

**लिपुलेकका कुरा उठाउनु भयो । कालापानी टिङ्कर, लिपुलेक र लिम्पियाधुराको एकसँगै रहेको पहाडी भूभागलाई 'त्रिदेशीय स्पेशल इकोनोमिक जोन'का रूपमा विकसित गरिनुपर्छ पनि भनिएको छ । के यो अवधारणा सही छ ?**

अहिलेकै अवस्थामा यो गलत धारणा हो । यदि त्यो भूभागलाई त्रिदेशीय इकोनोमिक जोन बनाउने हो भने पहिलो कुरा त नेपालको स्वामित्व स्थापित गराउन सक्नुपर्छ । त्यो नेपालको सार्वभौम भूभाग हो । त्यहाँबाट विदेशीहरू हट्नु पर्छ । नेपाली सार्वभौम स्वमित्व तीनवटै देशले स्वीकार गर्नुपर्छ ।

अहिले कालापानीमा भारतीय सेना बसिराखेको छ, के को लागि र कसको स्वामित्व करार गरेर त्रिदेशीय बनाउने ? यो नेपाली सार्वभौम सत्ताको विषय पनि हो र गम्भीर कुरा पनि हो । नेपालको स्वामित्व स्थापना गरेर नेपाल सरकार र नेपाली जनताले चाहे भने मात्र त्यो काम गर्न सकिन्छ । लिपुलेक, कालापानी, लिम्पियाधुरा नेपालको स्वामित्वमा ल्याउनु पहिलो शर्त हुनुपर्छ ।

**चीनको बेइजिङस्थित नेपाली दूतावासभित्र चिनियाँ लगानीकर्तालाई बोलाएर प्रम ओलीले आफ्नै उपस्थितिमा सम्झौता गराएका छन् । व्यवस्थापनका हिसाबले प्रश्न उठिराखेको छ । ओलीले हारगुहार गरेर यसो किन गरेका होलान् ?**

चीनसँग आजका मितिसम्म त्यस्तो भएको छैन । प्रायः अन्य देशहरूबीच पनि त्यस्तो भएको पाइँदैन । निमन्त्रणा गरिसकेपछि 'होष्ट कन्ट्री'ले नै यसको सिङ्गो व्यवस्थापन गर्ने गर्छन् । चलि आएको परम्परा पनि यही नै हो ।

सम्झौतामा क–कसले हस्ताक्षर गर्छन्, त्यो अर्को कुरा हो । तर व्यवस्थापन सम्बन्धित देशले गर्छ । अनौठो कुरा त के भयो भने बेइजिङस्थित नेपाली दुतावासभित्र बसेर नेपाल नै 'होष्ट कन्ट्री' जस्तो बनेर सम्झौता गर्नु पर्ने किन ? त्यो गलत हो, यसको रहस्य विस्तारै खुल्दै जाला पनि । यसका बारेमा सरकार जवाफदेही हुनुपर्छ ।

**प्रम ओलीले भारत र चीन दुई देशबीच सहकार्यका कुरा पनि गरेका छन् भेटका अवसरमा ? यसको आशय के हो ?**

ओलीलाई भारतीयहरूले आशङ्का गरेका छन् कि भारतसँग निकै सौहार्द्र बनेर भयो, तर चीनसँग लहसिन लाग्यो कि भनेर । भारत र भारतपरस्तहरूको यो सोच र आरोपको सफाइ दिन शायद उनले चीन–भारत द्विपक्षीय सहकार्यको कुरा गरेको हुनु पर्छ । म तिमीहरूकै हुँ भन्न उनले यो भूमिका निभाएको देखाएको हुनु पर्छ । दोस्रो, यो उनको हैसियतभन्दा बाहिरको कुरा पनि हो । भारतको चासो र चिन्ता के हो ? ओलीलाई के थाह ? त्यसैगरी चीनको चासो र चिन्ता के हो, त्यो पनि त चीनको मामलामा ओलीको सरोकारको विषय होइन । कुरा के हो भने उनले आफ्नो हैसियत नै थाह पाएनन् । हैसियत बाहिर गएर बोलेको यो कुरा मोदीलाई खुशी पार्न हुन सक्छ । भारतीयहरूलाई 'चीन गएर तिमीहरूकै पक्षमा वकालत गरिदिए' भन्नलाई त्यसो गरेको हुन सक्छ ।

**रेल यातायात निर्माणको सम्झौतासँगै नेपालबाट नेपाली सामान निर्यातका लागि अन्य सम्झौताहरू पनि गर्नु पर्दथ्यो कि ?**

रेल आउनु र नाका खुल्नु निकै राम्रो कुरा हो । भारतले भूराजनीतिक अवस्थितिका कारण पटक–पटक हाम्रो घाँटी थिचेर नाकाबन्दी गराएर सताउने गरेको छ । चीनबाट रेल ल्याउने विकल्प खुल्ला भएपछि अब भारतको राइँदाइँ र मनपरी चलिरहन सक्ने अवस्था रहेन । चीनसँगको व्यापारिक नाका खुल्नु नेपाल र नेपालीका लागि राम्रो कुरा हो ।

चीन र भारतजस्ता विशाल आर्थिक अर्थतन्त्र भएका देशहरूबाट नेपालले के लाभ लिने त ? चीनबाट रेल आइसकेपछि नेपाली सामान चिनियाँ बजारमा के–के र कसरी पुऱ्याउने भन्ने सोच्नुपर्छ । अदुवा र चियापत्ति भारतले अन्तर्राष्ट्रिय निर्यातमा रोक लगाएको छ । नेपाली किसानहरू ठूलो मर्कामा परेका छन् । त्यो चीनमा पठाउने वा चीनमार्फत् अरु देशमा पैठारी गर्न सकिन्छ । प्रम ओलीले नेपालको निर्यात व्यापारलाई बढाउन चीनसँग केही सम्झौता गर्नु जरुरी थियो ।

अर्को ख्याल राख्नु पर्ने कुरा नेपालमा रेल ल्याउने योजना चिनियाँ राष्ट्रपति सी जिन पिङकै हो । ओलीले चाहेर नेपालमा रेल आउन थालेको होइन । यो श्रेय चीनलाई जान्छ, ओलीलाई होइन । त्यसैगरी, भारतबाट आउने रेल भारतको व्यापारका लागि हो । ओलीले ल्याएको होइन । बरु नेपालको निर्यात व्यापारलाई फाइदा पुग्ने गरी ओली सरकारले सोच्न जरुरी छ ।

**सहमति र सम्झौताहरूको विस्तृतीकरण र कार्यान्वयनको 'प्रोटोकल'मा हस्ताक्षर नै गरिएन । सम्झौताहरू कार्यान्वयनको विश्वास के त ?**

नेपालको कमजोरी त्यही हो । गृहकार्य वा तयारी नै गरिदैन । अहिले पनि गरिएन, प्रमले न त विज्ञहरूसँग, न त राजनीतिक दलहरूसँग परामर्श नै गरे । भ्रमणमा निस्कनु पूर्व धेरै राजनीतिक भेटघाट पनि गरेनन् । सम्बन्धित सबै पक्षबाट राय पनि लिएनन् । चीनसँग व्यापार सम्झौता भयो भन्दैमा जुनसुकै बाटो बन्दरगाह प्रयोग गर्ने त हुँदैन । भारतसँगको सम्झौतामा कलकत्ता बन्दरगाह मात्र प्रयोग गर्न पाउने थियो, जुनसुकै पनि बन्दरगाह खुल्ला त गरिदैन । यो ठोस भएन भने सम्झौता कार्यान्वयन हुँदैन । प्रम ओलीको अलि प्रचारबाजीमा रमाउने प्रवृत्ति देखा परेको छ ।

# हामी असमान सन्धिसम्झौताको पूर्ण खारेजीसहित न्यायपूर्ण क्षतिपूर्ति चाहन्छौं



❑ पदमसुन्दर लिम्बु
सभापति– बिगेसो

***बिगेसोको पहिचान के हो ?***

बिगेसो अरुभन्दा फरक पहिचान लिएर आएको छ । पहिले उठाइएका विषयवस्तु भनेको केवल पेशागत मात्र हुन्थ्यो । तर हामीहरूले आफ्ना पेशागत कुराहरूलाई राष्ट्रियताका साथै अन्तर्राष्ट्रिय मुद्दासँग पनि जोडेर लिएका छौं । हामी बेलायतमा भूतपूर्व गोर्खाका मुद्दालाई नेपाली पहिचान र राष्ट्रियताका मुद्दासँग जोडेर उठाएका छौं ।

यी विषयवस्तु समेटेर सर्वोच्चमा मुद्दा पनि हालेका छौं । यो भन्दा पहिले हाम्रा समस्या समाधान नहुनुमा हामीले उठाएका मुद्दा राष्ट्रियता र राष्ट्रिय प्रतिस्ठासँग नजोडिएर पनि हो भन्ने हामीहरूलाई गहिरो गरी लागेको छ । नेपाल सरकार गोर्खा आर्मी र हामीले उठाएका विषयहरूका बारेका किन चूप छ त्यो पनि आश्चर्यको विषय बनेको छ ।

***बिगेसोले अघि सारेका मुद्दाहरू के के हुन् ?***

बिगेसोले अघि सारेका मुद्दाहरूमा पहिलो त असमान सन्धिसम्झौताहरूको खारेजी नै हो । सर्वप्रथम हामीलाई विभेद गरिनु भएन । प्रथम विश्वयुद्धदेखि हालसम्मका सबै गोर्खा आर्मीहरूलाई क्षतिपूर्ति दिइनु पर्छ । हामीलाई न्यायको प्रत्याभूति हुनुपर्छ । हाम्रा जायज प्रश्नहरू छन्– नेपाल सरकारले पाएको रोयल्टी कहाँ खर्च गरिएको छ ? तलबभत्ता समान छ कि छैन ? सिङ्गापुर पुलिसबारे धारणा के हो ? हङकङ र ब्रुनाइ आर्मीबारे के हो धारणा ? अरब, मध्यपूर्व, दुबई, मकाउ पुलिसबारे के हो सोंच ? भारतीय आर्मी कुन सम्झौता अन्तर्गत हो ? ब्रिटिश वेलफेयरबारे नेपाल सरकारको धारणा के हो ? गोर्खा सैनिक परिवारले पाउने सेवासुविधा के हो ? जहान परिवार र बच्चाबच्ची बारे के हो ? पुरातात्विक महत्वका वस्तुहरूबारे के हो ? बेवारिसे बनाइएका जहानको स्याहार र संरक्षण कसले गर्ने हो ? गोर्खा आर्मीको नाममा भएका गतिविधि र राजस्व छलीको बारेमा सरकारी धारणा के हो ? विश्व युद्धमा हराएका र बेपत्ता पारिएका बारेमा आधिकारिक धारणा के हो ?

यी नै हामीले उठाएका यस्ता मुद्दाहरू हुन्, जसले गोर्खा आर्मीबारेका सारा अन्यायपूर्ण विभेदको अन्त्य गरी न्याय प्रदान गर्न सहयोग पुऱ्याउँछन् ।

***अहिले सर्वोच्चमा चलिरहेको कुन खालको मुद्दा हो ?***

माथि उल्लेख गरिएका विषयको सरोकारका लागि हाम्रो तर्फबाट सरकारलाई समाधानको प्रक्रिया अघि बढाउने ढोका खुल्ला गर्न दिइएको मुद्दा हो, यो सर्वोच्चको मुद्दा । सर्वोच्चले अग्राधिकारसहित कारण देखाऊ भन्ने आदेश पनि जारी गरिसकेको हो । अब यही असार १८ मा यसबारेमा सुनुवाइ पनि हुँदै छ । हामी विश्वस्त छौं, हाम्रो पक्षमा निर्णय आउने छ ।

***गोर्खा आर्मीमाथि भए गरिएका अन्यायहरू के के हुन् ?***

गोर्खामाथि भएका अन्याय अत्याचार थुप्रै छन् । त्यसमा पनि सबैभन्दा ठूलो अन्याय भनेको नेपाल राष्ट्रलाई परेको अन्याय हो । असमान सन्धिसम्झौताले राष्ट्रलाई नै पछि पारेको छ, त्यसले नेपालीहरूमाथि मार पारेको छ । सन् १९४७ मा एक सम्झौता भा'छ, त्यो भन्दा दुई दिन पहिले दुई पक्षीय सम्झौता पनि भएको छ । यी दुबै असमान छन् । यसले राष्ट्रलाई नै अन्यायमा परेको छ, यसले गोर्खा आर्मीलाई त अन्यायमा पार्ने नै भयो ।

त्यसैले, राष्ट्रका लागि घातकसिद्ध भएका असमान सन्धिसम्झौताको खारेजी र क्षतिपूर्ति नै गोर्खा आर्मीका लागि पर्याप्त छन् ।

***मुद्दाहरू वृहत रूपमा उठान गर्नुभयो । सम्बोधन होला त ?***

हो, हामीले वृहत रूपमा मुद्दा उठान गरेका छौं । यो कल्पना गरेर वा रहरले उठाएका होइनौ । ब्रिटिशले भारत छोड्दा नाटकीय रूपमा उसको अधिकार र छिमेकीहरूसँगका सन्धिसम्बन्धहरूलाई नमिलाएर गयो । यो उसको आफ्नो स्वार्थमा पनि होला । तात्कालिन राणाकालिन सरकारलाई बोलाएर केही कुरा गऱ्यो पनि । तर ब्रिटिश तथा राणा सरकारले गरेका थप संझौता धेरै विभेदपूर्ण छन् । यी पनि अस्पष्ट छन् । यी न सन्धि हुन्, न सम्झौता, न त मेमोरन्डम नै । सन् १९५१ र १९५२ को भनिएको यो सम्झौतामा के थियो र छ पनि ? हामीले बारम्बार यो कुरामा ध्यानाकर्षण पनि गराएका छौं । तर किन परराष्ट्र मन्त्रालयले यो हामीलाई यो कुरा दिन चाहन्न, यसभित्र रहस्य छ ।

आजको दिनसम्मलाई लिएर गणना गऱ्यौं भने बेलायत र भारतका लागि हामीले ज्यान दिएर काम गरेको २०२ वर्ष पुगिसकेको छ । नेपाली युवाहरूलाई यति लामो समयसम्म कज्याएर बेलायत र भारत समृद्ध बनिसकेका छन् । नेपाल भने गरीबीको मारमा छ । यसको न्यायिक खोजी गरिनु पर्छ । हामीलाई एकातिर अन्यायपूर्ण इतिहासको उजागर पनि गर्नु छ भने अर्कोतिर नेपाल विमुख हुँदै आएको आर्थिक क्षतिपूर्ति पनि लिनु छ ।

***यी सबै कुरालाई कसरी अघि बढाउन सकिएला ?***

हामी कानूनी ढङ्गले नै अघि बढिरहेका छौं । हाम्रा जायज र न्यायपूर्ण मागहरू सम्बोधन गरिएन भने त्यसपछिको बाटो के लिनुपर्छ यो सरकार र सम्बन्धित पक्षहरूले जान्ने कुरा हो । सिङ्गापुर, ब्रुनाइ आदिका कुराहरू पनि आए । अन्यायपूर्ण किसिमले गरियो भने त यो मानव तस्करीको रूपमा लिन सकिन्छ । कुनै पनि सन्धिसम्झौतामा सिङ्गापुर या ब्रुनाइमा या बेलायतमा लानुपर्छ भन्ने छैन । तर बेलायतले आफ्नै बल मिच्याइमा नेपालीहरूलाई सिङ्गापुर, बेलायत, हङकङ, ब्रुनाइ तथा कतिपय मध्यपूर्वका देशहरूमा पुऱ्याएको छ ।

यति मात्र पनि होइन । रिटायर्ड नेपाली सेनाहरूलाई पनि पुनः काममा लगाइएको छ । यस बारेमा नेपाल सरकार केही पनि बोलेको छैन । आफ्ना नागरिकको बारेमा चूपचाप लागेर बस्नु गलत हो । यी सम्झौताहरू न त पुनरावलोकन भएका छन्, न त फेरि छलफल पनि भएका छन् । यी सम्झौतामा भनिएको कुरो त के पनि छ भने त्रिपक्षीय भएकाले कुनै एक पक्षले मात्र यसलाई मानेन भने यी स्वतः खारेज हुने छन् । शायद यी सबै असान्दर्भिक भइसकेका छन् ।

नेपालले १९६९ सम्म सलामी थापेको रेकर्डहरू पनि पाइएको छ । त्यसपछि त्यो सलामी कहाँ गयो ? यो पनि नेपाल सरकारले प्रष्ट्याउनु पर्ने हुन्छ । अर्को कुरा, ठीक छ, नेपाली युवा सम्झौता वा समझदारीमा लगियो रे, तर युद्धमा लगिएपछि त ती युवाहरू बेपत्ता भएका छन्, हराएका छन्, थाहपत्तो नै छैन । उनीहरूका लागि के गर्ने ? तथ्याङ्क नै छैन । यिनको खोजी कसले गर्ने ? तथ्याङ्क बेलायतले पनि दिएको छैन । यो अन्यायका विरुद्ध लड्नै पर्छ ।

***सिङ्गापुर, मकाउ, हङकङ, भारत लगायतका धेरै देश वा भूभागहरू अहिले स्वतन्त्र भइसकेको वा आफ्ना मूल थलोमा मिसिइसकेका छन् । यो अवस्थामा ती देशहरूसँग भएगरिएका सम्झौताहरू के होलान् ?***

कानूनी रूपमा यो त स्वतः खारेज हुने हो । तर पनि कुनै कानूनी मान्यता, अनुमोदन वा पुनरावलोकन नभइकन त्यत्तिकै मजासँग चलिराखेको छ । यो नेपाल सरकारकै कमजोरी हो । सरकारले यसमा कुनै हिच्किचावट नै लिएको छैन ।

इतिहास साक्षी छ, गोर्खालीहरू लडेर विश्वका त्रिचालीस देशहरूमा बेलायती उपनिवेश कायम रह्यो । हालसम्म ती देशहरूमा बेलायती सेनाहरू अद्यावधि बसिराखेका छन् । तर नेपाल र नेपाली युवा आर्मीहरूलाई फाइदा के त ? यो बारेमा अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गराउनै पर्छ ।

***बेलायतले अझै पनि नेपालका मित्रराष्ट्र देशहरूका विरुद्ध नेपाली सेना प्रयोग गरिराखेको छ । यसको अन्त्य कसरी होला ?***

हामीले गरिराखेका असमानताका कुराहरूमध्ये एउटा यो पनि हो । कुनै पनि सम्झौताहरूमा यो कुरा उल्लेख छैन । सुरुसुरुमा कुनै पनि राष्ट्रमा लडाइँ भएमा शान्ति कायम गर्ने र सन्तुलन मिलाउने नाममा गोर्खाली सेनाको प्रयोग गरियो । पछि आएर त प्रत्यक्ष लडाइँमा उनीहरूलाई होमियो । पछि त अग्रमोर्चामा नै होमिएको पनि छ ।

यो नेपाल सरकारले ख्याल राख्नुपर्छ । भारतले पाकिस्तानविरुद्ध गोर्खाहरूलाई लडाइराखेको छ । बेलायतले अर्जेन्टिनीहरू लगायतका विरुद्ध गोर्खा फौजलाई लामो समयसम्म लडायो । चीन र भारतबीच सीमानाको विवादमा पनि गोर्खालीहरूलाई लडाइ राखेको छ । यो राम्रो हाइन । यी सारा गल्तीका पछाडि असमान सन्धिसम्झौताले काम गरेको छ । त्यसैले हामी यी असमान सन्धिसम्झौताको खारेजी चाहन्छौं ।

***नेपाल सरकारको चासो र चिन्ता कति पाउनु भएको छ ?***

नेपाल सरकारले यी असमान सन्धिसम्झौताहरू खारेज गरेर वा खारेज भएको घोषणा गरेर नेपाली युवाहरूलाई स्वदेश फिर्ता बोलाई नेपालीको मान, प्रतिस्ठा र इज्जत संसारका सबै मित्र र मित्र राष्ट्रहरू माझमा कायम राख्न सक्नुपर्छ ।

बिगेसो यसका लागि तयार भएर अघि बढिसकेको छ ।

***युवा वा भूतपूर्व गोर्खा नेपालमा फर्काए पछि रोजगार कसरी दिने त ?***

सारा नेपालीहरू जो विदेशमा जानुभएको छ, उहाँहरू रहरले विदेशिनु भएको होइन । बाध्यताले हो । विदेशमा नेपाली मनोविज्ञान हेर्दा उहाँहरू स्वदेशमा फर्कन पाए हुने थियो भन्ने नै छ । संस्कार संस्कृति फरक छ, मूल्यमान्यता फरक छ, फेरि आफ्नो पन छ, आफ्नो मन छ । आफ्नै नेपाली पहिचान छ । उहाँहरू विदेशी हुन त्यहाँ गएको पनि होइन ।

विदेशी शक्तिहरूले केहीलाई आफ्ना स्वार्थका लागि प्रयोग र परिचालन नगरेका पनि होइनन् । कतिपय नेपालीको कसैलाई पनि पीरमर्का नपार्ने नेपालीको भोलाभाला सोचले पनि यसमा बल पुऱ्याएको छ । तथापि नेपाल र नेपालीहरूले न्याय पाउने, क्षतिपूर्ति भराई प्रतिस्ठा फिर्ता गराउने, नेपालीको गौरवगाथालाई चुलीमा पुऱ्याउनेमा विरोध कसैको पनि छैन र हुन पनि सक्दैन ।

जहाँसम्म स्वदेशमा रोजगारको कुरा छ, त्यो त २०२ वर्षसम्मको क्षतिपूर्ति वापत् नेपाली गोर्खाले पाउने खबौंखर्ब डलर रकम सरकारले युवा रोजगार र उद्योग धन्दामा लगाउनु पऱ्यो नि त । यति ठूलो रकमले संभव छैन देशमा रोजगार ?

*(पदमसुन्दर लिम्बु ब्रिटिस गोर्खा भूतपूर्व सैनिक संघ (बिगेसो) का सभापति हुन् ।)*

# नेपाली समाज र नयाँ जनवादी क्रान्तिको चरण

*यदि हामी साँचिनै सच्चा दिलले जनतालाई विश्वास गर्छौं भने सर्वप्रथम जनतालाई हाम्रो चेला मान्ने मानसिकता (प्रवृत्ति) बाट माथि उठी जनता हाम्रो चेला होइन जनता त हाम्रो गुरू हो भन्ने विश्व सर्वहारावर्गका महान नेता माओको भनाइलाई सहज ढंगले स्वीकार्न सक्नुपर्दछ ।*



● पुष्पगोपाल श्रेष्ठ ●

वर्तमान समयमा हाम्रो केन्द्रीय अभिभारा हो सशस्त्र जनविद्रोह (क्रान्तिकारी युद्ध)मा भाग लिन व्यापक जनतालाई सञ्चालित गर्नु । जनतालाई परिचालित गर्न चेतनायुक्त विधि अपनाउनु पर्छ, तब चल्छ । यसरी जनविद्रोहलाई उठान गरी दलाल नोकरशाही पुँजीवादी तथा सामन्तवादीहरूको कब्जामा रहिआएको प्रतिक्रियावादी तख्ता पल्टाउनु, मुलुकभर क्रान्तिलाई फैलाउनु र नेपालबाट साम्राज्यवाद, भारतीय विस्तारवाद र प्रतिक्रियावादलाई धपाएर पठाउनु । जसले यस केन्द्रीय अभिभारालाई पर्याप्त महत्व दिँदैन, त्यो असल क्रान्तिकारी नेता, कार्यकर्ता होइन । यदि हाम्रा कामरेडहरूले यस अभिभारालाई बुझेका छन् भने र यदि उनीहरूले क्रान्तिलाई हरहालतमा मुलुकभर फैलाउनु परेको छ भन्ने कुरो बुझेका छन् भने, उनीहरूले कदापि व्यापक जनताको तात्कालिक हितको समस्यालाई, उनीहरूको भलाइको समस्यालाई बेवास्ता गर्ने छैनन् । वा त्यसको कम मुल्याङ्कन गर्ने छैनन् । कारण के भने सशस्त्र जनविद्रोह (क्रान्तिकारी युद्ध) आम जनताको विद्रोह (युद्ध) हो, र आम जनतालाई परिचालित गरेर र उनीहरू माथि भरोसा राखेर मात्र यसलाई चलाउन सकिन्छ ।

मुखले मात्र हामी जनतालाई विश्वास गर्छौं भनेर हुँदैन । यदि हामी साँचिनै सच्चा दिलले जनतालाई विश्वास गर्छौं भने सर्वप्रथम जनतालाई हाम्रो चेला मान्ने मानसिकता (प्रवृति) बाट माथि उठी जनता हाम्रो चेला होइन जनता त हाम्रो गुरु हो भन्ने विश्व सर्वहारावर्गका महान नेता माओको भनाइलाई सहज ढंगले स्वीकार्न सक्नुपर्दछ । त्यसै अनुरूप व्यवहारमा पनि उत्रन सक्नुपर्छ । समाजमा उनीहरूले भोग्नु परिरहेका अनेकौं दुःख कष्ट, पीडाहरू हुन्छन् । वास्तवमा ती दुःख कष्ट, पीडाहरू जो छन्, ती क्रान्तिकारी कम्युनिष्टहरूको निमित्त गहकिला शिक्षा हुन् । यस प्रकारको शिक्षा प्राप्त गर्न त्यति सजिलो छैन । जसको निमित्त उनीहरूसँग हामीले घनिष्ट सम्बन्ध कायम गरी उनीहरूको हर सुख दुःखमा भित्रैदेखिको सच्चा दिलले सहभागी भई आत्मीयता जताउनु पर्छ । त्यसपछि मात्र उनीहरू आफूले भोग्नु परिरहेका दुःख पीडाका कथाहरू एक एक गरी विस्तारै हामीलाई सुनाउन थाल्ने छन् । ती दुःख पीडाका मूल जड भनेको सामन्तवादी, पुँजीवादी तथा दलाल नोकरशाही पुँजीवादीहरूबाट हुने र गर्ने शोषण, दमन र उत्पीडन नै हो, जसको बारे अरु स्पष्ट हुने गरी व्याख्या र विश्लेषणसहितको मार्क्सवादी शिक्षाबाट, क्रान्तिकारी कम्युनिष्टहरू स्वयम् आफू पूर्णरूपले प्रशिक्षित भई त्यसै अनुरूप जनतालाई राजनैतिक रूपले जागरुक बनाउने काममा निरन्तर क्रियाशील रहि जागरुक तुल्याउनु पर्छ । त्यसपछि भने तपाईले गर्ने कुनैपनि क्रान्तिकारी आन्दोलनको आह्वानमा बिनाअनकनाइ सहजरूपले आम जनता आन्दोलनमा लामबद्ध हुन आइपुग्ने छन् ।

क्रान्तिकारी कम्युनिष्टहरूले अत्यन्तै महत्वका साथ हेक्का राख्नु पर्ने कुरा यो हो कि नेपाल अहिले पनि नयाँ जनवादी क्रान्तिको चरणमा नै छ । नेपालमा पूर्ण जनवादी क्रान्तिको कार्यक्रममा यी कुराहरू समावेश छन्, बाहिरी रूपमा पूर्ण राष्ट्रिय मुक्ति प्राप्त गर्नका लागि भारतीय विस्तारवादको प्रभुत्व अर्थात् उनको नीति निर्देशनमा आधारित दलाल नोकरशाही पुँजीवादी तथा सामन्तवादीहरूको नियन्त्रणमा रहेको अर्ध-सामन्ती, अर्ध-औपनिवेशिक, नवऔपनिवेशिक प्रतिक्रियावादी तख्ता पल्टाउनु, र आन्तरिक रूपमा, शहरमा दलालवर्गको शक्ति र प्रभावलाई निर्मूल पार्नु, हिमाल, पहाडका गाउँघर, तराई र गुम्रिमधेशमा सामन्ती सम्बन्धहरूलाई खतम पार्नका लागि किसान (भूमिक्रान्ति) आन्दोलन उठाउनु तथा स्थानीय प्रतिक्रियावादीहरूको शासनको तख्ता पल्टाउनु । यस्तो जनवादी क्रान्ति (सशस्त्र जनविद्रोह) बाट गुज्रिसकेपछि नै हामी समाजवादतर्फ संक्रमणका लागि वास्तविक जग बसाल्न सक्ने छौं ।

नेपालको राष्ट्रिय स्वाधीनता, जनतन्त्र र जनजीविकाका समस्या दिनानुदिन अरु विकराल स्थितिबाट गुज्रदै गइरहेको वर्तमान स्थितिबाट, देश र जनतालाई मुक्ति र स्वतन्त्रताको निमित्त हाम्रो पार्टीको प्रथम राष्ट्रिय सम्मेलन मार्फत्, जुन उच्चतर अभिभारा अर्थात् सशस्त्र जनविद्रोह (क्रान्तिकारी युद्ध) प्रस्तुत गरेको छ, त्यो अभिभारालाई उपर्युक्त कुराहरूको आधारमा बुझन जनतालाई मद्दत गर्नुपर्छ, जसले गर्दा उनीहरूले क्रान्तिलाई समर्थन गर्ने छन् र मुलुकभर त्यसलाई फैलाउने छन्, उनीहरू हाम्रो राजनैतिक अपील अनुरूप चल्ने छन् र ...बाँकी ८ पेजमा

# अरुण तेस्रो बुझाउनेलाई यो देशमा चिहान पनि दिनुहुन्न

● घननाथ सापकोटा (विकाश)

अपवाद बाहेक नेपालका शासकहरूले सत्तामा पुग्ने बित्तिकै कुनै न कुनै राष्ट्रघाती काम गरेकै छन् । सत्ता प्राप्त गर्न र चिरस्थायी हुनको लागि नेपालको राष्ट्रियतालाई दाउमा राख्ने काम गरेका छन् । नेपालका प्राकृतिक सम्पदाहरूलाई मुख्य गरेर भारतलाई बुझाउने गरिएको छ । एकसमयमा राष्ट्रियताको अडान लिएको नाटक गरेर जनताको मत खाने त्यसपछि साँवा ब्याज असुल हुने गरेर राष्ट्रघाति काम गर्ने गरिएको छ । यसको पछाडिको स्वार्थ माथि नै भनि सकिएको छ । नेपालमा नेताको सत्ता स्वार्थ हो । भारतले नेपालका प्राकृतिक स्रोत साधन मुख्य गरेर पानी कब्जा गर्ने र आफ्नो देशको उन्नती गर्नु हो । नेपाललाई आफ्नो औपनिवेशिक छाताभित्र राखेर कङ्गाल बनाएर परनिर्भरको परिस्थिति श्रृजना गर्नु नै हो । राणा प्रधानमन्त्री जंगबहादुरको पालादेखि हालसम्म राष्ट्रघातका श्रृखलाहरू निरन्तर थपिरहेका छन् । देशका मुख्य ठूलानदी कोशी, गण्डकी, कर्णाली, महाकाली लगायत देशका ठूला राष्ट्रिय उद्योग धन्दाहरू भारतलाई बुझाइसकिउको छ । यसको पछिल्लो कडी खोको राष्ट्रवादको भ्रम दिएर नेपाली जनताको मत खाएर २०७५ साल वैशाख २८ गते वर्तमान प्रधानमन्त्री खड्ग प्रसाद ओली ले जसरी दुलहीका बुबाले छोरीको औंला समातेर दुलाहालाई छोरी सुम्पिदा भैं अरुण तेस्रो नेपाली आमाको औंला समातेर नरेन्द्र मोदीलाई सुम्पियो । विषय यतिमा मात्र सिमित रहेन ६/६ महिनासम्म नेपाललाई नाकाबन्दी लगाएर नेपाली जनताको घाँटीमा डोरी लगाउने मोदीलाई जनकपुरमा नागरिक अभिनन्दन गरेर लौं मालिक यो जनकपुर तिमिलाई सुम्पियौं भनेर शासकहरूले बुझाउने काम गरे । हिजो मात्र नाकाबन्दी लगाएर सकसदिने मोदीलार्य कुन खुशीले नेपाली जनताले अभिनन्दन गर्दथेर । नेपालका शासक हो र भारतका दलवल सेना भित्र्याएर अभिनन्दनको नाटक मञ्चन गरियो । वैशाख २८ गतेबाट नेपाल अर्धऔपनिवेशिक होइन पूर्ण औपनिवेशिक कायम भएको छ । र नेपालको इतिहासमा



२०७५ वैशाख २८ गतेलाई कालोदिनको रूपमा दर्ता हुन गएको छ ।

२०७५ वैशाख २८ गते नेपालको राष्ट्रियता नरेन्द्र मोदीलाई बुझाउने तयारी यस्तो थियो । २०७४ चैत २३ गते मोदीको निमन्त्रणामा खड्ग प्रसाद ओली भारत प्रस्थान गरे र त्यहाँ मोदी र ओलीविच दुइ पक्षिय भेटघाट भयो भेटघाटको मुख्य विषय यसभन्दा अगाडिका शासकहरूले गरेका असमान सन्धि सम्झौता कार्यन्वयन गर्ने र थप अरुण तेस्रो म तपाई महोदय मोदी ज्यूलाई सुम्पन तैयार छु भनेर प्रतिवद्धता जाहेर गरे । जस वापत मेरो प्रधानमन्त्रीको पद चिरस्थायी रहोस भनि वर मागे मोदीले तथास्तु भनिदिए । यसरी अरुण तेस्रो विदाई गर्ने र भारतले भित्र्याउने लगनगाँठो वैशाख २८ गते जुराइयो । नेपाली जनतालाई सामान्य विहान बेलुका छाक टार्न मुस्कील विरामी पर्दा सिटामोल पनि खान पाएका छैनन ०७२ साल आश्विनमा नेपाली माथि नाकाबन्दी लगाएर सानानानीहरूले जाउलोसम्म पनि पकाएर खान पाएनन् यस्ता कृतहन दुस्ट मोदीलाई अरबौं रूपैयाँ खर्च गरेर तामधामका साथ शासकहरू लम्पसार पर्न गएका छन् । आफ्नै देशमा धार्मिक विद्धेश फैलाएर आफ्नै जनतामार्ने महिलाहरू बलात्कार पछि हत्या गरिएका समाचारले छापाहरू भरिएका छन् । आफ्नै देशमा लुट र अधिकार माग्ने जनतालाई कत्लेआम गर्ने मोदीलाई नेपालमा शासकहरू ले यि त अर्कै ब्रम्हाण्डका कुनै त्यस्ता चमत्कारिक जीव हुन कि जसतो गरी देवत्वकरण गरिएको छ । देशको ताईदेखि मक्तिनाथ क्षेत्रसम्म सम्पूर्ण नेपालीको हिडडुल गर्न पाउने अधिकारलाई कुण्ठीत पार्दै मुक्तिनाथ क्षेत्रको पदमार्ग खाली गराएर मानव रहित बनाएर दुष्ट मोदीलाई विराजमान गराएको छ । विषय यतिमा मात्र सिमित छैन तराईको जनकपुर देखि हिमालको मुक्तिनाथसम्म एक स्वतन्त्र सार्वभौम देसभित्र भारतिर सेना प्रवेश गराएर नेपाली सुरक्षा नीति र राष्ट्रियताको धज्जी उडाइएको छ । हुन त ओलीको राष्ट्रवादको विषयमा नेपाली जनताले थाहा नपाएका होइनन् २०५३ सालमै महाकाली नदी भारतलाई सुम्पन उनको मुख्य हात थियो । उनी भन्दथे महाकाली नदी भारतलाई सुम्पेपछि नेपालमा सुर्य पश्चिमबाट उदाउँछन् । यसरी जे भनेर गरेर हुन्छ नेपाली जनतालाई गुमराइमा राखेर देशको राष्ट्रियता विदेशीलाई सुम्पनेकाम अगाडि बढिरहेको छ । कथित वाम गठबन्धन र जसबाट बनेको सरकारले राष्ट्रियता, प्रजातन्त्र र आर्थिक उन्नती गरेर देशलाई समुन्नत बनाउने फलाको हाल्दै हिडेका नेताहरू सरकार बनेको ३ महिना नगुदै यिनको राष्ट्रियता र आर्थिक उन्नति अरुण तेस्रो भारतलाई सुम्पेर नेपाली जनतालाई लोप्पा खुवाइएको छ ।

राष्ट्रिय महत्व राख्ने यस्त पपरियोजनाहरू देशकै साधनस्रोत र नेपाली जनताको श्रम पसिनाबाट निर्माण गर्न सकिने थियो र गर्न पर्दथ्यो तर घुडा टेकुवा सरकारको ध्यान त्यसतर्फ छैन । नेपाल आफैले यस्तो परियोजना निर्माण गर्दा भारतको स्वार्थमा ठेस लाग्ने पक्का छ । अरुण तेस्रो भारतलाई नदिए ओलीको प्रधानमन्त्री पदमा ठेस लाग्ने पनि पक्का छ । यस संगीन घडीमा सम्पूर्ण देशभक्त नेपाली जनता किन मौन छन् ? राजनैतिक पार्टीहरू किन बोल्दैनन् ? अरुण तेस्रो भारतलाई हस्तान्तरण गर्ने विषयलाई लिएर २०५६ सालमा ५७ दिनसम्म संसद अवरुद्ध गरेको एमाले पार्टी वर्तमान अवस्थामा मोदीलाई ससम्मान बुझाउन किन लालायित भयो ? यो नेपाली जनतामा जिज्ञासाको विषय बनेको छ । के एमाले पार्टीले आफुले अरुण तेस्रो सँग सत्ता साट्न यसो गरेका मान्न सकिन्छ ? यस्तो राष्ट्रघाति कदमको घोर विरोध गर्दै राष्ट्रिय स्वाधिनताको पक्षमा दृढतापूर्वक खडा हुने देशभक्त क्रान्तिकारी पार्टी र जनताहरू पनि छन् भन्ने कुरा शासकहरूले अहिले देखि नै बुभिराख्दा हुन्छ । यस्ता राष्ट्घातिहरूलाई यो देशमा चिहान पनि नपाउने गरेर नाङ्गेभार बनाउनु पर्दछ । यसैको सुरुवात नेकपा (क्रान्तिकारी माओवादी) उसको वैधानिक मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल र भातृ संगठनहरूले वैशाख २८ र २९ गते जुनदिन ओलीले मोदीलाई अरुण तेस्रो हस्तान्तरण गरेका कालो दिनमा कहिँ मोदीको पुत्ला जलाएर र कहिँ अनशन बसेर, कहिँ कालोझण्डा देखाएर कहिँ विरोध जुलुस गरेर, कहिँ विरोध सभा गरेर विरोध गर्ने काम गरियो यसरी राष्ट्रियताको विषयमा वकालत र मोदीको विरोध गरेवापत देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय अध्यक्ष सीपी गजुरेल लगायतका देशका विभिन्न ठाउँबाट सयौं नेताकार्यकर्ता गिरफ्तार गरेर ओली सरकारले फाँसीवादी चरित्र देखाउने काम गर्यो । नक्कली राष्ट्रवादको मुकुण्डो सारा जनताका अगाडि उदाङ्गो भयो । यसरी पूर्ण रूपमा नेपालको राष्ट्रिय स्वाधिनता मजबुद नहुँदासम्म नेपाली जनताको अधिकारमा नआउँदासम्म पूर्ण रूपमा रक्षाको ग्यारेण्टी नहुँदासम्म नेकपा (क्रान्तिकारी माओवादी) र मातहतका वैधानिक मोर्चा, भातृ संगठनहरू लडीरहनेछन् र राष्ट्रघाती शक्तिमाथि धावा बोल्नेछन् ।

# पार्टी प्रकाशनका सम्बन्धमा : *लेनिन*

**कम्युनिष्ट अखबारले के गर्नुहुन्छ, के गर्नु हुँदैन ?**

पार्टीले अथक परिश्रम गरेर कम्युनिष्ट प्रकाशनलाई विकसित गर्नुपर्छ । पार्टीका निर्देशनहरूको अधीन नहुने अखबारले कम्युनिष्ट मुखपत्रको रूपमा मान्यता प्राप्त गर्न सक्दैन । पार्टीले धेरै अखबारहरू चलाउनु भन्दा राम्रा अखबारहरू चलाउन बढी ध्यान दिनुपर्दछ । प्रत्येक कम्युनिष्ट पार्टीसँग एउटा राम्रो र संभव भए दैनिक केन्द्रीय मुखपत्र हुनुपर्दछ ।

कम्युनिष्ट समाचारपत्र कहिल्यै पुँजीवादी अभियान हुनुहुँदैन, जस्तो पुँजीवादी र प्रायः समाजवादी समाचारपत्र हुन्छन् । हाम्रो अखबार सम्पूर्ण पुँजीवादी, ऋण संस्थाहरूबाट स्वतन्त्र हुनु पर्दछ । विज्ञापनको कुशलतापूर्ण संगठन, जसले कानुनी जनपार्टीहरूका हाम्रा अखबारहरूको अस्तित्वलाई संभव बनाउँछ, ले ठूला विज्ञापनदाताहरूमा कहिल्यैपनि निर्भर रहनु हुँदैन । यसका विपरीत सर्वहाराका सम्पूर्ण सामाजिक प्रश्नहरूका बारेमा पत्रिकाको रवैयाले सबै हाम्रा जनपार्टीहरूमा बढी सम्मान निर्माण गर्नेछ । हाम्रा अखबारहरूले उत्तेजनाको आकांक्षालाई पूर्ति गर्ने वा साधारण जनताको मनोरञ्जनको साधन बन्ने काम गर्नु हुँदैन । 'सम्माननीय' बन्ने प्रयत्नमा निम्नपुँजीवादी लेखकहरू वा पत्रकार विशेषज्ञहरूको आलोचनाका अघि तिनले आत्मसमर्पण गर्नु हुँदैन । कम्युनिष्ट अखबारले सर्वप्रथम, उत्पीडित र लडाकु मजदुरहरूका हितहरूलाई संरक्षण-सम्बर्द्धन गर्नुपर्दछ । यसले हाम्रो उत्तम आन्दोलनकारी र सर्वहारा क्रान्तिको नेतृत्वदायी प्रचार बन्नुपर्दछ । हाम्रो अखबारको उद्देश्य पार्टी सदस्यहरूका क्रियाकलापहरूबाट सबै मूल्यवान् अनुभवहरू बटुल्नु र कम्युनिष्टहरूका कार्यविधिहरूमा निरन्तर संशोधन र सुधारको निम्ति मार्गनिर्देशकाको रूपमा ती अनुभवहरूलाई हाम्रा कामरेडहरूसामु व्यक्त गर्नु हो । कम्युनिष्ट अखबार र विशेषतः हाम्रो मुख्य अखबारको यसकिसिमको सर्वसमावेशी संगठनात्मक कार्यद्वारा यस निश्चित उद्देश्यलाई दृष्टिमा राखेर हामी कम्युनिष्ट पार्टीमा जनवादी केन्द्रीयतालाई संस्थापित गर्न सक्षम हुनेछौं र कुशलतापूर्वक कार्यविभाजनमा अघि बढ्नेछौं यसरी पार्टीले आफ्नो ऐतिहासिक उद्देश्य सम्पादन गर्न समर्थ हुनेछ ।

**कम्युनिष्ट अखबारको संगठन**

कम्युनिष्ट अखबारले एक कम्युनिष्ट अभियान बन्न प्रयत्न गर्नुपर्दछ अर्थात् यो एउटा सर्वहारा लडाकु संगठन हुनुपर्दछ, क्रान्तिकारी कार्यकर्ताहरूको क्रियाशील समुदाय बन्नुपर्दछ । अखबारलाई नियमित योगदान दिने सबै लेखकहरू, सम्पादकहरू, कम्पोजिटरहरू, प्रेसम्यानहरू र वितरकहरू, स्थानीय सामाग्री संकलन गरेर तिनबारे समाचारपत्रमा विवेचना गर्नेहरू, त्यसलाई प्रसारित गर्नमा प्रत्येक दिन क्रियाशील हुनेहरू, आदिको यसले क्रियाशील समुदाय बन्नुपर्दछ । अखबारलाई साँच्चैको लडाकु मुखपत्र र कम्युनिष्टहरूको बलियो क्रियाशील समुदायमा परिवर्तन गर्न केही व्यावहारिक उपायहरू अपनाउनु आवश्यक हुन्छ । एक जना कम्युनिष्टले आफ्नो अखबारसँग घनिष्ठभन्दा घनिष्ठ सम्बन्धमा रहनुपर्दछ, किनभने उसले यसका निम्ति काम र त्याग गर्नुपर्दछ । अखबार उसको त्यस्तो दैनिक हतियार हो जसलाई उपयोगका निम्ति तम्तयार राख्न दिनैपिच्छे दरिलो र धारिलो बनाइरहनुपर्दछ । कम्युनिष्ट अखबारको अस्तित्वका लागि अति विशाल भौतिक र आर्थिक बलिदानको आवश्यकता निरन्तर रहिरहनेछ । जबसम्म कम्युनिष्ट आन्दोलनको स्वयं बलियो आधार बन्ने गरी यो त्यस्तो दृढसंगठनको स्थितिमा पुग्नेछैन र कानुनी जनपार्टी बीच त्यसो व्यापक प्रसारमा पुग्ने छैन त्यति खेरसम्म यसको विकास र आन्तरिक सुधारका साधनहरू आम पार्टी सदस्यहरूबाट नै निरन्तर आपूर्ति हुनुपर्दछ । अखबारका निम्ति एक सक्रिय प्रचारक र प्रवर्तक हुनु मात्र पर्याप्त हुँदैन, यसअतिरिक्त यसका निम्ति एक लेखदाता बन्नु अति आवश्यक छ ।

दुर्घटनादेखि मजदुरहरूको आमसभासम्म, सिकारु नयाँ मजदुरमाथि हुने दुर्व्यवहारदेखि सम्बन्धित संस्थानको आर्थिक प्रतिवेदनसम्म, कारखानामा हुने सामाजिक वा आर्थिक चासोका प्रत्येक घटनाहरू अखबारमा तत्कालै जानकारी गराइनुपर्दछ । ट्रेड युनियनका प्रयाक्सनहरूले आफ्ना बैठक र सचिवालयका महत्वपूर्ण निर्णय एवं प्रस्तावहरूका साथै हाम्रा शत्रुहरूका कुनै पनि विशिष्ट कार्यहरूको जानकारी गराउनु पर्दछ । सडकका सार्वजनिक जीवन र सभाहरूले सचेत पार्टी सदस्यहरूलाई प्रायः सामाजिक आलोचनाका अवसरहरू प्रदान गर्नेछन्, विस्तृत रूपमा हाम्रो अखबारमा छापेका ती सामाग्रीले उदासीन पाठकहरूमा समेत जीवनका दैनिक आवश्यकतालाई हामी कति ख्याल राख्तछौं भन्ने प्रदर्शन गर्नेछन् ।

**मजदुरहरूका चिठ्ठीपत्रहरू**

मजदुरहरू र मजदुरवर्गका संगठनका जीवनबाट आएका यस्ता चिठ्ठीपत्रहरूलाई सम्पादक-मण्डलले विशेष जतन र स्नेहका साथ व्यवहार गर्नुपर्दछ, उनीहरूले यस्तो सामग्रीहरूलाई हाम्रो अखबार र मजदुरहरूको जीवनका बीच रहेको प्रगाढ सम्बन्धका भावनाहरूलाई सम्प्रेषण गर्न सहयोग पुऱ्याउने संक्षिप्त टिप्पणीहरूका रूपमा प्रयोग गर्नुपर्दछ वा साम्यवादका सिद्धान्तहरूको व्याख्या गर्न मद्दत पुऱ्याउने मजदुरहरूको दैनिक जीवनबारे लिइएका व्यावहारिक उदाहरणका रूपमा ती प्रयोगहरू हुनुपर्दछ । संभव भएका सबै ठाउँमा सम्पादक-मण्डलले सुविधाजनक समयमा दिनका केही घण्टाहरू मजदुरहरूलाई भेट्नका निम्ति छुट्याएर उनीहरूका इच्छाहरू वा जीवनका कठिनाइका सम्बन्धमा उनीहरूका गुनासाहरू सुन्न तयार हुनुपर्दछ । ती कुराहरूलाई उनीहरूले नोट गर्नुपर्दछ र पार्टीका ज्ञान उन्नत बनाउनका लागि प्रयोग गर्नुपर्दछ ।

**प्राभ्दाको उदाहरण**

निश्चय नै पुँजीवादी व्यवस्थाअन्तरगत हाम्रा अखबारहरूका निम्ति कम्युनिष्ट मजदुरहरूको एक उत्तम समुदाय बन्नु असंभव जस्तै हुनेछ । तथापि, अत्यन्त कठिन परिस्थितिहरूमा समेत यस्तो क्रान्तिकारी अखबारको संगठनमा केही सफलता प्राप्त गर्नु संभव हुनेछ । सन् १९१२-१३ को अवधिमा हाम्रा रुसी कमरेडहरूको अखबार 'प्राभ्दा'द्वारा यो प्रमाणित भएको छ । यसले वास्तवमै अति महत्वपूर्ण रुसी केन्द्रहरूका सचेत क्रान्तिकारी मजदुरहरूको स्थायी र सक्रिय संगठनको प्रतिनिधित्व गरेको थियो र कमरेडहरूले अखबारको सम्पादन, प्रकाशन र वितरणका लागि आफ्नो सामूहिक शक्ति उपयोग गरेर तिनीहरूमध्ये धेरैले आफ्नो निजी कामहरू गर्नुका साथसाथै आफ्नो कमाइबाट अखबारका लागि धन जोगाए । यसको सट्टामा समाचारपत्रले उनीहरूले आकांक्षा गरेका, त्यतिखेर उनीहरूका लागि आवश्यक भएको र आफ्ना काम र संघर्षहरूमा आजसम्म उनीहरूले प्रयोग गर्न सक्ने सबैभन्दा राम्रा वस्तुहरू उपलब्ध गरायो । यस्तो किसिमको एक समाचारपत्रलाई पार्टी सदस्यहरू र अरु क्रान्तिकारी मजदुरहरूले वास्तवमै र साँच्चै 'हाम्रो समाचारपत्र' भन्न सक्तछन् ।

**जनअभियान संचालनको साधन**

जोधाहा कम्युनिष्ट प्रकाशनका निम्ति उचित मूलतत्व पार्टीद्वारा सञ्चालित अभियानहरूमा प्रत्यक्ष सहभागिता नै हो । कुनै खास समयमा पार्टीको गतिविधि निश्चित अभियानमा केन्द्रित भएको छ भने मुखपत्रको कर्तव्य सम्पादकीय पृष्ठहरू मात्र होइन, यसका सम्पूर्ण विभागहरूलाई यस विशेष आन्दोलनको सेवामा लगाउनु हो । सम्पादक-मण्डलले यस आन्दोलनलाई सहयोग पुऱ्याउन सामग्री र श्रोतहरू उपलब्ध गराउनु पर्दछ, जुन सार र रूप दुबैमा अखबारको सुरुदेखि अन्तसम्म समावेश गरिएको हुनुपर्दछ ।

'आफ्नो समाचारपत्र'का निम्ति चन्दा संकलन एउटा व्यवस्थामा रहेर गरि नुपर्दछ । यसको निम्ति पहिलो कुरो मजदुरमा हलचल ल्याउने ...बाँकी ५ पेजमा

# साउदी महिला आफैले गाडी चलाउन पाए



काठमाडौं । महिलाको लामो आन्दोलन र छलफलपछि साउदी अरबले महिलालाई चालक अनुमति पत्र दिएको छ । विश्वमा साउदी अरब सबैभन्दा कान्छो देश भएको छ, महिलालाई लाइसेन्स दिने देशहरूमा ।

विश्व जगत सबैको ध्यान साउदी अरबमा जान थालेपछि सापेक्षतामा उदार देखिएका साउदी राजकुमारले प्रतिबनध फुकाएका छन् । अब साउदी अरब आफ्नै देशको ड्राइभिङ लाइसेन्स लिएर त्यहाँका महिलाहरूले गाडी चलाउन पाएका छन् । यो भन्दा पहिले विदेशबाट ल्याइएका लाइसेन्सको आधारमा त्यहाँका महिलाले गाडी चलाउने गरिरहेका थिए ।

अहिले विदेशबाट ल्याइएका लाइसेन्सहरू अरब सरकारले धमधम खारेज गरेर स्वदेशी लाइसेन्स उपलब्ध गराइरहेको छ । साउदी महिलाहरू निकै चासो र खुशीका साथ यो सरकारी कदममा साथ दिइरहेका छन् ।

सरकारका अनुसार देशभर यस्ता २०० लाइसेन्सहरू स्वदेशी बनाइँदै छन् । यो प्रक्रिया एक साता पनि लाग्ने छैन । साउदी सरकारले लाइसेन्स लिने महिलाहरूलाई प्रोत्साहित गरिरहेको छ ।

# जिम्बावेका राष्ट्रपति बाँच्न सफल भए



जिम्बावेका राष्ट्रपति मनाङगाग्वा ठूलो विष्फोटनका बाबजुद बाँच्न सफल भएका छन् । आफ्ना समर्थकहरूको ठूलो जमघटलाई संवोधन गरेर फर्कने क्रममा उनको नजिकै गराइएको उक्त बिस्फोटमा उनको ज्यान बच्न गएको छ ।

उनैलाई लक्षित गरेर गराइएको भनिएको उक्त बिस्फोटन दोस्रो ठूलो सहर बुलावायोमा भएको थियो । त्यस बखत मनाङगाग्वा एक महिना पछि हुँदै गरेको आफ्ना समर्थकहरूले भरिएको एक विसाल चुनावी ऱ्यालीलाई संवोधन गरेर फर्कंदै थिए । यो बिस्फोट ह्वाइट सिटी स्टेडियममा भएको थियो ।

आफूलाई लक्षित गरेर गराइएको यो बिस्फोट प्रति रोश प्रकट गर्दै गाग्वाले भने चुनाव कुनै पनि हालतमा रोकिदैन र यो तोकिएकै समयमा हुन्छ ।

मनाङगाग्वाका प्रवक्ताले जनाए अनुसार यो उनीमाथि भएको पहिलो आक्रमण होइन, बरु विगतका पाँच वर्षहरूमा उनीमाथि कैयौं आक्रमणका विफल प्रयासहरू भएका छन् । उनले थपेका छन्- यसले उनीहरूलाई हतोत्साहित बनाएको छैन ।


तर उपराष्ट्रपति र उनकी श्रीमतीलाई यसले सामान्य चोट भने पुऱ्याएको छ । यसका साथै अन्य केही मानिसहरू पनि घाइते भएको जनाइएको छ ।

पूर्व राष्ट्रपति रोबर्ट मुगाबेका दाहिने हात मानिएका उनी जानु-पीएफ् पार्टीको विभाजन गराई सैनिक विद्रोहको साथ लिएर सत्तामा आएका थिए । उनले धेरै शत्रुहरू यस कारणले पनि कमाएका छन् कि उनी पहिलो कुरा लामो समय सत्तासीन मुगाबेका साथी हुन् । र, दोस्रो कुरा उनी हालका मुगाबेका विरोधी हुन् । तेस्रो कुरा, उनी सेनाको साथ लिएर सत्तासीन हुन पुगेका छन् ।

# ओपेक लाग्यो तेल उत्पादनमा

काठमाडौं, असार ९ । विश्व तेल निर्यातकर्ता देशहरूको सङ्गठन ओपेकले विश्वमा तेलको अभाव देखिन थाले पछि तेल उत्पादनमा बढोत्तरी गर्ने निर्णय गरेको छ । केही समय पहिले थप तेल निकाल्न आवश्यक नभएको भनी चूप लागेको यो संगठन अहिले भने जागरुक देखिएको छ । अधिकांश खाडी मुलुकहरू रहेको यो संगठनले विश्वमा तेलको खपत र मागअनुसार तेल आपूर्ति गर्ने गर्दछ ।

विश्वमा उत्पादित सामान अयातमा चर्को कर लगाउने होड नै चलिरहेका बेला ओपेकले यस्तो निर्णय गर्न पुगेको हो । तर तेल उत्पादन बढाउने प्रक्रियासँगै यसको मूल्यका बारेमा भने ओपेक बोलेको छैन ।



## पार्टी प्रकाशन...

हरेक अवसर र कुनै विशेष घटनाहरद्वारा मजदुरहरूको राजनीतिक तथा सामाजिक चेतना जागृत गराउने रहेक परिस्थितिलाई प्रयोगमा ल्याइनुपर्दछ । यसरी, हरेक ठूलो हड्ताल, आन्दोलन वा तालाबन्दीले जुन भइरहेको बेला समाचारपत्रले खुला र शक्तिशाली रूपमा मजदुरहरूको हितको रक्षा गरेको हुन्छ, पछि आन्दोलनमा सहभागी भएकाबीच प्रचारको क्रियाकलाप संगठित र संचालित गरिनुपर्दछ । समाचारपत्रका लागि चन्दादातासूची र ग्राहक अनुरोध फारमको वितरण कम्युनिष्टहरू कार्यरत उद्योगहरू र हड्तालमा सहभागी भएका उद्योगहरूका ट्रेड युनियन प्र्याक्सनहरूमा मात्र होइन, जहाँ-जहाँ सम्भव हुन्छ, ग्राहक बनाउने फारम अखबारको लागि प्रचार-प्रसारमा लागेका मजदुर हरूका विशेष समूहहरूद्वारा घरघमै गएर बाँडिनुपर्दछ ।

त्यसैगरी, मजदुरहरूलाई जागृत गराउने हरेक चुनाव अभियानपछि मजदुरहरूका घरमा गएर मजदुरहरूको समाचारको लागि व्यवस्थित प्रचार संचालन गर्ने उद्देश्यले विशेष समूहहरू नियुक्त गरिनुपर्दछ । मजदुरहरूको ठूलो संख्यालाई असरपारिरहेका मूल्यबृद्धि, बेरोजगारी र अन्य भुक्तमानहरूका रूपमा आफूलाई व्यक्त गरिरहेका सुषुप्त राजनीतिक र आर्थिक संकटको समयमा विभिन्न उद्योगहरूमा पेशेवर रूपबाट संगठित मजदुरहरूलाई आफ्नो पक्षमा ल्याउन र तिनलाई समाचारमत्रका निम्ति घरघर गएर व्यवस्थित प्रचारकार्य संचालन गर्न कार्यालयहरूमा संगठित गर्न सम्भव भएसम्म सम्पूर्ण प्रयत्नहरू गर्नुपर्दछ । अनुभवले के देखाएको छ भने प्रचारकार्यका निम्ति प्रत्येक महिनाको अन्तिम हप्ता अत्यन्त उपयुक्त समय हुन्छ । कुनै स्थानीय समूहले समाचारपत्रको निम्ति प्रचारकार्यको उपयोग नगरी महिनाको अन्तिम हप्ता त्यसै बिताउँछ भने उसले कम्युनिष्ट आन्दोलनको विस्तारका सम्बन्धमा एउटा गम्भीर गल्ती गर्नेछ ।

समाचारपत्रका लागि प्रचार-संचालन गर्ने कार्यसमूहले कुनै पनि सार्वजनिक सभा वा कुनै पनि प्रदर्शनलाई सुरु, बीच र अन्तमा अखबारको ग्राहक सूचीसहित त्यहाँ उपस्थित नरही त्यसै छाड्नु हुँदैन । हरेक ट्रेड युनियन प्रयाक्सनमाथि युनियनका हरेक बैठकमा र प्रत्येक समूह र प्रक्यासनमाथि कारखानाको हरेक बैठकमा यिनै कर्तव्यहरू पालना गर्न लगाइएका छन् ।

**पार्टी प्रकाशनलाई रक्षा गर**

प्रत्येक पार्टी सदस्यले हाम्रो अखबारका सबै विरोधीहरूका आक्रमणबाट निरन्तर रूपमा रुक्षा गर्नुपर्दछ र पुँजीवादी प्रकाशनका विरुद्ध जोडदार अभियान संचालन गर्नुपर्दछ । पार्टी सदस्यले पुँजीवादी प्रकाशनहरूका भ्रष्टचार, असत्यता, सुचनाको दमन र थुप्रै दोहोरो व्यवहारलाई अनावरण गर्नु र मानिसहरूको ध्यान त्यतातिर

आकर्षित गर्नुपर्दछ । छुद्र गुटगत विवादमा नफसी, दिन प्रतिदिनका अत्यन्त सुस्पष्ट वर्गद्वन्दहरूलाई लुकाउने षड्यन्त्रपूर्ण प्रवृत्तिलाई निरन्तर भण्डाफोर गर्दै लगातार आक्रामक आलोचनाद्वारा हामीले सामाजिक, जनवादी र स्वतन्त्र प्रकाशनलाई पराजित गर्नुपर्दछ । यी सामाजिक जनवादी अखबारहरूको झुक्याउने र आपांग बनाउने प्रभावबाट ट्रेड युनियन र अन्य मजदुर संगठनका सदस्यहरूलाई संगठित उपायहरूद्वारा मुक्त पार्न ट्रेड युनियन र अन्य प्रक्याक्सनहरूले प्रयत्न गर्नैपर्दछ । यसअतिरिक्त हाम्रो प्रकाशनका निम्ति घरदैलो अभियानको माध्यमबाट विशेषताः औद्योगिक मजदुरहरूका बीच सामाजिक जनवादी प्रकाशनका विरुद्ध विवेकपूर्ण तरिकाले प्रचारलाई निर्देशित गरि नुपर्दछ ।

## संगठन गतिविधि

### अखिल नेपाल तामाङ राष्ट्रिय मुक्ति मोर्चाको पुनर्गठित केन्द्रीय समितिको संयोजकमा फुर्नाम्गेल मोक्तान

काठमाडौं । मंगलबार भएको एक भेलाले अखिल नेपाल तामाङ राष्ट्रिय मुक्ति मोर्चाको केन्द्रीय समितिको पुनर्गठन गरेको छ । भेलाले पुनर्गठित मोर्चाको केन्द्रीय संयोजकमा फुर्नाम्गेल मोक्तानलाई चयन गरेको छ । भेलाले सुरेश तामाङ र रंगवीर तामाङलाई मोर्चाको सहसंयोजकमा चयन गरेको छ । मीना तामाङ र प्रेम तामाङसहित पाँच जनाको केन्द्रीय सचिवालय बनाएको मोर्चाको भेलाले ३१ सदस्यीय केन्द्रीय कमिटि निर्माण गरेको हो । पुनर्गठित केन्द्रीय समितिका सदस्यहरूमा जुवानसिंह तामाङ, रवि तामाङ, विकास तामाङ, कान्छामान थिङ, मंगल तामाङ, टमेशकुमार तामाङ, सुकुमाया तामाङ, हरि घले तामाङ, श्याम तामाङ, जगतबहादुर तामाङ, ज्ञान बहादुर तामाङ, उमेश तामाङ, अमिट योञ्जन, रामकुमार तामाङ, पदम तामाङ, मानबहादुर तामाङ, कमल जिम्बा, मैले तामाङ, विराट तामाङ, पदम लामा लगायत रहेका छन् ।

नेकपा (क्रान्तिकारी माओवादी)का पोलिटव्यूरो सदस्य एसटीको प्रमुख आतिथ्यतामा सम्पन्न भेलाको अध्यक्षता मोर्चाका तत्कालीन महासचिव सुरेश तामाङले गरेको थियो भने सञ्चालन तत्कालीन सचिव प्रेम तामाङले गरेका थिए । भेलामा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय कार्यालय सदस्य तथा ३ नं. प्रदेश संयोजक पवनमान श्रेष्ठको विशेष अतिथिको रूपमा उपस्थिति रहेको थियो ।

मोर्चाले असोज ६ गते राष्ट्रिय भेला गर्ने निर्णय गर्दै इलाकास्तरसम्म संगठन निर्माणलाई तीव्रता दिने निर्णय गरेको छ । कूल जनसंख्याको करिक ७ प्रतिशत जनसंख्या रहेको तामाङ समुदायको मुक्तिकामी आन्दोलनको नेतृत्व गर्दै आएको यो मोर्चाले तामाङहरूको पहिचानसहितको तमाङसालिङ राज्यको ग्यारेण्टीसहितको जनताको संविधान निर्माणको लागि सशक्त आन्दोलनको आवश्यकतामाथि जोड दिंदै आएको छ

### क्रान्तिकारी माओवादी गुल्मीको भेला सम्पन्न, गर्जनको नेतृत्वमा १७ सदस्यीय जिल्ला कमिटी गठन

गुल्मी । नेकपा (क्रान्तिकारी माओवादी) गुल्मीको प्रथम भेला सम्पन्न भएको छ । भेलाले गर्जनको नेतृत्वमा १७ सदस्यीय जिल्ला समिति गठन गरेको छ । अबिरल, सृजना, तेन्जिङ, आबिसरकार, लेखक, मार्सल, बिसाल, बिकास, स्वबणी , सफल लगायतका सदस्य रहेका छन् ।

पार्टी केस शिशिरको प्रमुख आतिथ्यतामा सम्पन्न भएको भेलामा देजमो नेपाल गुल्मीका अध्यक्ष केशब अधिकारी अबिरल, अनेमसंघ (क्रान्तिकारी) की केन्द्रीय कोषाध्यक्ष तेजकुमारी थापा, क्रान्तिकारी युवा लिग गुल्मीकी संयोजक प्रगती रानालगायतले शुभकामना मन्तव्य राखेका थिए । जिल्लाको सत्वती गापाको लुम्पेकमा सम्पन्न भेलाको सञ्चालन तेन्जिङले गरेका थिए भने स्वागत मन्तव्य विशालले राखेका थिए ।

### क्रान्तिकारी माओवादी बर्दियाका जिल्ला नेता गौतमको निधन, पार्टीले दियो श्रद्धाञ्जली



बर्दिया । नेकपा (क्रान्तिकारी माओवादी) बर्दियाका जिल्ला सदस्य तथा ४ नं. एरियाका सेक्रेटरी विष्णुप्रसाद गौतमको उपचारको क्रममा निधन भएको छ । उहाँको २६ जेठमा कोहलपुर मेडिकल कलेजमा स्वास्थ्य उपचारको क्रममा निधन भएको हो । क्रान्तिकारी माओवादी बर्दियाले ४ असारमा एक वक्तव्य जारी गरी दिवंगत गौतमप्रति श्रद्धाञ्जली दिएको छ भने शोकसंतप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्र गरेको छ । पार्टी जिल्ला सचिव लोकेसले जारी गरेको शोकवक्तव्यमा उल्लेख गरिए अनुसार पार्टीले गौतमको सम्झानामा १ असारमा जिल्लाको राजापुरमा श्रद्धाञ्जलीसभा आयोजना गरिएको थियो । दिवंगत गौतमको २९ जेठमा जिल्लाको राजापुरस्थित कर्णालीघाटमा अन्त्यष्टी गरिएको छ ।

गौतमको जन्म २००७ माघ, ६ गते बाग्लुङको मल्कोट ताराखोलाहित गाविसको ३ वटा गुरुखेतमा भएको थियो । ०३६ सालदेखि तत्कालीन मसालबाट कम्युनिष्ट आन्दोलनमा लाग्नभएका गौतमले आफूलाई कम्युनिष्ट आन्दोलनको क्रान्तिकारी धारमा आफूलाई उभ्याउदै आउनु भएको थियो । उहाँका एक श्रीमती, ४ छोरा, बुहारीहरू र नातिनातिनीहरू रहेका छन् ।

### प्युठानको पार्टी संयोजकमा पूर्णविक्रम नेपाली, देजमो संयोजकमा गोपाल नेपाली

प्युठान । ८ असारमा सम्पन्न भएको भेलाले नेकपा (क्रान्तिकारी माओवादी) प्यूठानको संयोजकमा पूर्णविक्रम नेपाली र सचिवमा कृष्ण रानालाई चयन गरेको छ । १७ सदस्यीय जिल्ला भेला आयोजक समिति गठन गरिएको उक्त भेलाले जिल्ला पार्टी सदस्यहरूमा गोपाल नेपाली, पवित्रा घर्तीमगर, पहलमान विष्ट, गोविन्दराज पोखरेल, रविलाल रोका, लिला गुरुङ, दीलबहादुर घर्तीमगर, हिमबहादुर केसी, प्रेम सोमई, खिमबहादुर केसी, लोकबहादुर केसी, मिनराज पौडेल, लिला शर्मा, टोमबहादुर घर्ती, चन्द्रप्रसाद पोखरेललगायतलाई चयन गरेको छ ।

पार्टीका केन्द्रीय सदस्य धनेश्वर पोखरेलको प्रमुख आतिथ्यता रहेको उक्त भेलाले गोपाल नेपालीको संयोजकत्वमा ११ सदस्यीय देशक्त जनगणतान्त्रिक मोर्चा, नेपालको प्यूठान जिल्ला संगठन समिति निर्माण गरेको छ भने सचिवमा हिमबहादुर केसीलाई चयन गरेको छ ।

भेलाले मोर्चाका जिल्ला सदस्यहरूमा विमला विष्ट, तेजा खड्का, निर्मला सुनार, थनबहादुर राना, लोकबहादुर केसी, लिलबहादुर गुरुङ, भवानी पोखरेल, मिनराज पौडेल, भीमबहादुर घर्तीलगायतलाई चयन गरेको छ । पार्टी जिल्ला इन्चार्ज टिकाराम पौडेलको समेत उपस्थिति रहेको उक्त भेलाले साउन मसान्तसम्म पार्टी, मोर्चा र युवाको भेला सम्पन्न गर्ने निर्णय गरेको छ ।

### इन्चार्जमा महेन्द्र लामा, सेक्रेटरीमा संजय साह

सिरहा, गोलबजार । नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) सिरहाको अधिवेशन सम्पन्न भएको छ । भेलाले इन्चार्जमा महेन्द्र लामा र सेक्रेटरीमा संजय साहलाई चयन गरेको छ । पार्टी स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त अधिवेशनले १७ सदस्यीय पूर्ण, ११ सदस्यीय वैकल्पिक रहेको जिल्ला समिति निर्माण गरेको छ भने नेता रामनारायण सिंहको नेतृत्वमा ५ सदस्यीय सल्लाहकार समिति समेत निर्माण गरेको छ ।

सिरहाको गोलबजार स्थित उद्योग वाणिज्य संघको हलमा ८ असारमा सम्पन्न भएको अधिवेशनमा पार्टी विविएम तथा २ नं. प्रदेश सचिव कृष्णदेवसिंह दुनुवार, केस जितेन्द्र सिंह, रामनारायण सिंह लगायतका नेताहरूको उपस्थिति रहेको थियो । अधिवेशनको उद्घाटन सत्रको अध्यक्षता हिराबहादुरले गरेका थिए भने सञ्चालन सुरेन्द्र साहले गरेका थिए ।

### क्रान्तिकारी सुकुम्बासी संघ काठमाडौंको संयाजकमा मिनकुमार रानामगर

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल क्रान्तिकारी सुकुम्बासी संघको एक भेलाले उक्त संघको काठमाडौं संयोजकमा सुकुम्बासी नेता मिनकुमार रानामगरलाई चयन गरेको छ । भेलाले मिनकुमारको संयोजकत्वमा २१ सदस्यीय जिल्ला संगठन समिति निर्माण गरेको हो । समितिको सचिवमा विजय बुढामगरलाई चयन गरेको उक्त भेलाले सदस्यहरूमा नीम बहादुर गुरुङ (बालाजु), माधव प्रसाद कोइराला (कालिमाटी टोल), सुकुमाया शेर्पा (वंशीघाट, त्रिपुरेश्वर), राजकुमार केसी (वल्खु), नवराज भुजेल, वलराम थापा (वंशीघाट), कमला सिउठानी (वंशीघाट), जीवन आलेमगर (थापाथली), श्याम परियार (वंशीघाट), कुमार विक (थापाथली) रहेका छन् । भेलामा क्रान्तिकारी माओवादी काठमाडौं सेक्रेटरी सरु, क्रान्तिकारी सुकुम्बासी संघका केन्द्रीय कोषाध्यक्ष पवन गुरुङ, अनेतारामुमोका केस मंगल तामाङ, क्रान्तिकारी माओवादी काठमाडौं १ नं. इलाका इन्चार्ज रूपा गेलाल लगायतका नेताहरूको उपस्थिति रहेको थियो । भेलाले जीतबहादुर गुरुङलाई सल्लाहकारको रूपमा चयन गरेको छ ।

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# चाँदीको हँसुली

## सुवरण माझी

गरीबदासको जन्म साधारण किसान परिवारमा भएको हो । सबैभन्दा जेठो गरीबदासका दुईजना भाइहरू छन् । उसको बाबाको पेशा मुख्य रूपले खेतीपाती नै हो । अनिकाल परेन भने आफ्नो खेतीले उसको परिवारलाई वर्षभरि खान पुग्छ । गरीबदास बालकहुँदा तराइमा बालविवाहको प्रचलन थियो । त्यसैले वऊ कामको खोजीमा बाहिर हिंड्यो ।

उसका भाइहरूको बिहे पनि सानैमा भयो । तर द्विरागमन भएको थिएन । उनीहरू घरमै खेतीपातीको काम गर्थे । गरीबदास एसएलसी पास भएकोले राजपत्रअनंकित सरकारी कर्मचारीको नोकरी पाउन सफल भयो । नोकरीको कामले गर्दा वर्षभरिमा २-३ पटक मात्र घर आउन पाउँथ्यो । गरीबदास साह्रै मितव्ययी स्वभावको भएकाले दुःखले केही रकम बचाएर बेलाबेलामा घर पठाउँथ्यो ।

गरीबदासका बुढा बाबा परिवारको सबै जिम्मेवारी जेठो छोरो भएकोले गरीबदासलाई नै सुम्पेका थिए । तर ऊ घरमा नबस्ने भएकाले माइला भाइले काम चलाउँथ्यो । सुरुमा सबै राम्रै चलेको थियो । तर पछि कान्छा भाइले चाहेजस्तो सुविधा नपाएपछि विवाद उठाउन थाल्यो ।

घरमा केही अशान्तिकै वातावरण बढ्न थाल्यो । कान्छोले कहिले जेठाको त कहिले माइला दाजुप्रति असन्तुष्टि देखाउँदै बाबासमक्ष गुनासो राख्न थाल्यो । उता आमाको स्वास्थ्य बिग्रिँदै गएको प्रति कसैको ध्यान नै गएको थिएन । बाबा आफै कमजोर थिए । घरेलु जडीबुटी गर्थे, तर त्यसबाट खासै लाभ भएको थिएन ।

दशैं बिदामा गरीबदास घर आयो । उसले आमाको स्वास्थ्य अवस्था नराम्रो देखेपछि आफ्नी दुलहीलाई सोध्यो- 'तिमीहरू सबै घरमा रहन्छौं, तर आमाको हालत यस्तो हुँदा पनि किन केही गरेनौं ।' दुलहीले आफ्नो लाचारी प्रकट गर्दै रुँदै भनिन्- 'घरमा कसैलाई केही हुँदा आमाले हेर्नुहुन्छ । आमालाई सञ्चो छैन । हामी सबै छौ, तर कोही पनि काम लाग्ने छैनौं । के गर्नु पर्ने हो मलाई पनि थाह छैन । डाक्टर मामालाई लिन पठाएपछि उहाँले दिएको ओखतीले थोरै बिसेक भा'छ ।'

गरीबदासलाई नराम्रो लाग्यो तर पनि उसले कुनै असहजता नदेखाई भन्यो- 'हेर, मेर कुनै पनि बहिनी छैनन् । हामी तीन भाइ छौं । तर छोरीजस्तो छोरा हुँदैन । छोरी-बुहारी जे भने पनि तिमी छौ । त्यसैले सासु भनेर हुन्छ कि आमा सम्झेर हुन्छ । तिमीले बढी ध्यान नदिए म छोरा त हुँ ।

गरीबदासले आमाको हत्केला आफ्नो हातमा लिएर सोध्यो- 'तपाई बिरामी भएको कही दिन भो ।'

आमाले 'म त्यस्तो बिरामी छैन बाबु ! मलाई ज्वरो छैन । शूलबाही (आउँरगत) भएको हो । त्यो निको भइहाल्छ नि ! तिमीहरू व्यर्थै चिन्ता गर्छौ । बुहारी रुन्छे । नाति रुन्छ । मलाई त्यस्तो केही भा'छैन । भन्दै आमाले निधार सुम्सुम्याउँदै- 'तिमी अनकन्टार पहाडमा छौं । धेरै धेरै दिन पछि मात्र घर आउछौं । अब तिमी आयौ । सबै ठीक भैहाल्छ' भनेर गरीबदासलाई सान्त्वना दिइन् ।

त्यो यस्तो समय थियो जुन बेला विकासको नाममा काठमाडौं-वीरगञ्जको अतिरिक्त कतै पनि सय-पचास कि.मी.को सडक थिएन । स्वास्थ्योपचारको निम्ति नजिकमा कुनै अस्पताल थिए । गरीबदासको मामा साधारण एलोप्याथिक औषधिको जानकारी भएको डाक्टर थियो । छरछिमेकमा गाउँमा सबै डाक्टर नै भन्थे- 'मखन डाक्टर' । मखनजस्तै बोली र व्यवहार । गरीबदास डाक्टरमामा कहाँ गएर सरसल्लाह गरी औषधी ल्याएर आमालाई औषधी खुवाएपछि स्वास्थ्यमा प्रगति भयो ।

दशैंको बिदा सकिनै लागेको थियो । गरिबदासले सबै परिवारका सदस्यहरूलाई एकठाउँमा बसाएर घरको बारेमा सरसल्लाह गर्ने विचार गऱ्यो । सबै बसेपछि उसले भाइहरूलाई खेतीपाती र बूढा बा-आमाको सेवा सुसार गर्न सल्लाह दियो । रूपैयाँ पैसा तत्काल नपुगे भाउजुसँग भएको चाँदीको हँसुली लहानको महाजनकहाँ बन्धकी राखेर काम चलाउनु भनेर भन्न नपाउँदै आमाले आपत्ति जनाइन्- 'हेर बाबु ! हँसुली बन्धकी किन राख्नु, तिमीले दिएको तीन सय रूपैयाँ मसित छँदैछ । काम परे त्यही खर्च गरौंला । बिचरी बुहारीलाई मैले दिएको त्यति नै हो । त्यो पनि मास्ने काम नगर्नु । तिम्रो बाबाले मेरो माइतीले दिएको थुप्रै गहना महाजनकहाँ राखी दिएर कहिल्यै फिर्ता ल्याउनु भएन ।'

गरीबदासको गहना भनेको सिंगारपटारको लागि मात्र होइन, समस्या पर्दा काम चलाउने वस्तु हो । भनेर तर्क गर्दा पनि आमाले नमानेपछि प्रस्ताव स्वतः खारेज भयो ।

गाउँका बूढापाकाले गरीबदासलाई माया र स्नेह गर्थे । धेरै दिन भा'थ्यो गाउँ नघुमेको आज उसले एकफेर घुमेर आउने र उतै मझिनी काकीसँग भेट्ने विचार गऱ्यो । मझिनी काकीलाई अरुले साह्रै चर्की भन्थे, तर किन हो गरीबदासलाई त्यस्तो लाग्दैनथ्यो । मझिनी काकीको घर अगाडि पुग्दा उनको आँगनमा मान्छेको आवतजावत भैरहेको देख्यो । गरीबदास आँगनमै पुग्यो । मझिनी काकीले केही लिन गुरु डाकेकी थिइन् । आँगनमा पुग्ने बित्तिकै मझिनी काकीले गरीबदासलाई स्वागत गरिन्- ' बाबु ! तिमी पनि मौकैमा आयौ । मैले कहीं दिन विचार गरें । गुरु आउनु भा' छ .... अब बूढी थोरै धर्मको बाटो समातूँ भनेर ।' गरीबदासले 'किन र काकी अघि अघि अधर्म गर्नु भा' थियो र ?' भनेर ठट्टाको लवजमा प्रश्न गऱ्यो ।' त्यस्तो त लाग्दैन । तापनि कहीं बाँधे प्राय कट्छु र मर्दा स्वर्ग पुग्छ, भन्छन् सबैले' मझिनी काकीले उत्तर दिइन् । घरछिमेकी र पहुनाको बीचमा धेरै बहस ठीक थिएन । गरीबदासले थप प्रश्न गरेन । कहीं बाँध्ने काम पछि गुरुले थोरै प्रवचन दिने कार्यक्रम थियो ।

गुरुजीले पाप-धर्म, कर्म-अकर्म, स्वर्ग-नर्ककै विषयमा प्रवचन दिए । गुरुको प्रवचनपछि एकजना युवाले - 'गुरुजी, तपाई स्वयंलाई कत्तिको अनुभव छ ? कि तपाईको गुरुले उपदेश दिएकै भरमा भन्नुहुन्छ ?' भनेर जिज्ञासा राख्यो । उत्तरमा गुरुजी अलि रिसाएर केही अनापसनाप भनेपछि स्थिति गम्भीर मोडमा पुग्यो । स्थितिलाई शान्त पार्ने प्रयत्नमा गरीबदासले थोरै आफ्नो कुरा राख्न चाह्यो । गुरुजीले बाहेक सबैले हुन्छ भनेपछि गरिबदासले भन्न थाल्यो- 'समाजमा धर्म, प्रथा, नीति-नियम, कानुन सबै समाजको त्यसबेलाको आवश्यकताअनुसार बन्छ, तर त्यसको औचित्य वा आवश्यकता नरहेपछि प्रभावहीन बन्छ । फेरि अर्को तयार हुन्छ । यो पूर्वदेखि फेरिंदै आएको छ र त्यस्तै हुँदै जानेछ । धर्म, आचरण, नियमजस्ता सूत्रहरू मान्छेले निर्माण गर्छ समाजले लागू गर्छ । त्यसको पछाडि व्यवहारिक आवश्यकताले काम गरेको हुन्छ । अब हेर्नुस् न त । धर्म नै धेरै थरिका छन्- हिन्दू, बौद्ध, इस्लाम, यहूदी, इसाई आदि । हिन्दूले गाई खानु हुँदैन भन्छन् । ती जुन भौगोलिक खण्डमा जन्मे र त्यहाँको लागि जे ठीक थियो, त्यहीअनुसार प्रथा, आचरण र कानुनका रूप लिंदै गए । गुरुजी एउटा धर्मका अनुयायी मात्र हुन्छ हुन्छ । रितिरिवाज, प्रथा, धर्मसंस्कृति सबैलाई आफ्नै ठाउँको राम्रो लाग्छ । त्यस्तो लाग्न छोड्यो भने त्यो परिवर्तन हुन्छ ।' गरीबदासले नमस्कार गर्दै आफ्नो भनाइ टुंग्यायो । केहीले बुझे । अरु केहीले बुझेनन् होला । तर कोही बोलेनन् । सबै शान्त थिए । ।

गरीबदास आफ्नो काममा फर्क्यो । ६ महिना बितेको थियो होला बाबाआमा बिरामी भएको चिठी पुग्यो । ऊ निकै आत्तियो । पूर्वी तराइबाट पश्चिमाञ्जल पहाडमा हुलाकबाट चिठ्ठी पुग्न एक महिना लाग्थ्यो । गरिबदास बिदा लिएर घर आयो । बाबाको स्वास्थ्यस्थिति पनि ठीक थिएन, तर आमा बढी नै अस्वस्थ थिइन् । आमालाई उपचारको लागि अस्पताल लैजाने भनेर सल्लाह गरी एकदिन लाग्यो । सबैभन्दा नजिकको अस्पताल राजविराज लैजाने सडक, यातायातका साधन केही नभएकाले पाल्कीमा बोकेर लैजान कहार (डोले) खोजी गर्न थालियो । अर्को दिन मात्र काम बन्यो । आमाले आफ्नो गाउँ छाडी बाहिर जान नमान्नुले अर्को ठूलो समस्या थपियो । स्वास्थ्य के हुने हो ? सबैको सल्लाह नजिकको डाक्टर बोलाउने कुरामा टुङ्गो लाग्यो । गरीबदासको मामाको साथी पनि डाक्टर (क्वाः) रहेछन् । तिनी छिमेकी गाउँका भएकाले लिनलाई बोलाइयो । स्वास्थ्यस्थिति निकै जटिल बनेकाले उपचारमा सफलता मिलेन । आमाको मृत्यु भयो ।

गरीबदासकी आमाको देहावसान भएपछि घरको सबै कामको भार गरिबदासकी दुलहीको काँधमा आइपऱ्यो । संयुक्त परिवार मेल र झगडाको संगम हुन्छ । कहिले मेल त कहिले झगडैझगडा, यी दुई कुरामध्ये कुनै निरपेक्ष हुँदैन । गरीबदासको परिवारमा माइली बुहारी आउँदा मेलकै सापेक्षतामा चल्दै थियो, जब कान्छी भाइबुहारी आइन्, बुहारीभन्दा कान्छा भाइको मनस्थिति नकारात्मक बन्दै गयो । अन्त्यमा छुट्टिने स्थिति आयो । गरीबदास बिदामा घरआएको बेलामा बाबाले गाउँका पञ्च डाकेर छुट्टभिन्द हुँदा नै बेस होला भनेर तीनै भाइलाई सुझाव दिए । त्यही अनुसार पञ्च डाकिए । पञ्चहरूले तीनभाइ र बुढा बाबाको भागबण्डाको आधारभूत नीति तय गर्न बाबासँग विचार मागे । बाबाले 'घरको अन्नपात, भाँडाकुँडा, गरगहना, गाइभैंसी, बाख्रा, हाँस-परेवा, जग्गाजमिन सबै सगोल मान्नु किनकि छोराहरूको बिहे गर्दा मैले घरबाट खर्च गरेको छु, अनि आएको दाइजो निजी हुँदैन नि ! पहिला मेरो जीउनी छुट्र्याउनू अनि तीनभाइको भाग छुट्र्याइदिनू' भनेर सुझाव दिए । पञ्चले तीनैभाइलाई क्रमशः सहमतिबारे सोधे । जेठा अर्थात् गरीबदास बाबाको कुरामा पूर्ण सहमति थियो भने माइलाको कुरामा प्रष्टता थिएन । कान्छाले दाइजो बाँड्न सहमत भएन । उनको थप कुरा आमाले भाउजूलाई दिएको चाँदीको हँसुलीमा आफ्नो भाग पाउनुपर्छ भन्ने थियो ।

बाबाले स्थिति स्पष्ट पार्दै भने- 'म दुई भाइसँगै हुँदा मैले ससुरालीमा पाएका गाइवस्तु घर व्यवहार चलाउँदा बेचिदिएँ । मेरी बुढियाका गहना घर खर्चको लागि महाजनकहाँ बन्धकी राखेर कर्जा लिंदा कर्जा तिर्न नसकेर मासिए । छुट्टिने बेलामा भाइले आफ्नोचाहिं बाँड्न मानेन । त्यो साह्रै अनुचित थियो । अब कोहीले मान्ने कोहीले नमान्ने भा'को छ । मैले गरीबको बिहेमा आएका भाइहरू घर व्यवहारमा खर्च गरिदिएको छु । यो माग त एउटाको घाँटी रेट्ने जस्तो भयो । मनासिब भएन । अब पञ्चले नै तजबीज गरिदिनूस् ।' पञ्चहरूले बाबाको सुझाव उपयुक्त मानेर हँसुलीलगायतका गरगहना र दाइजोमा भागबडा नलगाई अरु सबै जग्गाजमीन, घरघडेरी र जिन्सीमा बाँडफाँड गरिदिए । बा धेरै दिन बाँचेनन् । बाँकी शेषपछि जिउनी तीन भाइमा बाँडियो ।

गरीबदासकी श्रीमतीको मृत्यु भएको वर्षौ बितिसक्यो, तर गरीबदासको भाइले हँसुलीको दाबी गर्दै बेलाकुबेला हल्ला गर्न छाडेको छैन । त्यो चाँदीको हँसुलीको रोग गरीबदासको छोरा बुहारीमा सऱ्यो भने के हुने होला ? श्रीमतीसँग विमर्श गर्दा 'मैले सकेको थिएँ, अब छैन' भनेकी थिइन् । त्यसपछि गरीबदासले उसका गहना र हँसुली बारेमा कहिल्यै हस्तक्षेप गरेनन् । उनलाई केही थाह छैन तर के छोराबुहारीले विश्वास गर्लान् ? विश्वासको सङकटमा गरीबदासको परिवारको आगामी दिन सहज होला ?

जेहोस्, गरीबदास आफू पारिवारिक र मानसिक उत्पीडनमा छ, तर विचलित छैन । उसलाई थाह छ कि आपसी विश्वास टुटेपछि निजी स्वार्थको पोकोले परिवारको यात्रा बिघटनको दिशातिर धकेलिन्छ । सानो व्यक्तिवादी परिवारको विघटन भएपछि त्यसमा विशाल सहकारितापूर्ण साझा परिवार र साझा जीवनको जग हाल्न सक्ला त गरीबदासले ? घटना गरीबदासको जीवनको हो, तर समस्या सम्पूर्ण समाजको निम्ति चुनौती बनेर उभिएको छ ।

## कविता

### विचार तुहिएपछि

*ईश्वरी ओझा*

*लोभानी अनि पापानी मनमा जन्मिएपछि*
*भयो पराइ वैरीको डोलीमा अन्मिएपछि*

*जनतासित राखेका आश्वासन बडेबडे*
*भूकम्पले भताभुङ्ग भएका घरझैं लडे*

*फस्यो दुर्गन्ध नालीमा खुट्टा सुँड सबै धसी*
*तानिएला कहाँ हात्ती चुँडिएला बरु रस्सी*

*गुलियो मह मौरीको खाएर ढाडिए पछि*
*छुचुन्द्र कसरी उफ्रोस, महमा गाडिएपछि*

*रुख ढाल्छु ठूलै भन्थ्यो गर्दथ्यो शानका कुरा*
*बञ्चराकै झऱ्यो धार नकाट्ने भो जरामुरा*

*सँगालेको मनोबेग तालुमा कुहिएपछि*
*लम्कने तागतै हुन्न विचारै तुहिएपछि*

### ज्वार चलिरहेछ

● कुमार मल्ल

*ज्वार चलिरहेछ*
*जनक खेलिरहेछ*
*अझैं आलो र तातो छ मनको बह*
*नपत्याए फर्केर हेर त खनदह*
*ज्वार चलिरहेछ*
*जनक खेलिरहेछ ॥१॥*
*दिउँसोका सूर्य छन् साक्षी*
*हजारौं तारा छन् साथ*
*रातमा चन्द्रमा आफै भन्छन्*
*यी कसरी हुन सक्छन् अनाथ*
*ज्वार चलिरहेछ*
*जनक खेलिरहेछ*
*अझैं आलो र तातो छ मनको बह*
*नपत्याए फर्केर हेर त खनदह*
*ज्वार चलिरहेछ*
*जनक खेलिरहेछ ॥२॥*
*जीउँदै छन् शहीद परिवार*
*कष्टमै छन् घाइते अपाङ्ग*
*खोजी बाँकी नै छ अझैं बेपत्ताको*
*जेल हिरासत बन्दै छ हाम्रो जङ्*
*ज्वार चलिरहेछ*
*जनक खेलिरहेछ*
*अझैं आलो र तातो छ मनको बह*
*नपत्याए फर्केर हेर त खनदह*
*ज्वार चलिरहेछ*
*जनक खेलिरहेछ ॥३॥*

*अब त हामी उठ्नु छ बिना ढिलाइ*
*बढ्नु पर्छ अघि लक्ष्य चुम्नलाई*
*भ्रमको खेतीगर्ने पाखा लागी बिलाए*
*सच्चा क्रान्तिकारी अब जनताबीच आए*
*ज्वार चलिरहेछ*
*जनक खेलिरहेछ*
*कति आलो र तातो छ मनको बह*
*नपत्याए फर्केर हेर त खनदह*
*ज्वार चलिरहेछ*
*जनक खेलिरहेछ ॥४॥*

# मासिँदै यार्सा

काठमाडौं । हिमाली जीवनबुटीका रुपमा प्रख्यात यार्सागुम्बा मासिन थालेको अनुभव यस वर्षका यार्सा सङ्कलकहरुको माझमा निकै आदानप्रदान भयो । यार्सा सङ्कलकहरु चिन्तित पनि देखिएका थिए ।


हरेक वर्ष हिमालमा हिउँ पग्लिएलगत्तै एकडेढ महिनाका लागि अग्ला हिमाली लेकतिर उकालो लाग्ने उनीहरुलाई यार्सा मासिन लागेको चिन्ताले निकै पिरोलेको छ । हिमालका फेदीहरुमा गुजमुज्ज परेर बसेका बस्तीका मानिसहरुको वार्षिक आम्दानीको भरपर्दो स्रोत यही यार्सा नै हो ।

तर यार्सा भने यसपालादेखि जमीनमा उम्रन छाडेको छ । बाक्लै पाइने यार्सा पातलिँदै गएको छ । स्थानीय जनता अब वर्षदिनभरि बाँच्ने आयस्रोत सुकेको बताउन थालेका छन् ।

जीवन बुटीका रुपमा चिनिने यार्साका बारेमा नेपालमा हालसम्म कुनै आधिकारिक अनुसन्धान पनि भएको छैन र यसको संरक्षणका लागि पहल पनि गरिएको छैन । केवल जीवन बुटी हो भन्ने र व्यापारका लागि टिप्ने बाहेक अरु केही पनि गरिएको पाइँदैन ।

यसको संरक्षण र विस्तार वा खेतीका बारेमा पनि सोचिएको छैन । झट्ट हेर्दा वानस्तीय जीवित कीराका रुपमा यसलाई जमीनबाट टिपिन्छ । यो आधा कीरा र आधा वनस्पति हुन्छ । स्थानीय सङ्कलका अनुसार जीउँदोको मूल्य बढी र मरिसकेकाको मूल्य कम पर्ने गरेको छ । यार्सा संकलनका क्रममा व्यापारीहरुबीच झडप र गोली हानाहानका घटनाहरु पनि हुने गरेका छन् ।

# लोपहुँदै खसान् लोककला



काठमाडौं । पछिल्लो चरणमा आएर खसान् लोककला लोप हुँदै गएकोमा सांस्कृति विदहरूद्वारा चिन्ता व्यक्त गर्न थालिएको छ । वास्तुकला निर्माणका साथै स्थानीय जनजीवनमा केही वर्षअघिसम्म यसको उल्लेख्य प्रभाव रहेको भेटिए तापनि आजभोलि यो लोककला हराउँदै गएको छ । कतैकतै यसका अबशेषहरू मात्र भेटिने गरेको विज्ञ तथा पारखीहरूले बताउने गरेका छन् ।

सिञ्जा सभ्याता नेपालको सबैभन्दा पुरानो सभ्याता पनि हो । यसको विकास सिञ्जालगायत देशका विभिन्न क्षेत्रहरूमा ८औं देखि १६औं शताब्दीसम्म निकै हुन पुग्यो । यो नमूनाको रूपमा नै विकास भयो । इतिहासको एक कालखण्डमा यो लोककला भेषभूषा, रहनसहन, लवाइखवाइ, शिक्षादीक्षा, बोलीभाषा र कर्मकाण्डका साथै घर निर्माण, पानीपधेरा, बाटोघाटो वस्तुभाउको चरन, अतिथि स्वागत सत्कार आदि विभिन्न आयामहरूमा निकै नै कलात्मक रूपमा अभिव्यक्त भएको थियो ।

तात्कालिन राजाहरूको पालामा राज धर्म, संस्कार र संस्कृतिको रूपमा मौलाउने मौका पाएको यो सिञ्जाली लोककला स्थानीय जनताको आफ्नै पहिचान बनेको पनि थियो । तात्कालिन राजाहरूमध्ये पहिलो राजा नागराजले यसको विरुवा रोपेका थिए । त्यो मौलाउँदै जाँदा १६ औं शताब्दीमा अभय मल्लका पालामा उत्कर्षमा पुगेको बताइन्छ । त्यसबेलाका लोककलाका अवशेषका रूपमा पाण्डव गुफा जस्ता गुफाहरू र देवलहरू प्रायः ठाउँहरूमा झैं पनि अवशेषका रूपमा पाइन्छन् ।

## समृद्धिको...

तर, अत्यधिक बहुमतसहितको सशक्त सरकारले माथि उल्लेख गरिएजस्तै राष्ट्रिय सुरक्षा र विकासको समग्र खाका तयार पारेर त्यसअनुरूप कार्यक्रम निर्माण गरेर कार्यान्वयन दिशामा अगाडि बढ्दै सामान्य चर्चा र चिन्तन गर्नसमेत् असमर्थ भएको छ । त्यसका अतिरिक्त पुरानै परम्परागत शैलीमा घिसिपिटे खालको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने काममा सीमित हुन पुगेको छ ।

त्यसै गरेर बजेटको प्रस्तुति पनि पुरानै ढर्रा र कर्मकाण्डी ढङ्गले आएको छ । यहाँसम्म कि नीति तथा कार्यक्रममा उल्लेख गरिएका विषय र कार्यक्रमलाई समेत बजेटमा समेट्ने चेष्टा गरिएको छैन । जबकि वार्षिक बजेट भनेको नै सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रमलाई व्यावहारिक कार्यान्वयनमा लैजाने साधन र माध्यम हो ।

कुनै पनि देश र राज्यले विकास र समृद्धिको बाटोमा अगाडि बढ्नका लागि न्यूनतम आधारभूत शर्त भनेको सरकारी बजेटको अधिकांश मात्रा (मात्र) विकास कार्यसँग सम्बन्धित पूर्वाधार निर्माण र उत्पादनमूलक क्षेत्रमा खर्च गर्नका लागि विनियोजन (छुट्याउनु) गर्नु पर्दछ । तर नेपालको हालसम्मको बजेट निर्माण र विनियोजनको प्रवृत्ति त्यसको उल्टो रहेको छ । यहाँ त समग्र बजेटको करिब साठी (६०%) प्रतिशत तलब भत्ता जसलाई साधारण खर्च पनि भनिन्छ- तर्फ छुट्याइन्छ र अहिले पनि त्यही भइरहेको छ । त्यसमाथि पनि लज्जास्पद कुरा त के भने सरकारले उठाउने सम्पूर्ण राजस्व (कर आदि)ले उक्त साधारण खर्चसमेत् धान्न र चलाउन नपुग्ने अवस्था छ । त्यो कमीलाई पूर्ति गर्नका लागि आन्तरिक लगायतका ऋण लिनुपर्ने अवस्था भएको जगजाहेरै छ ।

देशमा उत्पादनमूलक, रोजगार मूलक र पूर्वाधार निर्माण क्षेत्रमा मुख्य लगानीकर्ता भनेको राज्य र सरकार नै हो । त्यसका लागि छुट्याइने बजेटलाई पुँजीगत खर्च भनिन्छ । त्यस्तो पुँजीगत खर्चको लगानी त झन् दयनीय अवस्थाबाट गुज्रिरहेको छ । माथि नै चर्चा गरिएको छ कि वार्षिक राष्ट्रिय बजेटको अधिकांश भाग (६०%) प्रतिशत त साधारण खर्च (तलब भत्ता) का लागि छुट्याउनुपर्ने अवस्था छ भने विकासतर्फ हुने खर्च जम्मा तीस प्रतिशत (३०%) मात्र हुन आउँछ । साधारण खर्च चलाउनसमेत ऋण लिनुपर्ने अवस्था रहेकोमा विकासतर्फ अथवा पुँजीगत खर्च गर्नका लागि राज्य र सरकारसँग आन्तरिक राजस्वबाट उठेको अर्थात् आफ्नै कमाइको पुँजी शून्य नै हुने निश्चित एवम् स्वतः स्पष्ट छ । त्यस्तो अवस्थामा अन्तर र्राष्ट्रिय दातृ निकाय र राष्ट्रहरूबाट ऋण एवम् अनुदानको याचना गर्नु बाहेकको विकल्प छैन । तर नेपालको राज्यसंयन्त्र एवम् कर्मचारीतन्त्र यति निकम्मा र जुम्सो छ कि त्यति थोरै मात्रामा छुट्याइएको पुँजीगत खर्च गर्न सक्ने क्षमतासमेत् राख्दैन । यसप्रकारको अक्षम र क्षमताविहीन राज्यसंयन्त्र र कर्मचारीतन्त्रलाई आमूल परिवर्तन गर्ने कुरो त परै जाओस् सामान्य सुधार र रूपान्तरणसम्म गर्ने सोचसमेत प्रस्तुत गर्न सकेको छैन ।

देशमा समृद्धि र सम्मुन्नति ल्याउन र त्यसलाई कायम राख्नका लागि उत्पादन बढाउने र रोजगारी सिर्जना गर्ने गरी योजना तर्जूमा र कार्यान्वयन गर्नु पर्दछ । त्यसमा पनि सस्तो र राम्रो वस्तुतः (माल) उत्पादन गरी अन्य देशहरूमा निर्यात गर्नु पर्दछ । जसले गर्दा अन्य देशहरूसँगको व्यापारलाई सकेसम्म सन्तुलनमा राख्ने त्यसो हुन नसके पनि व्यापार घाटालाई न्युनीकरण गर्न सकिन्छ । जसले गर्दा देशको पुँजी र श्रम देश निर्माणका लागि लगाउन सकिन्छ । तर आज आएर देश लगभग परनिर्भर हुन पुगेको छ । अधिकांश उपभोग्य एवम् अन्य सामानहरू भारतबाट आयात हुन्छ । परिणामस्वरूप भारतसँगको व्यापारघाटा सन्तुलन नै हुन नसक्ने गरी चुलिएको छ । मानौ नेपाल राज्य र सरकारको मुख्य काम भनेको नै देशलाई परनिर्भर र परमुखापेक्षी बनाउने मात्र हो ।

देशमा उत्पादनमूलक र रोजगारी सृजना गर्ने उद्योगधन्धा निर्माण र सञ्चालन गर्नेतर्फ राज्य र सरकार चिन्तन शून्य नै भएर बसेको छ । त्यति मात्र होइन विगतमा मित्रराष्ट्रहरूको सहयोगमा स्थापना भएका उद्योगधन्दाहरू समेत् कथित उदारीकरण र निजीकरणको नाममा ध्वस्त पार्ने काम भयो । आज देशमा रोजगार उपलब्ध नभएका कारणले गर्दा अधिकांश युवा जनशक्ति वैदेशिक रोजगारीका लागि विदेश पलायन भएका छन् । वैदेशिक रोजगारीमा गएको जनशक्तिले पठाएको विप्रेषण (रेमिट्यान्स)ले देशको अर्थतन्त्र धानेको अवस्था छ । तर सरकारले विप्रेषणबाट आउने पैसालाई पुँजीकृत गरेर उत्पादनमूलक क्षेत्रमा लगाउने नीति बनाउनेतर्फ कुनै योजना बनाएको छैन । फलस्वरूप विप्रेषणको खर्च दैनिक जीवन गुजारा (सञ्चालन)मा नै भएको छ । त्यति मात्रै होइन सियो बनाएर निर्यात गर्न नसक्ने देशले एकैचोटी उच्च प्रविधिको रङ्गीन टेलिभिजन र आइफोनको आयात गर्दछ । जसले गर्दा विकृत उपभोक्तावाद मौलाइरहेको छ । अहिले रोजगारीका लागि गइरहेका देशहरूमा सङ्कट उत्पन्न भएमा गम्भीर स्थितिको सामना गर्नुपर्ने कुरा स्वतःसिद्ध छ ।

देशको बहुआयामिक विकास र समृद्धिको लागि अत्यावश्यक कुरा भनेको ऊर्जा (विद्युत) हो । ऊर्जाको अभावमा आधुनिक विकास, निर्माणका कार्यहरूको कुरै छोडौं आम नागरिकको दैनिक जीवनसमेत सहज ढङ्गले सञ्चालन हुन सक्दैन । अपार जलस्रोतको धनी देशमा आजसम्म राज्य र सरकारका तर्फबाट ३ सय ८० मेगावाट मात्र विद्युत उत्पादन भएको छ भने निजी क्षेत्रबाट १ हजार ७ सय ७० मेगाबाट गरी जम्माजम्मा २०५० मेगावाट क्षमता रहेको छ । तर देशमा लोडसेडिङ हटाउनसमेत भारतबाट विद्युत आयात गर्नुपर्ने अवस्था रहेको छ । हालसम्म भारतबाट ९ सय मेगावाट विद्युत आयात गर्ने सम्झौता भइसकेको छ जुन देशमा उत्पादित विद्युतभन्दा दोब्बर जति नै बढी हो भने ४ सय ६० मेगावाट त आयात भइसकेको छ । यस्तो स्थिति रहनु भनेको राष्ट्रिय सुरक्षाकै दृष्टिकोणले निरीह अवस्था हो । त्यति मात्र होइन, कथित राष्ट्रवादको डङ्का मचाउने तत्वहरूले कोशी, गण्डकी, महाकाली, कर्णालीजस्ता भारतसँग भएका राष्ट्रघाती सन्धि-सम्झौताहरूको विरासतलाई अगाडि बढ्दै पछिल्लो समय अरुण नदीसमेत विदेशीको पोल्टामा बुझाएका छन् । भारतसँग विगतदेखि हुँदै आएका नेपालका हित विपरीत भएका सम्पूर्ण असमान सन्धि-सम्झौताहरूलाई अक्षरशः पालना र कार्यान्वयन गर्ने बचनबद्धता जनाएका छन् । त्यसैगरी चीन र भारतका बीचमा व्यापारिक नाका खोल्दा लिपुलेकमा नेपालको सार्वभौमिकता र भौगोलिक अखण्डता हरण भएको विषयमा मौनता साधेर बसेका छन् ।

देशको ग्रामीण क्षेत्रमा जथाभावी निर्माण गरिएका कच्ची सडकहरूका कारणले प्रतिदिन जसो नागरिकहरूले सडक एवम् यातायात दुर्घटनाका कारण ज्यान गुमाइरहेका छन् । त्यसैगरी स्वयम् राजधानी काठमाडौंकै सडक र यातायात अस्तव्यस्त अवस्थामा रहेको छ । तर भूपरिवेष्ठित देशमा पानीजहाज चलाउने र मोटरबाटो व्यवस्थित गर्न नसक्ने राज्य र सरकारले बुलेट ट्रेन चलाउने लफ्फाजी बाँडिरहेको छ । दुई छिमेकी देशहरू चीन र भारतले काठमाडौंसम्म नै रेल ल्याउने बताएका छन् । नेपालको गएगुज्रेको हैसियत छिमेकीहरूलाई राम्रोसँग थाहा छ । त्यसैगरी नेपाल सरकारले छिमेकीहरूकै निगाहका लागि याचना गर्ने बाहेक विकल्प छैन । छिमेकीहरूले लगानी गरे पनि आफ्नो स्वार्थसहित गर्ने छन् । त्यसअर्थमा उनीहरू लगानी र सहयोगका नाममा साहुजी भएर ऋण बोकाउन आउने हुन् । ऋणमा डुबेर हुने पूर्वाधार विकासले अन्ततः देशको स्वाधीनताको अन्त्य र पराधीनताको पराकाष्ठा हुनेछ ।

नेपालको सन्दर्भमा गम्भीर प्रकारको विडम्बना के हुँदैआएको छ भने राजनीतिक आन्दोलन र सङ्घर्षपश्चात राज्यसत्तामा जाने तत्वहरू परिवर्तन भए पनि उनीहरूको प्रवृत्ति र संस्कृति उही रहने गरेको छ । जसले गर्दा राजनीतिक परिवर्तन सामान्यतः प्रगतिशील र अग्रगामी दिशातर्फ नै भएको छ । तर देशको आर्थिक, सामाजिक र सांस्कृतिक परिवर्तन मूलतः यथास्थितिमै रहने गरको छ ।

वर्तमान अवस्थामा त झन् 'कम्युनिष्ट पार्टी'को नाममा निर्वाचनबाटै अत्यधिक बहुमत प्राप्त गरेर सरकार निर्माण गरेको अवस्था छ । तर तिनीहरू सच्चा कम्युनिष्ट होइनन् र नाम मात्रका कथित कम्युनिष्ट हुन् । त्यसकाराले गर्दा माथि नै चर्चा भइसकेको छ कि उनीहरूले अवलम्बन गरेका नीति, कार्यक्रम र त्यसका आधारमा ल्याइएको बजेट नेपाली काङ्ग्रेसलगायतका प्रतिक्रियावादी पार्टीहरूले प्रस्तुत गर्ने गरेको भन्दा आधारभूत रूपमै फरक छैन । त्यसैगरी उनीहरूको संस्कार, संस्कृति र जीवनशैलीले पनि त्यही कुरा प्रमाणित गरिरहेको छ ।

यी सबै सन्दर्भमा बुझ्नुपर्ने महत्वपूर्ण विषय के छ भने वर्तमानमा स्थापित रहेको राज्यसत्ता उत्पीडित वर्ग, जाति, लिङ्ग र क्षेत्रको हितका पक्षमा छैन । त्यसैगरी राज्यसत्ताको नेतृत्व गरेका र त्यसमा हालीमुहाली चलाएको वर्ग र तत्वहरू शोषित, पीडितवर्गको सच्चा प्रतिनिधि होइनन् भन्ने व्यवहारतः पुष्टि भएको छ । त्यसकारण राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विषयहरूलगायत राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक परिवर्तनको पक्षमा आन्दोलन र सङ्घर्ष अझ टड्कारो र अपरिहार्य भएको छ । त्यसका लागि देशमा जनगणतन्त्र स्थापना गरी वैज्ञानिक समाजवादको प्राप्तिको दिशामा लगातार अगाडि बढ्नुपर्ने आवश्यकता छ । त्यसले परिवर्तन इच्छा र कामनाले मात्र नहुने भएकाले सच्चा क्रान्तिकारी शक्तिले त्यसका लागि व्यापक पहल र नेतृत्व प्रदान गर्नु पर्दछ ।

## आठ विद्यार्थी...

चरणबद्ध आन्दोलन चर्काउँदै आएका छन् । आन्दोलनरत आठ विध्यार्थी संगठनहरूमा क्रान्तिकारी माओवादी निकट अखिल (क्रान्तिकारी)का अतिरिक्त नेकपा (विप्लव) निकट अखिल क्रान्तिकारी, नयाँ शक्ति विध्यार्थी संगठन, राजपा विध्यार्थी संगठन, संघीय समाजवादी फोरम विध्यार्थी संगठन, अखिल (पाँचौं), पुनर्गठित माके निकट अखिल (क्रान्तिकारी), र राष्ट्रिवादी विध्यार्थी संघ रहेका छन् । उनीहरू केही महिनाअघिदेखि निरन्तर आन्दोलनमा रहेका छन् ।

## एसईईको...

छ । त्यसैले लेटर ग्रेडिङ निरन्तर ओरालो यात्रामा छ ।

प.नि.का. भक्तपुरका अनुसार यसवर्षको परीक्षामा नियमित धारतर्फ चार लाख ५१ हजार ५३२ परीक्षार्थी सहभागी थिए । यस्तै प्राविधिक शिक्षातर्फ ८ हजार ९०६ जना परीक्षार्थी थिए । सार्वजनिक गरिएको नतिजाअनुसार नियमिततर्फ जीपीए ३.६५ देखि ४ सम्म १४ हजार २ सय ३४ जना रहेका छन् ।

त्यसैगरी जीपीए ३.२५ देखि ३.६० सम्म ४६ हजार १ सय ३० विद्यार्थी रहेका छन् भने जीपीए २.८५ देखि ३.२० सम्म ४९ हजार ३७ रहेका छन् । त्यसै गरी जीपीए २.४५ देखि २.८० सम्म प्राप्त गर्नेमा ७० हजार ५ सय १२ जना रहेका छन् ।

२.०५ देखि २.४० जीपीए प्राप्त गर्नेमा ६१ हजार ८ सय ७० जना रहेका छन् भने १.६५ देखि २.०० जीपीए प्राप्त गर्नेमा १ लाख १ हजार ४३ जना रहेका छन् ।

## प्रम ओली...

र भारतका बीचमा सहकार्यको कुरा उठाएर हास्य पात्र पनि बने ।

नेपाल लगायतका विश्वका जानकारहरू भन्छन्- ओलीले गरेका यी सबै सम्झौताहरू चीनका आफ्ना नीति, रणनीति र योजना अन्तर्गत भएका हुन् । चीन भन्दा पहिले उनले भारतमा गएर गरेका सबै सहमति र सम्झौताहरू पनि भारतीय चाहनाका आधारमा भएका थिए ।

## नेताहरू नै...

छन् । डा. केसीका अनुसार 'माफिया भनेको त राजनीतिक दलभित्र पो रहेछन्, माफियाले दललाई र दलले माफियालाई' पो सञ्चालन गर्दा रहेछन् ।

केसीले थप जोड दिए- समाजवादउन्मुख संविधान, गणतान्त्रिक देशमा समाजवाद निर्माणका नाममा शिक्षा र स्वास्थ्य क्षेत्रलाई चरम व्यवसायीकरण गरेर देश माफियाको हातमा पुऱ्याउने धन्दा बन्द गरिनु पर्छ ।


## ओली सरकार...

निर्णय सार्वजनिक गऱ्यो । त्यो निर्णयले आजका दिनसम्म यात्रुहरूका यात्रा निकै कष्टपूर्ण बनायो । तर समाजवाद निर्माण गर्ने वाम सरकारले आखिर चिसै पानीले नुहायो ।

सिण्डिकेट अन्त्य हुने सर्वसाधारणको आँकलन असत्य साबित भयो । हालको सरकारी संयन्त्र, यसको सञ्चालन, यसको तौर तरिका र ढङ्ग, यसले सम्पादन गर्दै आएका कामकारबाही, लापरवाही, भ्रष्टता, स्वेच्छाचारिता, अनियमित काममा संलग्नता आदिले काममा निकै नै बाधा पुऱ्याए । उता नेताहरूका लागि आफूहरू संलग्न माफियाको जालो, संस्थागत तस्करीको सञ्जाल, मासिक र सप्ताह उठ्ती, रकमको चलखेल, पार्टी प्रवेश, शेयरमा नेताहरूको सम्मिलन, आफ्ना केटाहरूको भर्ती, कालो-सेतो-पहेंलो ओसारपसारमा सहयोग आदि थुप्रै कुराले बाधा पुऱ्याए ।

सरकारका मन्त्री र मन्त्रालयका सचिवसहित विभागका प्रमुखहरू लाजै नमानी भन्छन्- 'साउनदेखि नै सवारीलाई कम्पनी मोडलमा ल्याउन सम्भव छैन । सिन्डिकेट हटाउन गहिरो गरी अध्ययनसहित गृहकार्य गर्नुपर्ने हुन्छ ।' असार-साउन कटाउन उनीहरू भन्छन्- 'अध्ययन र गृहकार्य मात्रै साढे दुई महिनाभन्दा बढी लाग्छ । कुन मोडलमा सञ्चालन गर्ने भन्ने पनि फेरि छलफल हुनै पर्छ ।'

अब त सजिलो पनि भएको छ कुरा । देश संघीयतामा गएकाले प्रदेशले के के गर्ने हुन्, थाह छैन । त्यसैले प्रदेशको पनि पर्खनु पर्छ ।



दुर्वाच्य

रामचन्द्र हुमागाई



## ऋण काढेर मनाएको खुसियाली

ओली सी र मोदी, यी तीनजना यतिवेलाका नेपाल, चीन र भारतका प्रतिनिधि पात्र हुन । सिङ्गो दक्षिण यसियाको प्रतिनिधित्व गर्ने भारत र चीनको बिचमा रहेको सानो तर निकै पुरानो अस्थित्व बोकेको नेपाल यतिवेला अएर भारत र चीनको असल मित्र सावित हुने निकै ठूलो अवसर पाएको छ, जुन सयौं वर्ष अगाडि पाउँनुपर्थ्यो । हुन त 'समय आउँनुपर्छ' भन्ने भनाइ छ, त्यो समय आएको हो कि भन्ने कुरामा केही विश्वसनियता पलाएको छ । पछिल्लो पटक भारतले लगाएको नाकाबन्दीका कारण चीनसँग अझै नजिकिने अवसर मिल्यो तर बिगतको जस्तै अन्धभक्त बफादारीमा मात्रै रमाएर हिड्ने हो भने यो पाएको अवसर पनि गुम्ने खतरा पनि सँगसँगै हिडिरहेको छ । बिगतमा एउटाले दक्षिण तर्फ मात्रै बफादारिता दर्साउँने अर्कोले उत्तर तर्फबाट आएको दुर्गन्धलाई पनि नाकसम्म पुऱ्याएर सुँग्दा पनि कहाँ गन्हाएको छ ? भन्ने नौटँकीले नेपालको भविश्य उदाँग भैरहेको थियो र दक्षिणले भाषा, संस्कृति, रोटी र बेटीको साइनो लगाएर जोड्न खोजेको आफन्तवादी समाजवादको अव अन्त्य हुनुपर्छ ।

यो समाजवाद विचित्रको हुन्छ, नैतिकतालाई बन्धकी राखेर अधिनायकवादको फुली लगाएको यो व्यवस्थाले बिस्तारै परिवारवादको रूप लिएपछि नैतिकता कसैमा रहँदैन । यदि रहन्थो भने विश्वमै यतिवेलासम्म समाजवादको विकुल बजिसकेको हुने थियो । बिकल्पमा व्यापार गर्न हिन्दुस्थान प्रवेश गरेको बृटिशको ठेकेदार इष्टयण्डिया कम्पनीले त्यहाँ सयौंवर्ष राजगर्ने नै थिएन । नेपालजस्तो सानो देशमा १०४ वर्षसम्म राणाहरू र २००७ साल देखि अहिलेसम्म राजा, पञ्च र नौटँकी प्रजातन्त्रवादीहरूले रजाइँ गर्ने नै थिएनन् । यतिवेलासम्म आउँदा नेपाली समाज त कस्तो भएछ भने जहाँ जसले जे भने गरे पनि मुकदर्शक भएर हेरिरहने भैसको रहेछ । समाजवादमा त वाद र प्रतिवादको घमासान वाकयुद्ध पो हुनुपर्ने होइन र !

जे होस्, विगतलाई विर्सिदिउँ, परिवारलाई सुलीमा चढाएर आफू सत्ताको हालीमुहाली हुने कुकर्मलाई विर्सिए जस्तो होइन है फेरी, बिगतमा अग्रगती मार्गमा लागेका तगाराहरू पन्छाउँदै कुकर्महरू मात्रै विर्सौं भन्न खोजिएको मात्रै हो, अब सन्सारलाई त्यागेर नेपालमा शुसासनले प्रवेश गरिसकेको छ । यतिवेला जो मैले गरेको, म गर्दैछु भन्नेहरू पर्दावाहिरका पात्रमात्रै हुन । चीनलाई आफ्नो व्यापार फस्टाउँनु छ, त्यसैले केरुङ्ग हुदै रेलमार्ग भित्र्याउँदै छ । भारत सयौंवर्ष देखि नेपालमा गर्दै आएको एकाधिकारवाद खुस्कने भो भन्ने चिन्तातूर छ, त्यसैले नेपालले जे भन्यो त्यही गर्ने खोक्रो आश्वाशासन वितरण गरिरहेको छ । यि र यस्ता कृयाकलापबाट मख्ख परेर नेपालमा साम्रज्यको सपना देख्नु दिउँसो देखिने सपना मात्रै हो ।

वास्तवमा नेपाल नेपालीलाई दुखेको छ । यहाँ केही पनि हुँदैन भन्ने होइन, नेपालमा नहुने केही छैन । अहिले तत्कालका लागि अर्थ छैन, अर्थ विना अर्थात आगोको ज्वाला नदन्काई फलाम पग्लिनेवाला छैन तर त्यो आगो पहाड सल्काएर सल्किंदैन । आगो वाल्न त उर्जा नै चाहिन्छ, पहिले जस्ले उर्जा उत्पादन गर्छ उसैले आगो पनि वाल्छ ।

चीनले नाका खोलिदिने भयो, हामीले नेपाललाई स्वर्ग बनाइदिन्छौं, भारतले नाकाबन्दी नलगाउँने प्रतिबद्धता जाहेर गऱ्यो, अब हामी कहाँ इन्धनको समस्या हुनेछैन, अमेरिका, जापान र अन्य देशले सडक, रेल र अनेक भौतिक सँरचना निर्माण गरिदिने भए भन्दैमा यो देश स्वर्ग भैस्यो भन्नु मुर्खता मात्रै हो तर शूरुआत चाँही मान्नैपर्छ ।

स्वर्गको अनुभूति गर्न त हरेक नेपालीले म यो देशमा जन्मिएर यति गरें, त्यसैले म निर्धक्क जन्मदिन मनाउँछु, भन्दै सार्वजनिक पर्खालमा फोटो रँग्याएर रमाउँन सक्नुपऱ्यो । ऋण काडेर मनाएको जन्म दिनको खुसियाली के खुसियाली ।

## सडक...

उत्तराधिकारीको रूपमा विश्लेषण गर्न थालिएको छ । नयाँ जनवादी क्रान्तिको बाँकी कार्यभार पूरा गर्न क्रान्तिकारी माओवादीले आजसम्म भए गरिएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनका सकार र नकार पक्षको निर्मम समीक्षा गर्दै त्यसबाट महान शिक्षाहरू लिंदै क्रान्तिको प्रक्रियामा आफूलाई अगाडि बढाउदै आएको छ र यस प्रक्रियामा क्रान्तिकारी पार्टी, क्रान्तिकारी संयुक्त मोर्चा र क्रान्तिकारी सेना निर्माणको आवश्यतामाथि विशेष जोड दिंदै आएको छ ।

**अब सडक संघर्षमा जोड**

क्रान्तिको आगामी रणनीति निर्माणमा जट्दै गरेको क्रान्तिकारी माओवादीले अब संघर्षमा जोड दिने भएको छ । पार्टी स्थायी समिति सदस्य राजवीरका अनुसार क्रान्तिकारी माओवादी अब संघर्षको कोर्षमा अगाडि बढ्ने छ । राष्ट्रियता, जनतन्त्र र जनजीविकाको क्षेत्रमा रहेका विकराल समस्याहरूको समाधानका लागि संघर्षको विकल्प नरहेको कुरा उहाँले बताउनु भएको छ ।

ओली नेतृत्वको सरकारले हल्ला गरेजस्तो मुलुकमा स्थायित्व र समृद्धि कायम हुने कुनै आधार नरहेको र सरकारले संसदमा प्रस्तुत गरेको नीति तथा कार्यक्रम र बजेटले पनि त्यसको कुनै संकेत नगरेकोले जनता ओली र ओली नेतृत्वको सरकारको भ्रमबाट मुक्त हुँदै गएको बताउनु भयो । मुलुकमा विद्यमान सबै खाले समस्याको वास्तविक समाधानका लागि अब संघर्षको विकल्प नरहेको भन्दै ढिलो चाँडो जनता सडकमा उत्रन बाध्य हुने पनि उहाँले बताउनु भयो । क्रान्तिकारी माओवादी नेपाली राजनीतिको वैकल्पिक शक्ति भएकोले अब सडक संघर्षको आवश्यकतामाथि जोड दिंदै आगामी केन्द्रीय समितिको बैठकबाट संघर्षको योजना तर्जुमा गर्ने बताउनु भयो ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
मितेरी यातायात एण्ड अटो प्रा.लि.
प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-५२२५२८१, ५२२५०३४
बिक्की शर्मा गुरागाँई (९८५११९५८८९)
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
नारायणी यातायात व्यवसायी संघद्वारा संचालित
टाटा सुमो सेवा
काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, सिजाड, रातपुर
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं ।

रोयल बुईपा A/C जम्बो हाईस
गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म
काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का - ९८४२८३७७९३
- ९८१७७११६९७
इन्द्र कट्टेल - ९८१६८१५२९०
गाईघाट सम्पर्क नम्बर
फोन नं. ०३५-४२१६८३
पुरुषोत्तम खनाल - ९८५२८३५६९०
- ९८१५७८६८७४
दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।



हिमाल-तराई यातायात सेवा समिति
यहाँ काठमाडौंबाट सिन्धुली, बर्दियावास, ढल्के, जनकपुर, जलेश्वर, लालबन्दी, बयलवास, रामेछाप, मन्थली, च्यास्कु, भालुथोक, घुर्मी, बेतिनी, कटारी, गाईघाट, जयराम, हलेसी, दिक्तेल, मानेभञ्जाङ, ओखलढुंगा, सोलु, सल्लेरी, भीमान, मरिन, डकाहासम्मको टिकट पाइन्छ ।
टाटासुमो बोलेरो
काठमाडौं फोन
१-५१००४९४
९८४११०६९६७
(सञ्जीव भण्डारी)
९८४४०३१५९
(शम्भु थापा)
(रिजर्भ चाहिएमा)
सिन्धुली फोन
०४७-५२११६९
०४७-६९१३३२
९७४४०२२७३५
९८४४२५२३८५
९८१२०७५६९८
९८६०१०२७३७
९८४४०८४०
रिजर्भ चाहिएमा सम्पर्क
सानोभाई फलफूल एण्ड जुस भण्डार
सिन्धुली जुनार भवन ९८४४२५२३८५
९८४४०७६२६१, ९८३९२८४३०

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

## आलोपालो

# यस्तो दबाब दिइन्छ नेपाल र नेपालीलाई



● वृद्धिनारायण श्रेष्ठ

भारतबाट संस्थागत र व्यक्तिगत रूपमा नेपालीहरूमाथि दबाब निकै आउने गर्दछ। एउटा घटनाको स्मरण गराऔं। एक सेमिनारमा भारतीय राजदूत राकेश सूद मेरो नजिकै आए। त्यति बेला हामी गोकर्ण फरेस्ट रिसोर्टमा आयोजित एक सेमिनारमा म सहभागी भएको थिए । साँझमा रिफ्रेशमेन्टका लागि कक्टेल डिनर चलिरहेको थियो। सूद मेरो नजिकै आएर हप्काएको स्वरमा बोले- 'मिष्टर श्रेष्ठ ! ह्वाई आर यु प्रोभोकिङ द्याट द बाउन्डरी स्ट्रिप प्रिपेयर्ड शुड नट बी साइन्ड ?' त्यसपछि मैले उनलाई स्पष्ट पार्ने ध्येयले जवाफ दिए- 'योर एक्सलेन्सी ! आई एम् नट् प्रोभोकिङ। दिस इज नट माइ बिजनेस। दिस इज द बिजनेस अफ द गभर्नमेन्ट। प्लिज आस्क टु द सेक्रेटरी अफ फरेन अफेयर्स। बट् ह्वाट् आई ह्याभ लर्न्ट एण्ड स्टडिड्, आई शुड ह्याभ टु मेक अवेर टु द नेप्लिज पिपल एज वेल एज इण्डियन पिपल।' यति कुरा गर्दै गर्दा प्रा. डा. लोकराज बराल र तात्कालिन जर्नेल बालानन्द शर्मा मकहाँ आउनु भयो र राकेश सूदले उहाँहरू तिर फर्केर कुरा गर्न थाले। यस्तो छ इण्डियाको र इण्डियन अफिसरको हेपाहा प्रवृत्ति !

मैले तत्काल कान्तिपुर दैनिकमा एउटा लेख पनि छपाए, यसबारेमा। म जस्तो 'लो प्रोफाइल'को मान्छेलाई त यस्तो दबाब आउँछ भने हाइ प्रोफाइलका सरकारी कर्मचारी र मन्त्रीहरूलाई कति र कुन खालको दबाब वा धम्की आउँछ होला ? नेपालका कति मन्त्री र कर्मचारीहरू यस्ता धम्की र प्रलोभनका सिकार हुन्छन् र भएका छन् होला ?

हालको ९७ प्रतिशत काम भएको भनिएकोमा त्यसको कागजी सीमांकन गरी १८२ थान नक्शा बनाइएको जानकारीमा आएको छ। त्यो पनि अशुद्ध र अतिक्रमित छ। सामान्य उदाहरण लिऔं। बर्दियाको चौगुरुजी भन्ने ठाउँ छ। त्यहाँ सहादत अलि धोबी भन्ने नेपाली नागरिक छन्। यी नेपाली नागरिकको दुई बिघा दश कट्ठा जमीन भारततिर लगिदिएका छन्। ती धोबीले बर्दियाको सीडीओसँग बारम्बार भनिरहेका छन् कि 'हजुर नेपालले दिएको २ बिघा १० कट्ठाको लालपट्टाको कागज मसँग छ। तर मेरो लालपट्टाअनुसार जमीन भारतीयले मिचेर खाइदिएका छन्। त्यहाँ पुगेर मेरो जमीन हो यो लालपट्टा हेर भनेर भन्दा पनि यदि यहाँ खुट्टाले मात्र टेकिस् भने तेरो खुट्टा भाँचिदिन्छौं भन्छन्। अब म नेपालले दिएको कागजको खोस्टो बोकेर खान नपाएर भोकभोकै मरौं कि मेरो जमीन लगिदिएको ठाउँमा गएर भारतीय नागरिक भएर बसौं ?

नेपालको सीमानाको अवस्था यस्तो छ। नेपाल सरकारले दिएको लालपूर्जाको जमीन नै नेपालको सरहदभित्रको जमीन हो भनी दिलाउन यो सरकारले अझैं सम्म पनि सकिरहेको छैन। बस्ती बसेको ठाउँमा त यस्तो हालत छ, झन् बस्ती नै नभएको जङ्गली सीमानामा कति धेरै सीमा अतिक्रमण भएको होला ? यो कल्पनासम्म पनि गर्न सकिदैन।

अहिले ९७ प्रतिशत काम सकिएको भनिएको 'स्ट्रिप नक्शा'मा यी समस्याहरूको समाधान होइन, बरु मिचिएका सीमा र जमीनमाथि वैधानिक मोहर लगाउने भारतीय चालबाजी रहेको प्रष्ट बुझ्न सकिन्छ। कतै राकेश सूद जस्ता भारतीयहरूले बर्दियाका सहादत धोबी जस्ता नेपालीहरूका जमीन भारतीय सीमाभित्र पार्न र हजारौं हेक्टर अतिक्रमित जमीन सीमाभित्र घुसाउन यो ९७ प्रतिशत काम पूरा भएको भनिएको त छैन ?

**बाँकी ३ प्रतिशत कहाँ पर्छ त ?**

बाँकी रहेको ३ प्रतिशत भनिएका ठाउँहरूमा कालापानी, सुस्ता, सन्दकपुर, ठोरी, प्यारा नाला, भादा नाला आदिआदि निकै विवादित ठाउँहरू पर्दछन्। सीमाङ्कन गर्ने वातावरण यति धेरै धमिलो र अमिलो बनाएको छ भारतीय पक्षले। नेपालको एक वर्ग किलोमिटर भूभाग मात्र पनि मिचियो भने त्यस भित्र बस्ने ५०० जना नेपाली भूमिहीन हुन्छन्। वा, उनीहरूलाई सीमा मिचेर भारतीय बनाइन्छ।

नेपालको कूल क्षेत्रफल १ लाख ४७ हजार १८१ वर्ग किलोमिटर छ। यसमा पचास हजार वर्ग किलोमिटर जमीन भारतले मिचिदियो भने ३ करोड जनतामध्ये १ करोड जनता भारतीय वासिन्दामा परिणत हुन्छन्। त्यसपछि नेपालको अस्तित्व के होला ? विश्वको नक्शामा नेपाल देश के होला ? त्यसैले एक इञ्च जमीनको पनि रक्षा गर्नुपर्छ।

नेपालीले सार्वभौमिकता, स्वतन्त्रता र अखण्डतालाई कायम राख्ने हो भने हामी एकजुट भएर एकसाथमा रहनु पर्छ। पूर्वी नेपालको पुपति नगरको आधा रोपनी जमीन, जुन अहिले भारतले मिचेको छ, त्यो पनि हाम्रो सम्प्रभुता भित्रको जमीन हो। हाम्रा शासक र सत्तासीन पदाधिकारीहरूलाई यो कुरा थाह छैन। यसको बारेमा हामीले लेखेर, बालेर, ज्ञापनपत्र दिएर, विरोध प्रदर्शन गरेर तिनका कानमा भरिदिनु पर्छ र आँखा अगाडि देखाइदिनु पर्छ।

जनतामा चेतना जगाएर व्युँझाउनु पर्छ। कहिलेकाँही भारतले सकारात्मक कुरा पनि गर्ने गरेको छ। भारतीय प्रधानमन्त्री मनमोहन सिंहले भनेका थिए नेपालले चाहेको के हो, राम्रोसँग गृहकार्य गरेर आओस्, हामी सीमा समस्या समाधान गर्ने पक्षमा छौं। तर नेपालले कहिल्यै पनि त्यसखाले गृहकार्य गरेको छैन। यही कारणले हो हामी नेपाली पछि परेको। भारत विश्वको एक ठूलो प्रजातान्त्रिक देश पनि हो। यसको आफ्नै छबी पनि छ विश्वमा। नेपाल जस्तो सानो छिमेकी देशको सीमा मिचेर विश्वमा उसलाई बेइज्जती कमाउन पनि त छैन। नेपालको त सीमा मिचिएकै छ। सीमा मिचेर नेपालीहरूलाई प्रताडित बनाइएको पनि छ। नेपालीमाथि गरिएको थिचोमिचो, मर्का र वेदना विश्व जगतले पनि त सुन्ला र हेर्ला नै ?

नेपालका कार्यकारी शासकहरू भारतीय शासकका अगाडि कहिल्यै पनि खुलस्त भएर बोल्न सकेनन्। आँट पनि त गर्नु पर्‍यो। आफ्ना र आफ्ना जनताका कुराहरू अन्तर्राष्ट्रिय जगतसमक्ष पुण्क्याउन सक्नु पर्छ।

हामी नेपालीले अन्याय गरेको हौयन, बरु हामी नै अन्यायमा परेको हो। कतिपय भारतका कुरा पनि सुन्नु पर्छ। उसले नेपालको भूमिबाट भारतलाई सुरक्षा थ्रेट भएको बताएको छ। नेपाल सरकारले यसबारेमा भारतलाई विश्वस्त बनाउन सक्नुपर्छ। विश्वमा शान्ति कायम गर्न सक्ने नेपाली सेनाले आफ्नै भूमिमा सुरक्षा कायम गर्न सक्दैन र ? यति ठूलो प्रहरी बल छ। सशस्त्र प्रहरी बल छ। नेपाल सरकार किन बोल्दैन ? हामी चाहन्छौं नेपाल सरकार बोलोस्।

यदि त्यसो गरिएन भने यस्ता निर्धा, अबोला, आलकाँचा नेता तथा प्रशासकहरूले नेपाललाई कहाँ पुर्‍याउलान् ? एउटै घटनालाई लिऔं। मोदी सरकारले विनासित्तैमा हामी नेपालीमाथि चारचार महिना नाकाबन्दी लगायो।

कोही नेताले यो नाकाबन्दी हो भनेर अन्तर्राष्ट्रिय जगतलाई भन्नसम्म पनि सकेनन्। हेल्सिन्स्कीको अन्तर्राष्ट्रिय अभिसन्धीअनुसार भूपरिवेस्ठित देशहरूलाई कुनै पनि बाहनामा नाकाबन्दी गर्न पाइँदैन। त्यो अन्तर्राष्ट्रिय मान्यताअनुसार दण्डनीय हुन्छ।

# क्रान्तिकारी माओवादी धादिङको सेक्रेटरीमा विश्वास

धादिङ। नेकपा (क्रान्तिकारी माओवादी)को शनिबार सम्पन्न जिल्ला भेलाले जिल्ला सेक्रेटरीमा विश्वासलाई चयन गरेको छ। पार्टीका केन्द्रीय सदस्य गोविन्दको प्रमुख उपस्थितिमा सम्पन्न भेलाले दुई सदस्य पछि थप्ने गरी १३ सदस्यीय जिल्ला कमिटि निर्माण गरेको छ। धादिङबेसीमा सम्पन्न भेलाको अध्यक्षता विश्वासले गरेका थिए भने सञ्चालन अजयले गरेका थिए।

# क्रान्तिकारी माओवादी अर्घाखाँचीको सेक्रेटरीमा टकमान राउत

अर्घाखाँची। नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) अर्घाखाँचीको भेलाले टकमान राउतको नेतृत्वमा जिल्ला भेला आयोजक समिति निर्माण गरेको छ। भेलाले राउतको ९ सदस्यीय जिल्ला भेला आयोजक समिति निर्माण गरेको हो। हालै सम्पन्न भएको भेलामा पार्टीका पिविएम केशर गुरुङ, केसहरू धनेश्वर पोखरेल, जीवराज शर्मालगायतका नेताहरूको उपस्थिति रहेको थियो। भेला लगत्तै बसेको संगठन समितिको बैठकले भदौको तेस्रो हप्तामा जिल्ला भेला आयोजना गर्ने निर्णय गर्दै त्यसका लागि पार्टी सदस्यता नवीकरण, एरिया कमिटि र सेल कमिटिहरूको गठन पुनर्गठन कार्यलाई व्यापक बनाउने निर्णय गरेको छ।

# क्रान्तिकारी माओवादी रामेछापको सेक्रेटरीमा लाङ्घाली

रामेछाप। नेकपा (क्रान्तिकारी माओवादी) रामेछापको सम्पन्न जिल्ला भेलाले जिल्ला सेक्रेटरीमा लाङ्घालीलाई चयन गरेको छ। जिल्लाको गोकुलगंगा गाउँपालिका फर्पूमा सम्पन्न भएको भेलामा लाङ्घालीको नेतृत्वमा १५ सदस्यीय जिल्ला समिति निर्माण गरेको छ। पार्टी स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलको प्रमुख आतिथ्यतामा सम्पन्न भेलाले रामेछाप जिल्ला सेक्रेटरी लाङ्घालीको अध्यक्षता र देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका केन्द्रीय अध्यक्ष तथा पार्टी स्थायीसमिति सदस्य सी. पी. गजुरेलको प्रमुख आतिथ्यता रहेको थियो। भेलामा पार्टी केस तथा जिल्ला इन्चार्ज गगनलगायतका नेताहरूको उपस्थिति रहेको थियो।

# देजमो काठमाडौं ३ इलाकाको अध्यक्षमा गोपालदास श्रेष्ठ

काठमाडौं। देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल काठमाडौं जिल्ला इलाका नं. ३ को हालै सम्पन्न भेलाले गोपालदास श्रेष्ठलाई अध्यक्षमा चयन गरेको छ। भेलाले श्रेष्ठको अध्यक्षतामा १३ सदस्यीय इलाका कमिटि गठन गरेको छ। उक्त कमिटिको सचिवमा धनकुमार श्रेष्ठ र सदस्यहरूमा भागवत नरसिंह प्रधान, भक्तबहादुर सुनार, नीमबहादुर गुरुङ, उमेश श्रेष्ठ, जीतबहादुर देवकोटा, खड्ग श्रेष्ठ, सञ्जय शाही, रुस्तम ताम्राकार, रमेश महर्जन, रूपक श्रेष्ठ, सुजा श्रेष्ठ लगायत रहेका छन्।

देजमो काठमाडौंका अध्यक्ष खगेन्द्र छन्त्यालको प्रमुख आतिथ्यतामा सम्पन्न भेलालालाई अध्यक्ष छन्त्याल, देजमो काठमाडौंका कोषाध्यक्ष ढोगप्रसाद अधिकारी, बन्धुदेव पाण्डे लगायतले शुभकामना दिएका थिए। भेलाको सञ्चालन भागवत नरसिंह प्रधानले गरेका थिए।

## नेपाल...

क्रान्तिको विजयका लागि अन्तसम्म लड्ने छन्।

क्रान्तिकारीहरूले मनन् गर्नुपर्ने कुरा, क्रान्तिलाई साँचिकै र भित्र दिलैदेखि समर्थन गर्ने त्यो आम जनता, वास्तविक अर्थमा भन्नुपर्दा त्यो यस्तो सच्चा फलामे किल्ला हो, जसलाई संसारका कुनैपनि शक्तिले कुनै हालतमा पनि ध्वस्त पार्न सक्दैन। प्रतिक्रान्तिले पनि हामीलाई नष्ट पार्न सक्दैन, बरु हामीले प्रतिक्रान्तिलाई ध्वस्त पार्नेछौं। र देशका आम जनतालाई, क्रान्तिकारी जनवादी सरकार गठन गरी त्यसको वरिपरि एकत्रित पारेर र आफ्नो क्रान्तिकारी जनवादी युद्धको प्रसार गरेर हामीले सम्पूर्ण प्रतिक्रान्तिलाई मिटियामेट पार्नेछौं र देशव्यापी अधिकार जमाउने छौं।

मार्क्सवादी-लेनिनवादी-माओवादी पथप्रदर्शनमा अडिग रही वहाँहरूको दृढसंकल्प र कठोर अनुभवहरूलाई आत्मसात गरी, क्रान्तिकारी पथमा अग्रसर हामी क्रान्तिकारी युद्धका नेता तथा संगठनकर्ता र साथै आम जनताको जीवनका नेता र संगठनकर्ता पनि हौं। यस अर्थमा क्रान्तिकारी युद्धको संगठन गर्नु र आमजनताको जीवनमा सुधार ल्याउन हाम्रा दुइटा प्रमुख अभिभारा हुन्। यस सम्बन्धमा हामी गम्भीर हुनु जरुरी छ। किनभने हाम्रो सामने कार्य-तरिकाको गम्भीर समस्या विद्यमान छ। अभिभारा मात्र निर्धारित गर्ने, तर त्यसलाई सहि कार्य-तरिका नअपनाउने हो भने अभिभारा पुरा हुनुको उल्टो हाम्रो सामु अरु जटिलता थोपरिंदै जान्छ। यस सम्बन्धमा हामीले अत्यन्तै महत्वका साथ बुझ्नु पर्ने कुरो भनेको, नदी तर्ने हाम्रो काम हो भने हामी पुल वा डुङ्गा विना तर्न सक्दैनौं। पुल वा डुङ्गाको समस्या हल नगरिकन नदी तर्ने कुरो गर्नु व्यर्थ छ। त्यसै गरि कार्य-तरिकाको समस्या हल नगरिकन अभिभारा बारे चर्चा गर्नु निरर्थक छ। भन्नुको मतलब, यदि हामी अभिभारालाई निर्धारित मात्र गर्छौं र त्यसलाई पूरा गर्ने तरिकामा ध्यान दिँदैनौ भने अर्थात् हामी नोकरशाही कार्यतरिकालाई परित्याग गरेर धैर्यपूर्व सम्झाई-बुझाई जिम्मेवारीपूर्ण ढंगले कार्यमा संलग्न हुँदैनौ भने हामी कुनै पनि अभिभारालाई पूरा गर्न सक्दैनौं।

हामी अहिले एउटा महान शसस्त्र जनविद्रोहको तयारी अभियानमा छौं, हामीले शत्रुको ठूलो मात्राको हामीमाथि 'घेरा हाल्ने र नष्ट पार्ने क्रियाकलाप' लाई ध्वस्त पार्नु पर्छ र मुलुकव्यापी सबै भागहरूमा क्रान्तिको प्रसार गर्नु पर्छ। यो सबै क्रान्तिकारी नेता तथा कार्यकर्ताहरूमाथि ठूलो जिम्मेवारी रहेको छ। यतिखेर हामीले आफ्नो काममा सुधार ल्याउन प्रभावकारी उपायहरू अपनाउँदै देशव्यापी प्रत्येक इलाकाहरूलाई सम्मुनत बनाउनुको सँगै क्रान्तिमुखी बनाउनुपर्छ।

यतिखेर नेपालमा एक प्रकारको राजनीतिमा केही बदलाव भएको जस्तो देख्नमा आएको छ। तर यो कुनै आकस्मिक बदलाव र घटना होइन। हो त यो नेपाली कम्युनिष्ट आन्दोलनको इतिहासभित्र, दक्षिणपन्थी अवसरवाद र क्रान्तिकारी मार्क्सवादी दुई धारा बीचको संघर्षबाट, नेपाली भूमिका स्वाभिमानी आम नेपाली जनसमुदायमा परेको क्रान्तिकारी कम्युनिष्टको गहिरो प्रभावको विकसित स्थितिलाई धुमल्याउन, साम्राज्यवाद, विस्तारवाद, प्रतिक्रियावाद तथा घरेलु प्रतिक्रियावादीहरूको महाजालभित्र निर्माण गरिएको, यो समाजवादउन्मुख भनिएको नामधारी कम्युनिष्ट सरकार, वास्तवमा हो त उही पुरानो संसदीय प्रतिक्रियावादी सरकार हो। यसो किन गर्नु पर्‍यो त भन्दा विश्वव्यापीरूपमा संसदवाद पूर्णतया असफल र अफापसिद्ध भइसकेको छ। तसर्थ यसको विकल्पको रूपमा एकपन्थ दोकाज भन्ने जस्तो गरी, ती दुरासयजनहरूको दुरासयपूर्ण विषालु ख्वाव के हो त भने 'फलामले फलामलाई नै काट्छ' भन्ने भनाइलाई चरितार्थ गर्न ल्याइपुर्‍याएको यो नामधारी समाजवादउन्मुख कम्युनिष्ट वामपन्थी सरकार हो। जसको काँधमा बन्दुक राखेर नेपाली क्रान्ति र सच्चा कम्युनिष्टहरूलाई निमिट्यान्न पारी नेपाल र नेपालीलाई उही पुरानो विश्वमा अफापसिद्ध संसदीय व्यवस्थामा लड्काई नेपालीभूमिमा सदाबहार रजाई गरी बस्ने। वास्तवमा भन्नुपर्दा यो उनीहरूको दिवास्वप्न मात्र हो, किनभने यहाँ नेपालका स्वाभिमानी, न्यायप्रेमी, स्वतन्त्रकामी नेपालीहरू मरेका छैनन्, जिउँदै छन्।

'कहीं नभएको जात्रा हाँडिगाउँमा' भने जस्तै गरी, आफुलाई मार्क्सवादको बाक्लो पर्दाले ढाकेर आम जनसमुदायमा विभ्रम फिजाउन सिपालु, एमाले र माकेले पार्टी एकताको अर्को भ्रम जाल फिजाउन आइपुगेका छन्। तर, यो उनीहरूले भन्ने गरे जस्तो पार्टी एकता नभई, माके एमालेमा विलय हुन पुगेका मात्र हुन्। खासमा पार्टी एकता हुन त दुईपार्टी बीच सैद्धान्तिक मूल्य र मान्यता हाललाई पूर्ण रूपले नभए पनि साधारणतया कार्यनीति र कार्यदिशामा समान दृष्टिकोण हुन जरुरी हुन्छ। यहाँ त विगत कालमा यी दुई पार्टी विपरीत ध्रुवमा उभिआएका थिए। अर्थात् जनयुद्ध कालमा एमाले विरुद्ध नेकपा माओवादी कसरी लडेका थिए। नेकपा माओवादीले एमालेलाई प्रतिक्रियावादीकरण भएको भनी उद्घोषै गरेका थिए। यसैगरी पुष्पकमल दाहाल प्रचण्डले पनि व्यक्तिगत रूपमा त्यही भन्दै आएका थिए। हुन त प्रचण्डजीले २०६० सालमै '२१ सौं शताब्दीमा जनवादको विकास' शीर्षकको लेख प्रस्तुत गरी, ख्रुश्चोभकीय नवसंशोधनवादलाई घुमाउरो पाराले स्वीकार्दै मदन भण्डारीद्वारा प्रतिपादित 'जनताको बहुदलीय जनवाद' लाई अत्यन्तै चतुर्‍याईंपूर्ण ढङ्गले भित्रभित्रै आत्मियता जताउन पुगेका थिए। खासमा भन्ने हो भने प्रचण्डजीको काम कुरो नै यस्तै हो, अर्थात् जनयुद्धको क्रममा पनि उनले पुरानो संसदीय सरकारसँग बृहत् नाउँ गरेको शान्ति सम्झौता पनि यसरी नै एकतर्फी रूपमा सम्झौता गर्न पुगेका हुन्।

जनयुद्धकै क्रममा निर्माण गरिएको जनसत्ता (जन-सरकार), जन-आदालत, क्रान्तिकारी आधारइलाकादेखि साराका सारा जन-संरचनाहरू एकतर्फी रूपमा भङ्ग गरी, बृहत शान्ति-सम्झौताको नाउँमा आत्मसमर्पण गरी, विजय उन्मुख जनयुद्धलाई धरासायी पारेर देश र जनतामाथि गद्दारी गरी धोका दिन पुगेका थिए।

यहाँ पार्टी एकताको सन्दर्भमा कुरा गर्दा त्यो एमाले गद्दार र संशोधनवादी गुट हुनुको सँगै जनयुद्धको बेला सेना परिचालन गर्न, जनयुद्धका नेताहरूको टाउकाको मूल्य टोक्न सघाउने र उक्साउने, त्यसैगरी प्रतिकारमा उत्रन समेत तयार एमाले पार्टी आज एकाएक कसरी क्रान्तिकारी भयो ? एमालेहरू त बदलिएकै छैनन्। बदलियो को त भन्दा माओवादीबाट माके हुँदै एमालेमा पुग्यो माके। एमाले त जहाँको तहिं छ। माकेले माओवाद छोड्यो। अब आएर मार्क्सवाद-लेनिनवाद त्यो पनि नाउँ मात्रको निमित्त मानेको छ। जनयुद्ध र त्यसको मर्मबोधसम्म मात्र पनि छाडे अब। संसदीय व्यवस्था, प्रतिस्पर्धा, आवधिक निर्वाचनका कुरा त एमालेले पहिल्यैदेखि भन्दै र गर्दै आएका हुन्। यसरी हेर्दा यो पार्टी एकता त हुँदै होइन। यो त माके एमालेमा चुर्लुम्म डुब्न पुगेको (विलय् हुन पुगेको) हो भन्ने कुरामा कुनै शंका छैन।

अहिले देशको राजनीतिक परिस्थितिमा खास कुनै परिवर्तन भएको छैन। बदलिएको छ त रूप र नाममा मात्र, त्यो पनि सांकेतिक रूपमा परिवर्तन भए गरेको देखिन्छ। हामीले हेर्ने रूप र नामको कुरा मात्र हेर्ने होइन, हेर्ने त नीति र सारमा हेर्ने हो। नेपालको राजनैतिक वस्तुस्थिति आज पनि हिजोको जस्ताको तस्तै छ। त्यसमा कुनै फेरबल भएको छैन। देशको आवश्यकता र जनताको चाहना अनुरूप फेरबदल गर्नु हाम्रो दायित्व हो। यसो भनेर फेरि परिवर्तनको माला जपेर बस्दैमा परिवर्तन हुने कुरा होइन। त्यसको निमित्त सर्वप्रथम हामी आफुभित्र पनपनाइरहेको बुर्जुवा सोच र निम्न पुँजीपति प्रवृति बिरुद्ध संघर्ष गरेर, त्यसलाई पराजित गरी माथि उठ्न सक्नु पर्दछ। अनि मात्र हामीले चाहे जस्तो नयाँ जनवादी राज्य व्यवस्था कायम गर्न सक्छौं। देशमा अहिले पनि उहि पुरानो दलाल नोकरशाही पुँजीवादी तथा सामन्तवादीहरूको सुख सुविधा र सेवा सुधारका साथै उनीहरूकै शान्ति सुरक्षार्थ निर्माण गरिराखेको अर्ध-सामन्ती तथा अर्ध-औपनिवेशिक, नवऔपनिवेशिकीय प्रतिक्रियावादी राज्य-व्यवस्था यथावत कायम छ। जसलाई ध्वस्त नगरी नयाँ जनवादी राज्य-व्यवस्था कायम गर्ने कुराको कल्पनासम्म पनि गर्न सकिन्न। तसर्थ पनि ती गद्दार प्रचण्ड बाबुरामजस्ताहरूले गर्दा अधुरो रही रहेको नयाँ जनवादी क्रान्तिलाई टुंगोमा पुर्‍याउनु अपरिहार्य रहेको छ।

देशमा विभिन्न कालखण्डमा जनता आबद्ध भई गरेको जनयुद्ध, बिद्रोह र आन्दोलनहरूको आज एक मात्र उत्तराधिकारी स्वरूप बाँकी रहेको हाम्रो पार्टीले अत्यन्तै जिम्मेवारीपूर्ण ढंगले आफ्नो क्रान्तिकारी दायित्व पूरा गर्न, नेपालको राजनीतिक वस्तुस्थिति अनुरूप सशस्त्र जनविद्रोहको कार्य दिशा निर्माण गरी जुझारु ढंगले देशव्यापी क्रान्तिकारी युद्धको तयारीमा जुट्नुले ती धोकेबाज, गद्दार संसदवादी राजनीतिक नेताहरूले देश र जनतालाई धोका दिंदै आउनु, यसैगरी जनयुद्धका प्रमुख नेतृत्व गद्दार प्रचण्ड लगायत अन्य दक्षिणपन्थी अबसरवादी नेता तथा कार्यकर्ताहरूद्धारा जनयुद्धमाथि गद्दारी गरी देश र जनतालाई धोका दिन पुग्नुको कारण, जुन जोगी आएपनि कानै चिरेका 'बाबा' भनी निराशिएर थान्को लाइ बसेका आम जनसमुदायमा सुस्त सुस्तरी क्रान्तिको आशा जाग्न थालेको देख्नमा आउन थालेको छ। जागरुक जनसमुदायलाई फेरि सुस्ताउन दिनु हुन्न, यिनलाई आजको आवश्यकताअनुरूप जुझारु ढंगले क्रान्तिकारी युद्धमा लामबद्ध पार्न सक्रियता अपनाउन नितान्त जरुरी छ। यसरी सक्रियता अपनाउनु क्रान्तिकारीहरूको दायित्व नै हो र समयको माग पनि हो।

२०७५/०२/२६

*ताहाचल, काठमाण्डौ।*






प्रकाशक : रामसिंह बुढाथोकी, प्रबन्ध निर्देशक : बद्री बजगाईं, सम्पादक : इन्द्रबहादुर राउत, सहसम्पादक : सचिरनन्द महर्जन, फोटो: जय दाहाल, कार्यालय : बुद्धनगर, काठमाडौं, सम्पर्क नं. : ०१-४७८५७६३/९८५११३४८३०, इमेल : bargadristi073@gmail.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं।